




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)









# अदालतप्रति घृणा फैलाएको छैन : डा. केसी

## आज फैसला हुने



प्रशान्त वली, काठमाडौं

सर्वोच्च अदालतले बहसका लागि डा. गोविन्द केसीलाई बुधबार बोलाएको छ।

डा. केसीले मंगलबार लिखितरूपमा बयान दिनुभए पनि बहस हुन नसकेपछि उहाँलाई हिरासतमै राखी बुधबारदेखि बहसका लागि बोलाइएको हो। अदालत स्रोतका अनुसार अवहेलनासम्बन्धी मुद्दामा सर्वोच्चले मंगलबार डा. केसीलाई १४ प्रश्नको जवाफ सोधेको थियो। त्यस क्रममा उहाँले व्यक्तिको गलत प्रवृत्तिको विरोध गरे पनि अदालतलाई घृणा हुने अभिव्यक्ति नदिएको दाबी गर्नुभएको थियो।

डा. केसीले बयानका क्रममा आफूले नभई प्रधानन्यायाधीश गोपाल पराजुलीले नै अदालतको अवहेलना गरेको भन्दै दुई ठाउँबाट नागरिकता लिएको, उमेर सच्याएको, एसएलसी पासबारे विवाद भएकोलगायतका ११ बुँदे आरोप लगाई छानविन गर्न माग गर्नुभएको थियो। उहाँविरुद्ध परेको अवहेलनासम्बन्धी मुद्दाको सुनुवाइका लागि मंगलबार सर्वोच्चका न्यायाधीद्वय ओमप्रकाश मिश्र र केदारप्रसाद चालिसेको इजलासमा पेसी तोकिएको थियो।

बुधबार हुने बहसमा केसीको पक्षमा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी, दिनेश त्रिपाठी, सुरेन्द्र भण्डारी, ओमप्रकाश अर्याल, बाबुराम गिरीलगायत र विपक्षमा पूर्वमहान्यायाधिवक्ता रमणकुमार श्रेष्ठ, अधिवक्ता उपेन्द्रकेशरी न्यौपाने, श्याम खरेल, लक्ष्मण थपलिया र दीपक विष्टले बहस गर्नुहुनेछ।

सर्वोच्च अदालतका न्यायाधीश डम्बरबहादुर शाहीको एकल इजलासले डा. केसीलाई गृह मन्त्रालयमार्फत अदालतमा उपस्थित गराउन सोमबार आदेश दिएपछि उहाँलाई सोमबारै पक्राउ गरी सिंहदरबार प्रहरी वृत्तमा राखिएको थियो।

सर्वोच्चका प्रवक्ता नारायण पन्थीका अनुसार बयानपछि सिंहदरबार वृत्त लैजाने क्रममा डा. केसीले छाती दुखेको बताएपछि उहाँलाई वीर अस्पताल लगिएको छ। उक्त इजलासले डा. केसीको स्वास्थ्यको पनि ख्याल गर्न आदेश दिएको छ। सर्वोच्च अदालतले प्राडा शशी शर्मालाई त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानको डिनमा पुनर्बहाली गर्न आदेश दिएपछि डा. केसी असन्तुष्ट हुनुहुन्छ।

# एकताको निर्णय अध्यक्ष ओली फर्केपछि

नेपाल समाचारपत्र

काठमाडौं

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच कार्यदल गठन गरेरै पार्टी एकता प्रक्रिया अगाडि बढाउने सहमति भएको छ। एकता समायोजक समितिको मंगलबार बसेको बैठकले पार्टी एकता नै अहिलेको एकमात्र विकल्प भएको निष्कर्ष निकाल्दै एकीकरणको सैद्धान्तिक, वैचारिक, संगठनात्मकलगायतका विषय पार लगाउन कार्यदलै गठन गरी गृहकार्य थाल्ने सहमति गरेको हो।

सो समितिको बैठक बस्नुअघि एमाले र माओवादी केन्द्रले आ-आफ्नो पार्टीमा आन्तरिक छलफल गरी एकताको मोडालिटीबारे पनि बहस गरेका थिए। केन्द्रेखि जिल्लासम्म पार्टी एकताको सकारात्मक सन्देश प्रवाह भएको निष्कर्ष निकाल्दै उक्त बैठकमा दुवै दलका नेताबीच पद बाँडफाँडलाई प्रतिष्ठाको विषय नबनाई सम्मानजनक ढंगले



‘एकता भएरै छाड्छ’

एकता गर्नुपर्ने विषयमा मोटामोटी सहमति भएको छ। मंगलबारको बैठकमा एकताका लागि वैचारिक र सांगठानिक कार्यदल गठन गर्ने कार्यसूची रहे पनि टुंगो लाग्न नसकेकाले थप गृहकार्य गरी अर्को बैठकमा सो कार्यदल गठनको घोषणा गर्ने समझदारी भएको छ।

यसै बैठकले माघ २४ मा हुने राष्ट्रियसभा निर्वाचन र प्रदेशसभा गठन तथा प्रदेश सरकार निर्माणका लागि समेत कार्यदल बनाएको छ। जुन कार्यदलमा एमाले नेता सुवास नेम्वाङ, शंकर पोखरेल र सुरेन्द्र पाण्डे तथा माओवादी केन्द्रबाट रामबहादुर थापा ‘बादल’, वर्षमान पुन र मातृका यादव रहनुभएको छ।

बैठकपछि पत्रकारसँग कुरा गर्ने क्रममा एमालेका उपाध्यक्ष वामदेव गौतमले एकतामा कुनै शंका नगर्न आग्रह गर्नुभयो। बैठकमा अत्यन्तै गम्भीरताका साथ छलफल भएको र यसबारे कुनै विवाद नरहेको दाबी गर्दै उहाँले भन्नुभयो- ‘एकताबारे कुनै प्रश्नै नगर्नुस्, नकारात्मक ढंगले सोच्न आवश्यकता पनि छैन, एकता हुन्छ हुन्छ।’

एमालेका अध्यक्ष केपी शर्मा ओली ७ दिनपछि बैंककबाट फर्केलगत्तै सो समितिको बैठक बसी एकताबारे अझ विस्तृत र निर्णायक छलफल हुने बताइएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## सडकमा तार भूमिगत योजना

# सम्झौताको प्रतीक्षामा प्राधिकरण

मनोज रेग्मी, काठमाडौं

नेपाल विद्युत् प्राधिकरणले उपत्यकाका विद्युत् प्रसारणका तार जमिनमुनि बिछ्याउने (भूमिगत गर्ने) कार्य तीव्र बनाएको पाइएको छ।

यस योजनाका सबै कार्यलाई अगाडि बढाउँदै सन् २०१८ मार्च अर्थात् अबको तीन महिनाभित्र ठेक्का सम्झौताको काम सक्ने योजना बनाएको विद्युत् प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार यस योजना एसियाली विकास बैंक (एडीबी)को ऋण सहयोगमा सम्पन्न गर्न लागिएको हो। अबको १५ देखि २० दिनभित्र एडीबीसँग आधिकारिक सम्झौता हुनेछ।

सुरक्षित र प्रभावकारी विद्युत् प्रसारण तथा ओभर हेड वितरण प्रणालीले शहर कुरूप र असुरक्षित बन्दै गएपछि प्राधिकरणले प्रसारण तारलाई भूमिगत गर्ने योजना ल्याएको हो।

अहिलेको विद्युत् प्रणाली क्षमता अभिवृद्धि गर्नसमेत विद्युत् प्रसारण तारलाई भूमिगत गर्ने योजना ल्याइएको हो। अहिलेको विद्युत् आपूर्ति मागलाई तत्कालको ओभर हेड विद्युत् प्रसारण प्रणालीले थेग्न नसक्ने भएकाले तारहरूलाई भूमिगत गर्नुको कुनै विकल्प नरहेको अधिकारीले बताउनुभयो।

## स्मार्ट मिटर राख्ने तयारी

विद्युत् प्रसारणका तारहरूलाई भूमिगत गर्ने कार्य विभिन्न चरणमा सम्पन्न गरिने भएको छ। पहिलो चरणमा रत्नपार्कदेखि महाराजगन्ज वितरण केन्द्रबाट प्रसारण हुने तारलाई भूमिगत गरिनेछ।

पहिलो चरणमा देखिएको सफलता र अनुभवको मूल्यांकनको आधारमा उपत्यकाका अन्य क्षेत्रका तारहरूलाई भूमिगत गरिनेछ।

(क्रमशः पृष्ठ ९ मा)

# स्थानीय राजपत्र प्रकाशन गर्दै महानगरपालिका

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकाले स्थानीय राजपत्र प्रकाशन कार्यविधि स्वीकृत गरेको छ। नगरकार्यपालिकाको सोमबारको नगरसभाले कार्यविधि पारित गरेको छ।

कार्यविधि पारित गरेसँगै कामपाले केही दिनभित्र स्थानीय राजपत्र प्रकाशित गर्ने भएको छ। कामपाले कार्यविधि प्रकाशित गर्ने विषय र राजपत्रको नमुना तयार गरिसकेको छ। राजपत्रमा ३ भागको हुनेछ। पहिलो राजपत्रको नाम कामपा स्थानीय प्रकाशन कार्यविधि हुनेछ भने पहिलो अंक प्रकाशित गरेपछि यसको नाम स्थानीय राजपत्र हुनेछ। राजपत्रको पहिलो भागमा नगरसभाबाट पारित भएका ऐन बजेट, नीति तथा नियमावली, मापदण्ड कार्यविधि समावेश गरिने भएको छ।

स्थानीय राजपत्रमा त्यस्तै प्रकृतिका अन्य दस्तावेजहरू तथा नगर कार्यपालिकाबाट स्वीकृत नियमावली, कार्यविधि, निर्देशिका मापदण्ड एवम् अन्य नीतिगत प्रबन्ध र निर्णयहरू समावेश गरिनेछ। भाग २ मा कार्यालयका महत्त्वपूर्ण सूचना, विज्ञप्ति र अधिकार प्रत्यायोजनसम्बन्धी विषयहरू लेखिएको हुनेछ।

(क्रमशः पृष्ठ ९ मा)






# निर्वाचनका लागि १० दल दर्ता

काठमाडौं, (नेस)

राष्ट्रियसभा निर्वाचनका लागि निर्वाचन आयोगमा १० वटा राजनीतिक दलले दल दर्ता गरेका छन्। आउँदो माघ २४ गते हुने निर्वाचनका १० वटा राजनीतिक दलले दर्ता गरेको आयोगका प्रवक्ता नवराज ढकालले जानकारी दिनुभयो। आयोगमा नेकपा एमाले र नेकपा माओवादी केन्द्रसहित मधेसवादी दलले पनि अझै दल दर्ता गराएका छैनन्।

उहाँका अनुसार नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, नेपाल संघीय समाजवादी पार्टी, नेपाल मजदुर किसान पार्टी, बहुजन शक्ति पार्टी, नेपाल परिवार दल, नेपाल नौलो जनवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातन्त्रवादी), विवेकशील साझा पार्टी र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले दल दर्ता गरेका छन्। आयोगले यही पुस १४ देखि २८ गतेसम्म राष्ट्रियसभाको निर्वाचनका लागि राजनीतिक दललाई दल दर्ताको समय दिएको हो।

# प्रदेश प्रमुख नियुक्तिको प्रयास

सुनील महर्जन, काठमाडौं

प्रदेश प्रमुख नियुक्तिमा भइरहेको ढिलाइको सीधा असर प्रदेशसभाको समानुपातिकतर्फको परिणाम सार्वजनिक गर्ने प्रक्रियामा परेको छ।

प्रदेश प्रमुख नियुक्ति नहुँदा निर्वाचन आयोगले प्रदेशसभाको समानुपातिकतर्फको परिणाम सार्वजनिक गर्न सकेको छैन। प्रदेशसभाको समानुपातिकतर्फ निर्वाचित हुने उम्मेदवारहरूको नाम सार्वजनिक गर्ने सबै प्रक्रिया पूरा भइसकेको आयोगले जनाएको छ।

राजनीतिक दलहरूले बुझाएको समानुपातिकतर्फ उम्मेदवारहरूको सूचीमा भएको त्रुटि सच्याएर सार्वजनिक गर्न तयारी अवस्थामा राखेको छ। प्रदेशसभाको समानुपातिकतर्फ १३ वटा दलले नाम बुझाएका थिए। ‘प्रदेश प्रमुख नहुँदा परिणाम सार्वजनिक गर्न सकिएको छैन।’ -प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले *नेपाल समाचारपत्र*सँग भन्नुभयो।

प्रदेशसभा निर्वाचन ऐनको तर्फ ६० (८) ले समानुपातिक प्रणालीबमोजिम निर्वाचित भएको उम्मेदवारको नाम आयोगले प्रदेश प्रमुखसमक्ष पठाई सो नामावली नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ।

ऐनको उक्त दफाले प्रदेशसभाको समानुपातिक परिणामलाई अन्तिमरूप दिन आयोगलाई समस्या आएको बताइएको छ। प्रदेश प्रमुख नहुँदा प्रत्यक्ष निर्वाचित प्रदेशसभाका सदस्यहरूको पनि शपथ ग्रहण नै हुने नसक्ने अवस्था छ।

प्रमुख निर्वाचन आयुक्त डा. यादवसहित आयुक्तहरूले प्रधानमन्त्री शेरबहादुर देउवालाई पटकपटक भेटेर प्रदेश प्रमुख नियुक्ति गर्न ध्यानाकर्षण गर्दै आएको छ। आयुक्तहरूले पछिल्लो साता राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पनि सो विषयमा ध्यानाकर्षण गराएका थिए। ‘आयोगलाई प्रदेशसभाको समानुपातिकतर्फको परिणाम पनि चाँडै सार्वजनिक गर्न दबाब दिने, अर्कोतिर प्रदेश प्रमुख नियुक्ति नहुने अवस्था छ। निर्वाचितको नाम घोषणा गरेर कसलाई बुझाउने?’ -प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो।

प्रत्येक प्रदेशमा केन्द्रीय सरकारको प्रतिनिधिका रूपमा प्रदेश प्रमुख रहने संवैधानिक प्रावधान रहेको छ। प्रदेश प्रमुखले प्रदेशसभा सदस्यलाई शपथ दिलाउनेलगायतका काम गर्ने पनि संवैधानिक व्यवस्था छ। अघि नै गरिसक्नुपर्ने प्रदेश प्रमुखको नियुक्तिमा भएको ढिलाइले सात प्रदेशका सदस्यलाई शपथ दिलाउनेलगायतका प्रदेशसभा गठनलगायत राष्ट्रियसभाको निर्वाचनमा परेको छ। प्रदेशसभाका सदस्य राष्ट्रिय सभाको निर्वाचनमा मतदाता पनि हुन्।

दलहरूबीच सहमतिको प्रयास विफल भएका कारण प्रदेश प्रमुखहरूको नियुक्तिमा ढिलाइ भएको सरकारले बताउँदै आएको छ। राजनीतिक दलहरूबीचको सहमतिमा प्रदेश प्रमुख नियुक्ति गर्ने प्रयास सरकारले जारी राखेको प्रधानमन्त्री शेरबहादुर देउवाका प्रेस सल्लाहकार गोविन्द परियारले जानकारी दिनुभयो।

# महानगर

2018, JAN
Wednesday
10

> ठेक्का लिँदा समयसीमाभित्र सम्पन्न गर्नुपर्ने भए पनि विशेष कारण देखाएर छ महिनासम्म ठेक्काको अवधि थप्ने प्रावधान रहेको छ। जसको फाइदा ठेकेदार कम्पनीहरूले उठाउँदै आएका छन्।

# सडक निर्माणमा ठेकेदारको मनोमानी

**मधुसूदन रायमाझी, काठमाडौं**

राजधानी काठमाडौंमा निर्माणाधीन अधिकांश सडक ठेकेदारको लापरवाही र ढिलासुस्तीका कारण निर्माणमा ढिलाई हुँदै आएको छ। सडक निर्माणको जिम्मेवारी पाएर पनि समयमा नै काम शुरू नगर्ने परम्पराका कारण ठेक्का अवधि गुजार्दै म्याद थप्ने प्रवृत्ति बढ्दै गएको छ। काठमाडौं उपत्यकामा सडक निर्माण र विस्तारका कारण दैनिकरूपमा सर्वसाधारण र यात्रुले धुलोका कारण सास्ती खेप्दै आएका छन्। सडक निर्माणका क्रममा सरकारी अनुगमन प्रभावकारी नहुँदा निर्माणको जिम्मेवारी लिएका निर्माण व्यवसायीले बहानाबाजी बनाउँदै काम समयमा सम्पन्न गर्नतिर भन्दा पनि ठेक्काको म्याद थप्नतिर बढी ध्यान दिने गरेका छन्।

डिभिजन सडक कार्यालय काठमाडौंले त्रिपुरेश्वरदेखि बूढानीलकण्ठसम्मको सडक निर्माण र विस्तारमा काम गर्दै आएको छ। तर समयमा सडक निर्माण नहुँदा स्थानीयले सास्ती र हैरानी खेप्दै आएका छन्। 'महाकाल-तीनचुले सडक विस्तार कार्य शुरू भएको लामो समय बितिसक्दा समेत सडक अझै कालोपत्रे हुन सकेको छैन', स्थानीय फुर्बु शेर्पाले भन्नुभयो- 'सरकार सडक भत्काउन मात्र हतार गर्छ बनाउन चासो नै देखाउँदैन।' ठेकेदार कम्पनीले काम अगाडि बढाए पनि तीव्रताका साथ अगाडि बढाउने खासै चासो नेखाएकोप्रति गुनासो गर्दै उहाँले थप्नुभयो- 'वर्षा लाग्यो हिलोले हैरान, हिउँद लाग्यो धुलोको सास्ती, विरोध गऱ्यो एक कानले सुनेर अर्को कानले उठाउने चलन छ।'



सडक निर्माणमा राम्रो बहानाबाजी गर्ने विषय बनेको मेलम्ची खानेपानी पाइप विस्तार आयोजना। अहिले अधिकांश स्थानमा खानेपानीको पाइपलाइन विस्तार भएको छ। खानेपानीको पाइपलाइन विस्तार नभएका क्षेत्रमा पनि ठेकेदार कम्पनीले काम अगाडि बढाउन खासै चासो देखाएका छैनन्।

डिभिजन सडक कार्यालय काठमाडौं-१ बाट मात्रै झण्डै ८४ वटा सडक विस्तारको योजना सञ्चालनमा छन्। तीमध्ये थोरै मात्र सम्पन्न भएका छन् भने अधिकांश सडक निर्माणले ठेकेदारको ढिलासुस्तीका कारण गति लिन सकेका छैनन्। समयमा नै सडक निर्माणका लागि स्थानीयले पटक-पटक कार्यालयमा आएर धर्ना दिने ध्यानाकर्षण गराउँदा पनि कामले गति लिन नसकेकोप्रति सडक विस्तार भएका क्षेत्रका बासिन्दा आक्रोशित छन्। सरकारी बेवास्ता, निर्माण व्यवसायीको मनोमानी, सरोकारवाला निकायबीच समन्वयको अभावलगायतका कारणले सडक निर्माण कार्यमा ढिलासुस्ती हुँदै आएको छ।

काठमाडौंमा निर्माण गरिने सडकको जिम्मेवारी पनि बाँडफाँड गरिएको छ। ८ मिटरभन्दा तलको सडकको निर्माण नगरपालिकाले गर्छ। त्यसै गरी १० मिटरदेखि १४ मिटरको सडक सडक डिभिजन कार्यालय र त्यसभन्दा माथिको सडक उपत्यका सडक विस्तार आयोजनाले गर्दै आएको छ। ८४ वटा सडकमध्ये हाल ५० वटा सडक निर्माणाधीन अवस्थामा रहेको सडक डिभिजन कार्यालय काठमाडौं-१ का सूचना अधिकारी सुशीलराज भण्डारी बताउनुहुन्छ। उहाँले भन्नुभयो- 'लक्षित समयभित्र नै सडक निर्माणको काम सम्पन्न गर्ने हाम्रो लक्ष्य हो, तर सोचेजस्तो गरी काम हुन सकेको छैन।' सडक निर्माणका लागि ठेक्का पार्न जसरी प्रतिस्पर्धा हुन्छ। निर्माण गर्नको लागि ठेकेदार कम्पनीहरूले त्यसरी नै ढिलासुस्ती र अलमल गर्दै आएका छन्।

किन समयमा नै काम हुन सक्दैन? भन्ने नेपाल समाचारपत्रको जिज्ञाशामा सूचना अधिकारी भण्डारी भन्नुहुन्छ- 'निर्माण व्यवसायीले समयमा नै निर्माण सामग्री नपाएको र खानी बन्द हुँदा महँगो हुने कारणले अपेक्षा गरेकोजस्तो गरी काम अगाडि बढ्न सकेको छैन।' ठेक्का लिँदा समयसीमाभित्र सम्पन्न गर्नुपर्ने भए पनि विशेष कारण देखाएर छ महिनासम्म ठेक्काको अवधि थप्ने प्रावधान रहेको छ। जसको फाइदा ठेकेदार कम्पनीहरूले उठाउँदै आएका छन्। समयभित्र नै काम सन्पन्न गरे सरकारले त्यस्ता ठेकेदार कम्पनीलाई पुरस्कार पनि दिने व्यवस्था गरेको छ। तर डिभिजन कार्यालयबाट अहिलेसम्म एक जनाले पनि समयमा नै काम गरेर पुरस्कार नलिएको सूचना अधिकारी भण्डारीले बताउनुभयो।

सरकारी निकायबीच नै समन्वय नहुँदा झन् जटिलता थपिएको छ। सडक विस्तारका क्रममा नेपाल विद्युत् प्राधिकरण र नेपाल टेलिकमले समयमा पोल नसारिदिँदा पनि समस्या आउने गरेको बताउँदै भण्डारीले ढल र खानेपानीको पाइप विस्तारको कामले समेत जटिलता थपिएको बताउनुहुन्छ। खानेपानीको पाइप लिक हुँदा पनि सडक निर्माण गर्न कठिनाइ थपिएको बताउँदै सूचना अधिकारी भण्डारीले सडकको गुणस्तरीयता कायम गराउन आफूहरू रातदिन नभनी लागेको बताउनुहुन्छ।

सूचना आम पाठकको अधिकार
सेवामूलक व्यवसाय हाम्रो आधार
रू. २५०० मा
२ वर्ष
नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका

Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052), Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172), Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.



# गोल्डेन ग्लोब अवार्डमा यौन शोषणविरुद्ध एकता

अमेरिकाको क्यालिफोर्नियास्थित ब्रेवरी हिल्समा सम्पन्न ७५औं *गोल्डेन ग्लोब अवार्डस्*मा हलिउडको यौन शोषण स्क्यान्डलले स्थान पाएको छ। हलिउडमा लगातार यौन स्क्यान्डल उजागर भएपछिको पहिलो र ठूलो अवार्ड समारोहमा यौन शोषणविरुद्ध संसारभर चलिरहेको अभियानमा एकता देखाउँदै अधिकांश हलिउड स्टारहरू कालो कपडामा देखिए।

रेड कार्पेटमा कालो कपडा पहिरिएका हस्तीहरू निकै आकर्षक देखिएका थिए भने उनीहरूले यौन शोषणविरुद्ध शक्तिशाली सन्देश दिएका थिए। यसपटक *गोल्डेन ग्लोब लाइफटाइम अचिभमेन्ट अवार्ड*बाट अमेरिकन मिडिया प्रोपाइटर ओपरा विनफ्रेलाई सम्मानित गरियो। *गोल्डेन ग्लोब लाइफ टाइम अचिभमेन्ट अवार्ड* हुने उनी पहिलो अश्वेत महिला हुन्।

समारोहको शुरुआत गर्दै कमेडियन होस्ट सेथ मेयर्सले फिल्म तथा टेलिभिजन हस्तीहरूलाई भने- 'महिला तथा पुरुष सज्जनहरूलाई म स्वागत गर्न चाहन्छु। २०१८ मा यौन उत्पीडनका लागि कुनै ठाउँ छैन।' समारोहमा अभिनेतृ किडम्यानलाई घरेलु हिंसा पीडितको भूमिका निर्वाह गरेकोमा अवार्ड दिइएको थियो।

कार्यक्रममा *मोसन पिक्चर ड्रामा*तर्फ थ्री बिलबर्डस आउटसाइड एविङ *सर्वोत्कृष्ट फिल्म* सावित भएको छ भने यसै फिल्मबाट फ्रान्सेस म्याकडोरमन्डले *अभिनेतृ*, सैम रकवेलले *सहअभिनेता* तथा मार्टिन म्याक्डानगले *पटकथा*को अवार्ड उचालेका थिए। *डार्केस्ट आवर*बाट गेरी ओल्डम्यान *सर्वोत्कृष्ट अभिनेता* सावित भए भने फिल्म द *सेप अफ वाटर*बाट गुलिर्मो डेल टोरोले *निर्देशक*को, आई टोन्याबाट एलिसन जेनीले *सहअभिनेतृ*को अवार्ड चुमेकी छिन्। त्यसै गरी *एनिमेटेड फिल्म*को अवार्ड फिल्म कोकोले पाएको छ भने द ग्रेटेस्ट शो म्यानको *दिस इज मि* बोलको गीतले *ओरिजिनल संग*को अवार्ड पाएको छ। *म्युजिकल कमेडी टिभी सिरिज*तर्फको अवार्ड लेडी बर्डले पाएकोमा यसैबाट साओइर्स रोननले *अभिनेतृ*को अवार्ड पाएकी छिन्। *मास्टर अफ नन*बाट अजिज अन्सारी र द डिजास्टर आर्टिस्टबाट जेम्स फ्रेकोले *अभिनेता*को अवार्ड पाएका छन्। *कमेडी टिभी सिरिज*तर्फ द *मार्वलस मिसेस माइलेस* विजेता भयो भने यसै सिरिजबाट रेचल ब्रासनाहनले *अभिनेतृ*को अवार्ड उचालिन्।

*उत्कृष्ट टेलिभिजन सिरिज*तर्फ द *ह्यान्ड मेड टेल*ले अवार्ड पाएको समारोहमा यसै ड्रामाबाट एलिजाबेथ मासले *अभिनेतृ*को अवार्ड पाएकी छिन्। स्टर्लिङ के ब्राउनले भने *दिस इज अस*बाट *अभिनेता*को अवार्ड पाएका छन्। *लिमिटेड टेलिभिजन सिरिज* तथा *टेलिभिजन फिल्म*तर्फ *बिग लिटल लाइज सर्वोत्कृष्ट फिल्म* बन्यो भने यसै फिल्मबाट *अभिनेतृ*को अवार्ड निकोल किडम्यान र सहअभिनेतृको अवार्ड लारा डर्नले पाएकी छिन्। अभिनेताको अवार्ड भने फिल्म *फार्गो*बाट इवान म्याक ग्रेगरले पाएका छन्। त्यस्तै *विदेशी भाषाको फिल्म*को अवार्ड फेद अकिनले निर्देशन गरेको जर्मनी फिल्म *इन* द *फेड*ले पाएको छ। हलिउडको मुख्य र ताजा विषय यौन शोषणलाई फोकस गरिएको समारोहमा मनोरञ्जन जगत्मात्र नभई सारा दुनियाँका महिलाको बदलावका लागि केन्द्रित मि टु तथा *टाइम्स अप अभियान*लाई हस्तीहरूले समर्थन गरेका थिए। *गोल्डेन ग्लोब अवार्ड*लाई *अस्कार*सम्म पुग्नका लागि महत्त्वपूर्ण खुड्किलोका रूपमा लिइन्छ।

# आना र रसीलाई उपाधि



तस्वीर : सुदीप पोखरेल

स्टार वन इन्टरटेनमेन्ट प्रालिले सोमबार राति राजधानीमा एकै मञ्चमा विवाहित र अविवाहित महिलाबीच आयोजना गरेको २ सौन्दर्य प्रतियोगितामा आना आचार्य *मिसेस नेपाल टुरिजम* र रसी सुवेदीले *मिस टिन टुरिज्म २०१८* को ताज चुमेका छन्। जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न *मिसेस नेपाल टुरिजम २०१८* मा नयाँ बानेश्वरकी आना आचार्य *मिसेस नेपाल टुरिजम*का साथमा *बेस्ट स्किन* उपाधि विजेतासमेत भएकी छिन्। उनी काठमाडौं मेडिकल कलेजकी डक्टर तथा फार्माकोलोजीको लेक्चरर हुन्।

त्यसै गरी रेडियो नेपालकी सञ्चारकर्मी तीनथाना निवासी सन्तु श्रेष्ठ *फस्ट रनर्सअप* र बेस्ट पर्फमर, कुसुन्तिकी अनिका दाहाल *सेकेन्ड रनर्सअप* र *बेस्ट स्पिच* तथा छाउनी अस्पतालकी चिकित्सक रहेकी सामाखुसीकी राधिका सापकोटा *थर्ड रनर्सअप* र *मस्ट ट्यालेन्ट* भएका छन्। प्रतियोगितामा तिलक्ष्मी भण्डारी *मस्ट पपुलर* र *भ्युवर्स च्वाइस*, रेसु श्रेष्ठ *मिसेस क्याटवाक* र *फेसबुक च्वाइस*, बबिता थापा *गजुरेल बेस्ट हेयर*, मनीषा अधिकारी *मस्ट फोटोजेनिक*, माया बुढा *बेस्ट स्माइल*, स्विटी मानन्धर *बेस्ट पर्सनालिटी*, अञ्जली श्रेष्ठ *बेस्ट फिजिक*, पवित्रा आले मगर मिसेस कन्जिनियालिटी, लालमति थापा मगर *मस्ट डिस्पिलिन*, मोबिना घिमिरे *ब्युटी विथ पर्पस*, प्रतीमा केसी *मस्ट चार्मिङ*, प्रतीमा गच्छदार *बेस्ट डान्स*, सिम्रन सिलवाल *सोसियल्ली रेस्पोनसिवल*, बिन्दु श्रेष्ठ *मस्ट एक्टिभ*, मञ्जु अवाले कर्ण *मस्ट आइकोनिक आइज*, शिवानी साह बिस्ट *बेस्ट आर्टवर्क*, जस्मिन खनाल *बेस्ट फिटनेस*, गीता खनाल *मिसेस ब्युटिफुल*, रश्मी शाक्य *मस्ट क्रियटिभ*, बबुना पखाली *मस्ट इन्टेलेक्चुअल*, अञ्जना श्रेष्ठ *मस्ट डिजर्भिङ*, सरिता गौतम *म्यानेजमेन्ट च्वाइस*, चोक माया गुरुङ *बेस्ट सिंगर*, सम्झना श्रेष्ठ रावत *मिसेस बब्ली फेस*, प्रतीमा श्रेष्ठ *मस्ट डाइनामिक*, सुशीला बुढाथोकी *मस्ट फ्रेन्डली* र सविना दुलाल लामिछाने *ब्युटी विथ रेस्पोनसिबिलिटी*को विजेता भएका छन्।

*मिस टिन टुरिज्म २०१८* तर्फ रसी सुवेदी *मिस क्याटवाक* र *ब्युटी विथ प्रपोज*का साथमा मुख्य उपाधि विजेता भएकी छिन् भने सूर्यविनायककी सम्विदा ओझा फस्ट, बालाजुकी रमिना बिस्ट *सेकेन्ड*, बालुवाटारकी प्रशंसा पौडेल *थर्ड रनर्सअप* र बेस्ट स्किन चुनिएका छन्। प्रतियोगितामा पूजा गुरुङ *मस्ट पपुलर*, प्रन्याहा जोशी *बेस्ट हेयर*, श्वेता थापा *मस्ट फोटोजेनिक*, रबिना विष्ट *बेस्ट स्माइल*, एलिसा राई *बेस्ट फेसन आइकन*, आस्मा खड्का *बेस्ट फर्सनालिटी*, शिला कोजु *बेस्ट फिजिक*, अन्जिता छन्त्याल *फेसबुक च्वाइस* र *बेस्ट स्पिच*, सुगन्धा चौधरी *मिस कन्जिनियालिटी*, प्रिया महर्जन *मस्ट डिसिप्लेन*, सम्विदा ओझा *मस्ट चार्मिङ*, पूजा गुरुङ *मिस ट्यालेन्ट*, सुमिगा लामिछाने *बेस्ट डान्स*, मेघना महर्जन *सोसियल्ली रेसपोन्सिबल*, सञ्चिता भट्टराई *मस्ट एकटिभ* र रिया हरिजन *मस्ट आइकनिक आइज* भए। अश्विनी झाको सञ्चालन र कोरियोग्राफीमा भएको कार्यक्रममा पूर्व*मिस नेपाल* उषा खड्गी, गायक आनन्द कार्की, अभिनेता तथा निर्देशक रमेश बुढाथोकी, अभिनेता गजित बिस्ट, समाजसेवी वसन्त कुँवर, नेपाल आयल निगमका पूर्वनिर्देशक सीताराम पोखरेल तथा शिक्षक एवं संगीतकार सरोज प्याकुरेल निर्णायक रहेका थिए।



# विपाशाको खुसीदेखि असफल प्रेमसम्म

बलिउड नायिका विपाशा वासुले आइतबार आफ्नो ३९औं जन्मदिन मनाइन्। सन् १९७९ मा दिल्लीमा एक बंगाली परिवारमा जन्मेकी उनले आफ्नो पति तथा नायक करण सिंह ग्रोवरकासाथ मिलेर केक काटिन्। आफ्नो बर्थडे सेलिब्रेसनको केही फोटो तथा भिडियो उनले सामाजिक सञ्जालमा साझा गरेकी छिन्।

तर, एक समय यस्तो थियो कि उनी करण होइन नायक जोन अब्राहमसँग प्रेममा थिइन्। यहाँसम्म कि यो सम्बन्धमा जोन तथा विपाशा दुवै खुसी थिए र विवाहसम्म गर्नेवाला थिए। तर, जोनको एक गल्तीका कारण उनीहरूको सम्बन्ध सदाका लागि अन्त्य भएको थियो।

भारतीय सञ्चारमाध्यमका अनुसार जोन र विपाशा फिल्म *जिस्म*मा काम गर्ने बेलामा नजिक भएका थिए। उनीहरूले ९ वर्षसम्म डेट गरे, यतिमात्र होइन कि उनीहरू लिभ इन टुगेदरमा पनि रहे। तर, २०१४ मा जोनले गल्तीवश एक ट्विट गरेका थिए। जसपश्चात् उनीहरूको सम्बन्धको अन्त्य भएको थियो। नयाँ वर्षमा शेयर गरिएको उक्त ट्विटमा जोनले खुसी व्यक्त गर्दै लेखेका थिए- 'तिमी र तिम्रो सबै प्रिय मानिसलाई नयाँ सालको शुभकामना। यो वर्ष तिम्रो जीवनमा धेरै खुसी आओस्। लभ जोन एन्ड प्रिया अब्राहम।'

यस ट्विटमा उनले आफ्नी एक अर्की एनआरआई प्रेमीका प्रिया रुचालको बारेमा खुलाएका थिए। यसको मतलब उनी विपाशाको अलावा प्रियासँग पनि डेट गरिरहेका थिए। यसैबीच जोनले प्रियासँग विवाह गरेको खबर आयो। जोनको ट्विट देखेर विपाशालाई जुन व्यक्तिलाई उनी माया गर्थिन्, त्यो व्यक्ति अरू कसैलाई नै चाहन्छ भन्ने कुरा विश्वास गर्न गाह्रो भइरहेको थियो। विपाशाले एक अन्तर्वार्तामा भनेकी थिइन्- 'जोनको मसँगको सम्बन्ध अन्त्य भइसक्यो भन्ने कुरा विश्वास गर्न धेरै महिना लागेको थियो। मैले आफ्नो प्रेमका लागि अरू मानिससँग भेट्न छोडिसकेको थिएँ। म केवल जोनलाई नै समय दिन्थें। यहाँसम्म कि मैले फिल्ममा पनि काम गर्न बन्द गरेको थिएँ। तर, एक दिन सबै सकियो, मलाई यो चोटबाट निस्किन धेरै महिना लागेको थियो।'

जोनसँगको ब्रेकअपपछि विपाशा नायक हरमन बवेजासँग डेटमा छिन् भन्ने हल्ला चलेको थियो। तर, पछि फिल्म *अलोन*को सेटमा उनको भेट नायक करणसिंह ग्रोवरसँग भयो। सुटिङका दौरान उनीभन्दा ३ वर्षले कान्छा करणसँग उनी नजिक भइन्। करिब १ वर्षको डेटिङपश्चात् सन् २०१६ मा उनले बंगाली रीति-रिवाजअनुसार करणसँग विवाह गरिन्। करणको तेस्रो पत्नीका रूपमा भित्रिएकी उनी हाल फिल्मी दुनियाँबाट भने टाढा छिन्।







## साधनाको नयाँ अंकका विशेष आकर्षणहरू

**होसियार ! एलर्जीले दीर्घरोगी बनाउला**

एलर्जीको उपचार समयमै नगरे जीवनभर पछुताउनुपर्छ । समयमै उपचार गरेको खण्डमा अब कुनै पनि बिरामीले एलर्जी भयो भनेर आत्तिनुपर्दैन । खोप र औषधिका माध्यमबाट यसको उपचार नेपालमै शुरू भैसकेको छ । उपयोगी रिपोर्ट ।

**नसा च्यापिंदाको पीडा : उपचार के छ त ?**

नसा च्याँपिदा नसाको काम अवरूद्ध हुन पुग्छ । त्यसैले कम्मर दुख्ने, च्यापिएको नसा गएको हात-खुट्टातिर दुख्ने, हातखुट्टा निदाउने, झमझमाउने, लाटो हुने, बिस्तारै हातखुट्टा तथा ढाड चलाउन नसक्ने, ढाडमा अधिक पीडा हुनेजस्ता समस्या आइपर्छ । आखिर के छ त उपचार ? पढ्नै पर्ने लेख ।

**होल बडी चेकअप : कहाँ कति ?**

होल बडी चेक गरेपछि त्यसको रिपोर्टले सामान्यतया सम्भावित रोग र रोग लाग्न नदिने उपायहरूका बारेमा समेत पूर्वजानकारी गराउँछ । होल बडी चेक अप गर्दा के-के चेक गरिन्छ र यसबापत कुन अस्पतालले कति रूपियाँ लिन्छन् ? सन्देशमूलक रिपोर्टिङ ।

**कुपोषण हटाउने सरकारी प्रयास : स्थानीय खानेकुरामा बेवास्ता**

स्वास्थ्य मन्त्रालय गर्भवतीलाई क्याल्सियम र प्रोटिन खानुपर्छ भनेर महँगो औषधि बाँडदै हिंड्छ, साथै केवल बालभिटा बाँडेर बालबालिकाको कुपोषण कम गर्न चाहन्छ । यस्ता क्याल्सियम र बालभिटाका प्याकेट होइन, वरिपरिको स्थानीय खाना खान समुदायलाई सिकाउनुपर्नेमा जोडदार कुरा उठाइएको पोषणविद् डा. अरूणा उप्रेतीको लेख ।

**पेट घटाउन योगाभ्यास**

पेट बढ्नु स्वास्थ्य र सौन्दर्य दुवैका दृष्टिकोणले राम्रो मानिदैन । खानपानमा सावधानी अपनाएर योगाभ्यास गर्ने गरेमा बढेको पेट घटाउन सकिन्छ । पेट बढेकाहरूका लागि योग चिकित्सक डा. क्षितिज बराकोटीको उपयोगी लेख ।

**स्मार्ट देखिन हेयर कट गर्नेको लर्को**

सौन्दर्यको कुरा गर्नुपर्दा अनुहार मात्र सबै थोक होइन । सुन्दर कपाल अनि उसको हेयर कट तथा स्टाइलले पनि मानिसको व्यक्तित्व अझ खुलेको देखिन्छ । त्यसैले स्मार्ट देखिन ब्युटिपार्लरमा हेयर कट गर्नेको लर्को लाग्ने गरेको छ । अनुभवी ब्युटिसियनको लेख ।

**रोग र दुःख मुक्तिका लागि बुद्ध मेडिसिन**

सुख र शान्ति प्राप्त गर्नका लागि अनुशासनहीन मनलाई नियन्त्रण गर्ने विज्ञान नै बुद्ध-मनोविज्ञान हो । यस विज्ञानको अनुशरण गर्ने हो भने मानिस सुखी र निरोगी हुन धेरै मद्दत मिल्छ । एक मनोविद्को सन्देशमूलक लेख ।

**के डाइटरी सप्लिमेन्ट लिन जरूरी छ ?**

डाइटरी सप्लिमेन्ट न खाद्यपदार्थ हो, न त औषधि नै हो ? यो एउटा उत्पादन हो, जसमा खाद्यपदार्थमा पाइने तत्व रहेको हुन्छ । के यो तत्व पाइने ट्याब्लेट खानु जरूरी छ त ? पोषण विज्ञ डा. जया प्रधानको स्वास्थ्योपयोगी लेख ।

- गर्भमा बच्चा उल्टो बसेमा ज्यानकै खतरा
- नाइटिङ्गेलको जीवनीले नर्सिङ अध्यापिका बनायो
- मधुमेहले आँखामा असर पुऱ्यायो कि ?
- स्खलनपछिको शारीरिक सम्पर्क
- बढी खान नहुने ७ पदार्थ

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस्, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरू।

# विचार

तिनीहरूले जे पनि गर्न सक्छन्,
किनभने तिनीहरूले गर्न सक्छु
भनेर भित्रैदेखि सोच्न सक्छन्।
– भर्जिल

मैले जे चाहें त्यो पाएँ, तर त्यसको लागि मैले
के–के गर्नुपऱ्यो ? त्यो केवल मलाई मात्र
थाहा छ। मेरो जीवन यसको प्रमाण हो।
– रुजबेल्ट

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# भाइरल ज्वरो नियन्त्रण गर्न ध्यान देऊ

भाइरल ज्वरोका कारण जाजरकोटमा एक दर्जन नागरिकले ज्यान गुमाएका छन् । सरकारले समयमा नै रोग नियन्त्रण गर्न र उपचार गर्नका लागि ध्यान नदिँदा नागरिकहरूले ज्यान गुमाउनुपरेको छ। झण्डै तीन साता अघिदेखि जाजरकोटमा फैलिएको भाइरल ज्वरोको प्रकोप अझै नियन्त्रणमा आउन नसक्दा प्रभावित क्षेत्रका बासिन्दा थप चिन्तित भएका छन् ।

अहिले पनि दुई हजारभन्दा बढी नागरिक बिरामी छन् । बिरामी नागरिकहरूको उपचारमा सरकारले हेलचेक्र्याईं गरिरहेको छ। भाइरल फैलिएको लामो समय बितिसक्दा समेत आवश्यक चिकित्सक र औषधि प्रभावित क्षेत्रमा पठाउन सरकारले किन सकेन ?

प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मी नै जान हिचकिचाउने गरेका छन् भने सरकारले यस्तो बेला कसरी स्वास्थ्यकर्मीलाई सम्बन्धित क्षेत्रमा पठाउने भन्ने स्पष्ट नीतिसमेत बनाएको छैन। सरकारी काममा यसै पनि ढिलासुस्ती हुने गर्छ। यस्तो बेलामा पनि स्वास्थ्य मन्त्रालयले नागरिकहरूको जीवनमाथि हेलचेक्र्याईं र खेलाची गरिरहेको छ। आखिर किन? सरकारको यसमा दायित्व र जिम्मेवारी नै हुनुपर्ने हैन र ?

बिरामीहरूमा रुघाखोकी, ज्वरो आउने, टाउको दुख्ने, पखाला लाग्नेजस्ता लक्षणका साथै कडा खालको भाइरलको आशंका गरिएको छ । जाजरकोटको जुनीचाँदे गाउँपालिकाको १, २ र ३ लगायत अन्य वडा र बस्तीमा बी भाइरल फैलिएको छ। ५ वर्षमुनिका बालकालिका र दीर्घरोगीहरूमा कडारूपमा फैलिएको भाइरल ज्वरोका कारण कतिपयको ज्यान गएको छ ।

समयमा नै भाइरल ज्वरोको रोकथाम र नियन्त्रणतर्फ ध्यान नदिँदा भाइरलले थप जटिल रूप लिने देखिएको छ। भाइरल फैलिएको लामो समयसम्म पनि सरकार गम्भीर बनेको देखिँदैन। गाउँ–गाउँमा भाइरल प्रभावितहरूको संख्या बढ्दै गर्दा समेत सरकारले आफ्नो स्रोत र साधन प्रयोग गर्नतिर जाँगर देखाएको छैन। बिरामीको संख्या दिनप्रतिदिन बढ्दै जानु र आवश्यक चिकित्सक र औषधि नपुग्दा बिरामीहरू रोगले छट्पटिएका छन् ।

जिल्ला सदरमुकाम खलंगा र प्राथमिक स्वास्थ्य केन्द्रबाट खटिएका स्वास्थ्यकर्मीको संख्याले मात्र नपुगेपछि केन्द्रबाट पनि स्वास्थ्यकर्मी परिचालन भएका छन्। भौगोलिक विकटताले गर्दा स्वास्थ्य संस्था टाढा भएको र जनचेतनाको अभावले गर्दा बिरामीहरूको सख्या बढ्दै गएको छ । समयमा स्वास्थ्यकर्मी नपुग्दा भाइरल ज्वरोका कारण प्रभावित नागरिक धामीझाँक्रीको झारफुकमा समेत जाने गरेका छन् । मौसम परिवर्तनसँगै चिसो बढेपछि गाउँमा बिरामीको संख्या बढ्दै गएको छ। सरकारले नागरिकको जीवन रक्षा गर्न र भाइरल रोकथामका लागि प्रभावकारी कदम चाल्नुपर्छ । प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मी पठाउने कार्यमा कुनै पनि ढिलासुस्ती गर्नु हुँदैन ।

# कांग्रेसको चुनावी पाटो र अबको बाटो



पबिता मुडभरी

प्रतिनिधिसभा र प्रदेशसभा दुवैको चुनावी परिणामबाट नेपालको राष्ट्रिय राजनीतिमा कांग्रेसको भूमिका फेरिएको छ। प्रतिनिधिसभा प्रत्यक्षतर्फ कुल १ सय ६५ सिटमध्ये कांग्रेसले २३ सिट मात्र जितेको छ। चुनावमा प्रतिस्पर्धी कतिपय दलले एक सिट हात पार्न नसके पनि कांग्रेसको हार भने राष्ट्रिय बहसको विषय बन्न पुगेको छ। कांग्रेसको चुनावी परिणामलाई लिएर यति विचार र विमर्श सतहमा आएका छन् मानौं अब कांग्रेसका विषयमा बोल्नु/भन्नुपर्ने विषय नै छैनन्। प्रदेशसभाको नितान्त नौलो अभ्याससमेत बोकेको यो अत्यन्त महत्त्वपूर्ण संसदीय चुनावमा कांग्रेस पार्टीले किन यति हल्कारूपमै आफूलाई चुनावी प्रतिस्पर्धामा होम्यो भन्ने मुख्यत: आमचासो र चर्चाको विषय बनिरहेको छ। ठूला-ठूला राजनीतिक परिवर्तनको अगुवाइ गर्दै लोकतान्त्रिक संविधान लागू गरेको कांग्रेस पार्टी कार्यान्वयन गर्ने चरणमा भने जनमतबाट किनारा लागेको छ। कमजोर राजनीतिक एजेन्डा, नेतृत्वको कमजोरी र लोसे कार्यकर्ताका कारण कांग्रेसको हार आकलन गर्दै केपी ओलीले चुनावअगावै कांग्रेसले २५ सिटभन्दा बढी नजित्ने र अब राणाशासन र राजतन्त्रझैं इतिहास बन्ने पालो कांग्रेसको हो भनेका थिए। कांग्रेसले चुनावमा लिएको कमजोर वैचारिक नीति र रणनीति सूक्ष्म अध्ययन गरिरहेका ओली मात्र होइन जोसुकै सामान्य जनताले कांग्रेसको खस्कँदो चुनावी नतिजाबारे अड्कल काटिसकेका थिए। टिकट वितरणमा भएको केन्द्रिकृत दबाब, मनोमानी तथा पार्टीभित्रैको अन्तरघातले समेत कांग्रेस पराजयलाई बल पुऱ्यायो। वामपन्थी मिल्नै नसक्ने र तिनलाई कसैले भोट नदिने अनि आफ्नो भोट कतै नजाने विश्वासमा चुनावी रणनीतिलाई सक्रिय नबनाउँदा र स्थानीयतहको चुनावमा शेरबहादुर देउवाले प्रचण्डसँग सहकार्य गर्दा तथा जम्बो मन्त्रीमण्डल गठन गर्दाको परिणति पनि कारक बनेको छ कांग्रेसको हारमा।

कांग्रेसले मतदातामाझ विगतका विरासत मात्र देखायो वर्तमानका अपेक्षा र भविष्यको सुनिश्चिततताप्रति आश्वस्त पार्नै सकेन। स्थिर सरकार र समृद्धिको मूल नारा लिएर अघि बढेको वाम गठबन्धनविरुद्ध सशक्त नारा र सक्रिय संगठन बोकेर कांग्रेसले जनतासँग मत माग्नै सकेन। माग्नुपर्ने एउटा कारण र पहिचान नदेखाई एउटा भिखारी त कसैका अगाडि उत्तिकै हात फैलाउँदैन भने कांग्रेसजस्तो ठूलो र पुरानो दलले क्रान्तिकारी नारा बोकेर मतदाताको मत तान्नु पर्नेमा कम्युनिस्टले जिते रुन र हाँस्न पनि नपाइने भन्दै आफ्नो दललाई भोट माग्नभन्दा वाम गठबन्धनलाई भोट नहाल्न हाकाहाकी आग्रह गऱ्यो। आफ्नो हार जित जेसुकै होस् तर वाम गठबन्धनले चाहिँ नजितोस् भन्ने आशय कांग्रेसको चुनावी नारा बन्न पुग्यो। कांग्रेसका कतिपय हस्तीले नै हारे। राजनीतिक पुष्ठभूमि यथेष्ट भएर पनि विचार र प्रतिवद्धता प्रवाहविना चुनावमा होमिनाको परिणति कांग्रेसले लज्जाजनक हार बेहोर्नुपऱ्यो। दुई चरणमा चुनाव हुँदा पनि चुनावी रणनीति पक्रन सकेन। कांग्रेसका आफ्ना उपलब्धि प्रशस्त हुँदाहुँदै त्यसलाई भजाएर जनमत आफूतिर आकर्षित गर्न सक्ने कलात्मक चरित्र नेतृत्व र कार्यकता दुवैमा देखिएन।

निर्वाचन भनेकै दलहरूले विगतमा गरेका कार्यहरूको मतदाताले मूल्यांकन गर्ने समय हो। राजनीतिक स्थायित्व र समृद्धि मात्र होइन समाज परिवर्तन र सही नेतृत्व चयनका प्रमुख आधारशीला हुन् मतदाता। यिनलाई नमनाई भोट पाइँदैन भन्ने हेक्का मत माग्नेसँग हुनुपर्छ। पटक पटकको राजनीतिक परिवर्तनले नागरिकका आकांक्षा र विकासका सपना सम्बोधन गर्न नसकेको र २०४८ देखि २०६३ सम्म राजनीतिक अस्थिरता तथा त्यसपछि राजनीतिक संक्रमणको अवस्थाले जनतालाई निराश बनाइरहेको अवस्थामा अब बन्ने सरकारले शुरू गर्ने जनताका चाहनाको सम्बोधनका लागि आर्थिक विकास, राजनीतिक स्थायित्व र राष्ट्रिय समृद्धिको यात्रामा कांग्रेस प्रतिपक्षीका हैसियतले सहयोगी बन्नुपर्छ। कांग्रेसको उदय र अवसानसँग प्रजातन्त्रको भविष्य जोडिएकाले वाम गठबन्धनले अधिनायकवादी तानाशाही व्यवस्था लादछन् भन्ने सम्भावनाको प्रतिकारका लागि कांग्रेसको सशक्त प्रतिपक्षीको भूमिका अझ महत्त्वपूर्ण ठहर्छ। चुनावी परिणामले दिएको जिम्मेवारी स्वीकार्दै विकास गर्छु, समृद्धि ल्याउँछु, शान्ति र राजनीतिक स्थिरता प्रदान गरी १० वर्षभित्र मुलुकलाई माथि उठाउँछु भन्नेलाई गराएरै छाड्ने, लाखापाखा लाग्न नदिने कार्यमा कांग्रेस चनाखो हुनुपर्छ।

जनताको आशाको असिम अभिव्यक्ति हो हालको निर्वाचनको परिणाम। किनकि एमाले पार्टीले देशको लागि केही गर्छ कि भन्ने छनक केपी ओलीले आफ्नो नेतृत्वकालमै देखाइसकेका र कार्यकर्ता तहमा गीत संगीतदेखि राजनीतिक स्थायित्व शान्ति र समृद्धिका नारा मतदाता प्रभावित पार्ने तहमा फैलिएको थियो। विकास र समृद्धिको नयाँ युग शुरू हुने आसमा जनताले वाम गठबन्धनलाई जिताएका हुन् यो जितको स्वीकार्यता दम्भ, घमण्ड र घुर्कीरहित हुनुपर्छ। एउटा गम्भीर विषय लोकतन्त्रमा जति नै गल्ती गरे पनि दलहरूको विकल्प रहँदैन तर दल छनोट गर्ने अधिकार भने जनतामा सुरक्षित रहने भएकाले जनताको भलाइ र राष्ट्रको समृद्धिबेगर राजनीति गर्ने जुनसुकै दलले पराजयको प्रहार भोग्नुपर्छ। हाल आएर एउटा सक्रिय र सम्भावना बोकेका जल्दावल्दा नेताका रूपमा देखिँदैछन् ओली। जनताले एमालेभित्र माक्सवाद र लेलिनवाद छ भन्नेसम्म भुलिसकेको अवस्थामा दुई पार्टीबीचको एकतामा को कता मिल्ने भन्ने आमजिज्ञाशा चिर्दै र एकताबीचको आशंका भत्काउँदै वाम गठबन्धनले अब सरकार गठन र राष्ट्रिय समृद्धिको यात्रामा आलटाल गर्नु हुँदैन।

दुई तिहाइका हाराहारीमा मत पाएको वाम गठबन्धनले प्रतिनिधिसभाको प्रत्यक्षतर्फ १ सय ६५ सिटमध्ये ८० सिट जितेको छ। एमालेले प्रदेशसभाका लागि प्रत्यक्षबाट निर्वाचित अष्टलक्ष्मी शाक्यलाई प्रदेश नं ३ को प्रदेश प्रमुखको दाबेदारका रूपमा उठाउँदा कांग्रेसले १ जना महिलाको नाम प्रदेश प्रमुखमा अघि सार्न नसक्नु विडम्बना हो। आगामी राष्ट्रपति र प्रदेश प्रमुखमा महिलाका नाम तोक्न सकिने व्यक्ति यति लामो इतिहास बोकेको कांग्रेसभित्र नहुनु लज्जाको विषय होइन र ? जे होस् प्रजातान्त्रिक पार्टी कांग्रेसले आफू हारेर पनि मुलुकलाई जिताएको मान्नुपर्छ।

यतिखेर सरकार गठनको प्रक्रियामा हाल उठेका विषम तरंगले मुलुकमा विगतका संसदीय विकृति र आकृति दोहोरिन सक्ने आशंका पनि उत्तिकै छ। उच्च पदाधिकारीलाई सेवा सुविधा बढाउने भन्दै विकासका काममा लगाउनुपर्ने राष्ट्रिय ढुकुटी रित्याउने काम अब कोही कसैबाट हुनु हुँदैन। उद्योगधन्दा धरासयी भएर जनताको जीवनस्तर गिर्दै गएको अवस्थामा राजनीतिक दलहरू आफ्नै भविष्य सुनिश्चित गर्न उच्च पदाधिकारीलाई सेवा सुविधा थपेर आर्थिक भार थोपर्ने कार्यबाट जनता आक्रोशित भएका छन्। भूकम्प, बाढी, पहिरो आदि दैवी विपत्तिका कारण जनता घरवारविहीन भइरहदा उच्च पदस्थ व्यक्तिहरू सुविधामाथि सुविधा थप्दै राष्ट्रिय ढुकुटीमाथि ब्रह्मलुट भइरहेको अवस्थामा यसलाई रोक्न कांग्रेसको प्रतिपक्षी भूमिका बलियो हुनुपर्छ।

अबको प्रतिनिधिसभामा १ सय ६५ प्रत्यक्ष र १ सय १० समानुपातिक प्रणालीबाट छनोट भई जम्मा २ सय ७५ जना सदस्य रहनेछन्। त्यस्तै ७ वटा प्रदेशसभामा प्रत्यक्षबाट ३ सय ३० र समानुपातिकबाट २ सय २० गरी कुल ५ सय ५० सदस्य रहने छन्। आम नागरिकको चासो र चिन्ताका रूपमा रहेको राजनीतिक अन्योल र अस्थिरता अन्त्यका लागि संविधानले स्पष्ट व्यवस्था गरेकाले सरकार गठन र सञ्चालनमा अब विगतमा देखिएका चलखेल र चाप्लुसी अन्त्य हुनुपर्छ। प्रधानमन्त्री र मुख्य मन्त्री नियुक्त भएको दुई वर्षसम्म अविश्वासको प्रस्ताव राखेपछि अर्को एक वर्षसम्म अविश्वासको प्रस्ताव राख्न नपाइने व्यवस्थाले हाल बहुमत पाएको एमालेलाई विगतको जस्तो सरकार परिवर्तनको खेलबाट माथि उठाएको छ। मिलिजुली सरकारको अराजक पद्धतिले लोकतन्त्रको सुन्दरतालाई नै कुरुप बनाएकाले अब स्पष्ट बहुमत पाएको वाम गठबन्धनको सरकारलाई चनाखो प्रतिपक्षका रूपमा सघाउनु कांग्रेसको कर्तव्य हो। चुनावी परिणामलाई सवकका रूपमा लिएर कांग्रेस आगामी चुनावका लागि जनमत आफ्नो पक्षमा बढाउन सशक्त तयारीमा अहिल्यैदेखि जुट्नुपर्छ। हार्दैमा कांग्रेसको सबै भूमिका बन्द हुने पनि होइन। प्रतिपक्षीको सशक्त भूमिकामा रहेर कांग्रेसले सरकारको गतिविधि अवलोकन र नियन्त्रण गर्न सक्छ।

हालको चुनावी परिणामको सबैभन्दा सुखद पक्ष भनेको बलियो दललाई प्रतिपक्षमा उभ्याउनु पनि हो। किनभने लोकतन्त्रलाई बलियो र व्यवस्थित बनाउन प्रतिपक्षी दल पनि बलियो हुनुपर्ने यथार्थ बुझेरै जनताले कांग्रेसलाई प्रतिपक्षको स्थानमा राखेका छन्। लोकतान्त्रिक शासन व्यवस्थालाई सबल र समाजलाई समृद्ध बनाउने पहरेदार बनेर सरकारलाई झकझकाउने प्रतिपक्षीको अभिभारा चुनावी अभिमतले कांग्रेसलाई सुम्पेको छ। चुनावमा पटक-पटक जनतालाई नयाँ विकल्प खोज्न बाध्य पार्ने राजनीतिक संस्कारको विट मार्ने अवसर कांग्रेसले चुकाउनु हुन्न। जनताले रोजेको विकल्पले विकास र समृद्धिबाट आफूलाई स्थापित गर्नु वाम गठबन्धनका लागि उत्तिकै मननीय पक्ष हो। चुनाव जितेर गएपछि जनताको आशा र चाहना बमोजिमभन्दा सत्ता र शक्तिको हानाथापमा विनाउपलब्धी पाँच वर्ष गुज्रने गरेको विगत छ। संसद्मा सांसदहरूले कुर्सी तानातान र हानाहान गरेका दश्यबाट आजित जनताले निर्वाचनमार्फत् नयाँ दल र नेतृत्व छानेर स्थिर सरकार निर्माणको बलियो आधार तय गरेका छन्। विगतमा झैं अब संसद् केवल सत्ता र शक्ति प्रदर्शन गर्ने प्रयोगशाला मात्र नबनोस् भन्नेतर्फ सशक्त प्रतिपक्षीका हैसियतले कांग्रेसको निगरानी र नियमन जरुरी छ।

> हालको चुनावी परिणामको सबैभन्दा सुखद पक्ष भनेको बलियो दललाई प्रतिपक्षमा उभ्याउनु पनि हो। किनभने लोकतन्त्रलाई बलियो र व्यवस्थित बनाउन प्रतिपक्षी दल पनि बलियो हुनुपर्ने यथार्थ बुझेरै जनताले कांग्रेसलाई प्रतिपक्षको स्थानमा राखेका छन्। लोकतान्त्रिक शासन व्यवस्थालाई सबल र समाजलाई समृद्ध बनाउने पहरेदार बनेर सरकारलाई झकझकाउने प्रतिपक्षीको अभिभारा चुनावी अभिमतले कांग्रेसलाई सुम्पेको छ।

## पाठक पत्र

### दाङमा नियमित उडान हुनुपर्छ

जिल्लाको तुलसीपुरस्थित टरीगाउँ एयरपोर्ट सुचारु भएको छ। योसँगै दंगालीहरूको प्लेन उडाउने सपना पनि पूरा भएको छ। समिट ऐरले आफ्नो उडान भर्न लागेपछि दङालीहरू हौसीएका छन्। दाङको मात्रै हैन अहिले सिंगो साविकको राप्तीकै सपना पूरा भएको छ। पहिलो चरणमा प्रत्येक हप्ता आइतबार र शुक्रबार उडान भर्ने तयारी गरेको समिट एयरले केही समयमा नै नियमित उडान भर्ने योजना बनाएको छ। यात्रुहरूको चाप र प्राविधिक कुराहरू मिलाएपछि दाङमा नियमित हवाई उडान हुने बताइएको छ। दाङमा नियमित उडान भएमा यहाँ पर्यटकीय हिसाबले पनि राम्रो हुने र पर्यटकीय क्षेत्रको उन्नयन हुनेछ। टरिगाउँ विमानस्थललाई सञ्चालन गर्नका लागि पछिल्लो समयमा तुलसीपुर उपमहानगरपालिका, तुलसीपुर उद्योग वाणिज्य संघले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। यसलाई नियमित गर्न पनि यत्तिकै लाग्नु जरुरी छ। उद्योग वाणिज्य संघको यो पहल कदमीलाई सार्थक बनाउन उपप्रधानमन्त्री कृष्णबहादुर महराले आफ्नो ठाउँमा राम्रो भूमिका राम्रै खेलेका छन्। खास गरी तुलसीपुर उपमहागरपालिकाका मेयर घनश्याम पाण्डेय, प्रतिनिधिसभा सदस्य हिराचन्द्र केसी, प्रदेश सदस्यहरू उत्तरकुमार वली, डिल्ली चौधरीलगायतका नेताहरू धन्यवादका पात्र बनेका छन्। उहाँहरूले आफ्नो तर्फबाट यस विषयमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको छ। सबैको साथ सहयोगले हवाई उडान शुरू भएको छ। यसलाई हप्ताको दुईपटक मात्र नभएर दिनदिनै उडान भर्न सक्ने वातावरण सिर्जना गर्ने सवालमा अब सबैले भूमिका खेल्नुपर्छ। यात्रुको अभावमा हवाई उडान स्थगित भयो भन्ने कुरा भोलिका दिनमा कदापि फैलन दिनुहुँदैन। दाङका यात्रुहरू अहिले पनि दैनिकरूपमा नेपालगन्ज, भैरहवालगायतका ठाउँमा पुगेर हवाई यात्रा गरिरहेको दर्दनाक अवस्था छ। तसर्थ सहजरूपमा यात्रुले टिकट पाउने व्यवस्था गरिनुपर्छ। तत्कालका लागि सोही ठाउँमा हवाई सेवा दिने र दीर्घकालीनरूपमा अन्तर्राष्ट्रियस्तरको ऐरपोर्ट निर्माणका लागि पनि ठोस योजना बनाउने सवालमा ध्यान दिएमा राम्रो हुनेछ। यो विषयमा नयाँ जनप्रतिनिधिले सोच्नु जरुरी छ। जुन हिसाबले हवाई यात्रा सुचारु र्गन पहल गरियो त्यसरी नै फेरि पनि यो विषयमा चासो राखिराख्नुपर्छ।

*- सरस्वती यादव, तुलसीपुर दाङ*

### व्यवसायीको दादागिरी

यहाँ गरिब जनता पिल्सिएको पिल्सियै छन्। देश निर्माणमा जुटेको छ। भूकम्पपीडितले घर बनाउँदै छन्। तर गरिबको खुन चुस्न पल्केका व्यवसायीले विनाकारण मूल्य बढाएका छन्। विकास निर्माणका कामले तीव्रता लिइरहेका बेला निर्माण सामग्रीको अचानक मूल्य वृद्धि भएपछि यसले नेपालको अर्थतन्त्र नै प्रभावित हुने समेत देखिएको छ। खुला बजार अर्थतन्त्रमा कार्टेलिन गरी मूल्य वृद्धि भएको भन्दै सर्वत्र आलोचना हुनुका साथै मूल्य वृद्धि तत्काल फिर्ता लिन आग्रह पनि गरिएको छ। नेपाल निर्माण व्यवसायी महासंघले सिमेन्ट, डन्डी, गिटी, बालुवालगायतका वस्तुमा बढेको मूल्य वृद्धि तत्काल फिर्ता लिन सरकारलाई आग्रह गरेको छ। महासंघले निर्माण सामग्रीमा भएको मूल्य वृद्धिले निर्माण व्यवसायको क्षेत्रमा नकारात्मक असर पर्ने र त्यसको प्रभाव समग्र देशको अर्थतन्त्रमा पर्ने पनि जनाएको छ। निर्माण सामग्रीको बढ्दो मूल्यले विकास निर्माणको लागत वृद्धि भई त्यसले सरकार, निर्माण व्यवसायीदेखि सर्वसाधारणसम्म प्रत्यक्ष प्रभावित गर्ने भएको छ। मूल्य वृद्धिका कारण चालू आर्थिक वर्षमा विकास निर्माण क्षेत्रका लागि विनियोजित बजेट नै अपुग हुने देखिएको छ। भूकम्पपीडितले घर बनाउन शुरू गरेका बेला अचानक मूल्य वृद्धिका कारण प्रभावितका लागि सरकारी अनुदानले घर बनाउन समस्या हुने देखिएको छ। भूकम्पबाट प्रभावित ६ लाख घरको पुनर्निर्माण गर्न आवश्यक रहेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको भनाइ छ। यति धेरै संख्यामा पुनर्निर्माण हुने घरमा हालै भएको मूल्य वृद्धिले अरबौं व्ययभार थपिनेमात्रै होइन, कतिपय पीडितले सरकारको अनुदानबाट घर निर्माण गर्न असमर्थ हुनेछन्। मूल्य वृद्धिले स्थानीय तथा प्रदेश र प्रतिनिधिसभाको निर्वाचनपछि देशमा विकास निर्माणले गति लिने जनताको आशामाथि कुठाराघात पनि भएको छ। चुनावपश्चात् इन्धन र निर्माण सामग्रीको मूल्य वृद्धिले सर्वसाधारणको ढाड भाँचिएको छ। इन्धनको मूल्य वृद्धिले गर्दा समग्र विकास निर्माणको गतिलाई प्रभाव पारिरहेका बेला निर्माण सामग्रीको मूल्य बढाउँदा जनता दोहोरो मारमा परेका छन्। अहिले राष्ट्रिय गौरवका आयोजना एवम् सरकारी भवन, निजी घर तथा भूकम्पपीडित पुनर्निर्माणको क्रममा रहेका छन्। अचानक मूल्य बढ्दा घर निर्माणको लागत बढ्नेमात्र होइन, समयमै निर्माण सम्पन्न हुनेमा पनि आशंका उत्पन्न भएको छ। एक महिना अघिदेखि विकास निर्माणका मुख्य कच्चा पदार्थहरू सिमेन्ट र डन्डीको मूल्य वृद्धिले गर्दा कतिपय परियोजना प्रभावित हुने देखिएका छन्। निर्माणको कामलाई प्रभावित गर्ने गरी गरिएको मूल्य वृद्धिले समग्र अर्थतन्त्रदेखि आर्थिक वृद्धिमा समेत नकारात्मक असर पार्छ। यस विषयमा उद्योग वाणिज्य महासंघलाई ध्यानाकर्षण गराइएको छ। निर्माण व्यवसायी महासंघले सिमेन्ट र डन्डी उद्योगीले कार्टेलिङ गरेर मूल्य बढाएको र यसमा सरकारले नै साथ दिएको आरोप लगाएको छ। निर्माण व्यवसायीहरूले सिमेन्ट र डन्डीमा गरिएको मूल्य वृद्धिले अप्रत्याशित मूल्य वृद्धिले मुलुकको अर्थतन्त्रमा नै गम्भीर आघात पुग्ने भन्दै विनाशर्त बढाइएको मूल्य वृद्धि फिर्ता लिन माग गरेका छन्। मुलुकको समग्र अर्थतन्त्र नै प्रभावित हुने गरी भएको अस्वाभाविक मूल्य वृद्धि फिर्ता हुनैपर्छ। यस विषयमा नेपाल उद्योग वाणिज्य महासंघले आफ्नो आधिकारिक धारणा सार्वजनिक गर्न ढिलाइ गर्नुहुँदैन। सरकारले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा भएको मूल्य समायोजन व्यवस्थालाई कडाइका साथ अनिवार्य लागू गरेर मूल्य वृद्धि गर्नु जरूरी देखिएको छ। यो विषयमा गम्भीर बन्न सुझाव छ।

*– सूचना चौधरी, चितवन*

## सामाजिक सञ्जाल



तथानाम बोल्ने केसीलाई तत्काल मानहानी कसुरमा थुनामा पठाऊ, न्यायीक सर्वोच्चता कायम गर, तोकिएको ड्युटी नगर्ने जागिरेलाई टीयू टिचिङ हस्पिटलबाट तुरून्त बर्खास्त गर, अहिलेसम्म खाएको तलब भत्ता असुलउपर गर, सरकारी नुन खाएर राजनीति गर्न पाइँदैन, जनतालाई इमोसनल ब्ल्याकमेलिङ गर्नेहरु चाहिंदैन।

**Mukunda Ghimire**
**@Mukunda_dai**



दुःख परेको अवस्थामा हो आफ्नो र पराई चिन्ने भनेको, जो दुःख पर्दा सहयोग र सहानुभूति दिन्छन् उनीहरु आफ्ना हुन्छन्, जो दुःख पर्दा तर्केर जान्छन् उनीहरु आफ्ना भएर पनि पराई हुन्छन्।

**Ranju Lama**
**@Ranju_khushi**

हरेक ३/३ महिनाको अन्तरमा एक अर्को मुलुकमा आलोपालो बैठक बस्ने प्रावधान रहे पनि बैठक नियमित बन्न नसक्दा समूहले अपेक्षाअनुसार परिणाम निकाल्न नसकेको नेपाल-भारत सम्बन्धका जानकारहरू बताउँछन्।



विदेशी पर्यटकलाई माला बेच्दै एक महिला, सन् २०१७मा झन्डै १० लाख विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। तस्वीर : मोनिका मल्ल

# ईपीजीको छैठौं बैठकमा पनि पुरानै एजेन्डा

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी)को पटक-पटकको बैठक र छलफलबाट टुङ्गोमा पुग्न नसकेको सन् १९५०को शान्ति तथा मैत्री सन्धिको विषय समूहको छैठौं बैठकमा पनि मुख्य एजेन्डाका रूपमा दोहोरिने भएको छ।

यसपटक यो विषय छलफलमा मात्रै नदोहोर्‍याउने गरी पुनरावलोकन वा प्रतिस्थापन दुई विकल्पमध्ये कुनै एक निष्कर्षमा पुर्‍याउन दुवै मुलुकका अधिकारीहरू गृहकार्यमा जुटेका छन्। तर छैठौं बैठकले नै यो विषय टुङ्गोमा पुर्‍याउँछ भनेर अहिले नै भन्न नसकिने समूहको नेपालतर्फका सदस्य डा. राजन भट्टराईले बताउनुभयो। 'हाम्रो (नेपाल)को चाहना यसपटकको बैठकले यो विषयको निचोड निकाल्नुपर्छ भन्ने हो, तर मुख्य कुरा द्विपक्षीय छलफलबाट नै आउँछ, हामी सामूहिक निष्कर्षमा पुग्नेछौं।' -उहाँले भन्नुभयो।

दुवै मुलुकका अधिकारी संलग्न समूहको छैठौं बैठक भोलि बिहीबारदेखि भारतको नयाँ दिल्लीमा शुरू हुँदै छ। गत वर्ष असारमा काठमाडौंमा सम्पन्न समूहको पहिलो बैठकदेखि नै शान्ति तथा मैत्री सन्धि पुनरावलोकन गर्ने विषय प्राथमिकतामा परे पनि सो विषय निष्कर्षमा पुग्न सकेको छैन। नेपाली समूहले यस विषयका जानकारसँग विभिन्न चरणमा गरेको छलफलका क्रममा विज्ञहरूले सन्धि प्रतिस्थापन गर्दै समय अनुकूल बनाउन सुझाव दिएका छन्।

छैठौं बैठकले सो सन्धिका अतिरिक्त सीमा समस्या, जलस्रोत, व्यापार, पारवहन, आतंकवाद नियन्त्रण, अवैध मुद्रा कारोबार, लागूपदार्थ ओसारपसारजस्ता विषयमा विस्तृत छलफल गर्ने सदस्य भट्टराईले बताउनुभयो। नेपाल भारत सम्बन्धलाई विस्तृत अध्ययन गरी सुझाव पेस गर्न दुवै मुलुकद्वारा गठित प्रबुद्ध व्यक्ति समूहले विविध विषयमा छलफल गरे पनि अहिलेसम्म कुनै पनि विषय टुङ्गो लगाउन सकेको छैन।

हरेक ३/३ महिनाको अन्तरमा एक अर्को मुलुकमा आलोपालो बैठक बस्ने प्रावधान रहे पनि बैठक नियमित बन्न नसक्दा समूहले अपेक्षाअनुसार परिणाम निकाल्न नसकेको नेपाल-भारत सम्बन्धका जानकारहरू बताउँछन्। अन्य बैठक तोकिएकै मितिमा सम्पन्न भए पनि तेस्रो र पाँचौं बैठक भारतले आफ्नो आन्तरिक कारण जनाउँदै स्थगित गरेको थियो। गत महिना भारतमा हुने भनिएको छैठौं बैठक नेपालले प्रदेश र केन्द्रको निर्वाचनको कारण जनाउँदै स्थगित गरेको थियो।

२ दिने बैठकमा सहभागी हुन नेपाली टोली आज बुधबार दिल्ली प्रस्थान गर्दै छ। अहिलेको बैठकले कुनै विषयलाई नटुंग्याए पनि नेपाली पक्ष दिल्लीबाट फर्किएपछि अहिलेसम्म भएका गतिविधिलाई समेटेर रिपोर्ट तयार गर्ने कार्यमा जुट्ने बताइएको छ। समूहलाई तोकिएको २ वर्षको कार्यअवधि आगामी असार तेस्रो साता समापन हुने भएकाले रिपोर्टको गृहकार्यमा जुट्न जरुरी भएको नेपाली पक्षका अधिकारीहरू बताउँछन्।

यसैबीच दिल्ली प्रस्थान गर्नुअघि समूहले प्रधानमन्त्री शेरबहादुर देउवा र पूर्वप्रधानमन्त्रीद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गरेको छ। प्रबुद्ध समूहका तर्फबाट अहिलेसम्म भएका छलफल र प्रगतिका बारेमा समूहले उहाँहरूलाई अवगत गराएको काठमाडौंस्थित ईपीजी सचिवालयले जनाएको छ।

## निर्वाचन आयोग देशीविदेशीको तुरुप बन्यो : राई

भक्तपुर, (नेस)

नेकपा एमालेका युवा नेता एवम् पूर्वमन्त्री शेरधन राईले निर्वाचन आयोग अदृश्य शक्तिको प्रभावमा परेको आरोप लगाउनुभएको छ।

रफत सञ्चार क्लबमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै उहाँले निर्वाचन आयोगको पछिल्लो गतिविधिलाई नियाल्दा देशीविदेशी शक्तिको तुरुप भएको र संविधानको मर्म विपरीत गएर काम गरिरहेको आरोप लगाउनुभएको हो।

उहाँले वर्तमान देउवा सरकाले जनआदेश र संविधान विपरीत गएर आफ्नो आयु लम्ब्याउने काम गरेको भन्दै उसले गरेका हरेक महत्त्वपूर्ण विषय अब बन्ने वाम गठबन्धनको सरकारलाई मान्य नहुने बताउनुभयो।

वाम गठबन्धन टुटाउन देशीविदेशी शक्ति लागिपरेको बताउँदै उहाँले भन्नुभयो- 'जनताले पार्टी एकीकरण गर्न नसके पनि न्यूनतमा पाँच वर्ष सत्ता सञ्चालनका लागि जिम्मेवारी प्रदान गरेकाले अब एमाले र माओवादी यसबाट पछि हट्न सक्दैनन्।'

एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष प्रचण्डको विकल्प नभएको भन्दै उहाँले नयाँ पुस्ता सक्षम भए तापनि वाम गठबन्धनभित्र केही व्यक्तिले नयाँ पुस्ताको प्रधानमन्त्रीमा दाबी भन्ने समयसापेक्ष नरहेको बताउनुभयो।

प्रदेश सरकारका लागि सबैभन्दा ठूलो विषय आर्थिक पाटो रहेको बताउँदै समस्याहरू रहे तापनि यसको समाधान गर्न आफ्नो स्रोत साधनको उपयोग र भ्रष्टाचारमुक्त देशतर्फ बढ्न नसके थप जटिलता निम्त्याउने दाबी गर्नुभयो।

अब केही समयमै बन्ने प्रदेश नम्बर एकको प्रदेशतर्फको मुख्यमन्त्री आफू बन्ने भन्दै त्यसका लागि आफू सम्पूर्णरूपमा तयार रहेको उहाँले बताउनुभयो।

## डा. पोखरेलको अन्त्येष्टि

काठमाडौं, (नेस)

प्याब्सनका पूर्वअध्यक्ष डा. बाबुराम पोखरेलको अन्त्येष्टि गरिएको छ।

उहाँको पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको हो। यसअघि उहाँको पार्थिव शरीरलाई तीनकुनेस्थित भीएस निकेतनमा राखिएको थियो।

उहाँलाई अन्तिम श्रद्धाञ्जली दिन पूर्वमन्त्री एवम् नेपाली कांग्रेसका सांसद प्रकाशमान सिंह, प्याब्सनका पूर्वअध्यक्ष उमेश श्रेष्ठ, राजेश खड्का, प्यब्सनका अध्यक्ष विजय सम्बाहाम्फे, हिसानका अध्यक्ष रमेश सिलवाललगायतका विशिष्ट व्यक्तिहरू विद्यालय परिसरमा पुगेका थिए।

उहाँको पार्थिव शरीरमा प्याब्सनका अध्यक्ष विजय सम्बाहाम्फेले झण्डा ओढाउनुभएको थियो। अमेरिकामा रहेका जेठा छोरा डा. युगिन पोखरेल अमेरिकाबाट आएलगत्तै मंगलबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको थियो। अन्तिम श्रद्धाञ्जली दिन प्याब्सन, हिसानका पदाधिकारीहरू विद्यालय पुगेका थिए। आर्यघाटमा जेठो छोरा युगिनले दागबत्ती दिनुभएको थियो।

पोखरेलका २ छोरा र श्रीमती छन्। उहाँको गएको आइतबार बिहान निधन भएको थियो। ६३ वर्षीय डा. पोखरेल हिसानको निर्देशक समितिमा हुनुहुन्छ।

हिसानका पूर्व वरिष्ठ उपाध्यक्षलगायत एक दर्जनभन्दा बढी विभिन्न संघ संस्थामा आबद्ध उहाँ शिक्षाविद्का रूपमा चिनिनुहुन्थ्यो।

उहाँको शोक मनाउन हिजो प्याब्सनले विद्यालय बन्द गरेको थियो।

प्याब्सनले एक सातासम्म औपचारिक कार्यक्रम आयोजना नगर्ने, २५ देखि २७ गतेसम्म देशैभरका प्याब्सन कार्यालयका आधा झण्डा झुकाउने कार्यक्रम रहेको प्याब्सनले जनाएको छ।

## कांग्रेस प्रवक्तामा शर्मा नियुक्त



काठमाडौं, (नेस)

नेपाली कांग्रेसले पार्टी प्रवक्तामा युवा नेता विश्वप्रकास शर्मालाई नियुक्त गरेको छ। कांग्रेसका केन्द्रीय सदस्यसमेत रहनुभएका शर्मालाई प्रवक्तामा नियुक्त गरिएको हो। प्रधानमन्त्री एवम् पार्टी सभापति शेरबहादुर देउवाले नेता शर्मालाई प्रवक्तामा नियुक्त गर्नुभएको पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

पार्टीको १२औं महाधिवेशनपछि रिक्त प्रवक्ता पदमा प्रधानमन्त्री एवम् पार्टी सभापति देउवाले कांग्रेसको विधानको धारा २४ (३) बमोजिम केन्द्रीय सदस्य शर्मालाई प्रवक्ता पदमा मनोनयन गर्नुभएको पौडेलले जानकारी दिनुभयो।

## भूकम्प स्मृति दिवस मनाइने

काठमाडौं, (नेस)

भूकम्प आएको बेला टेबुलमुनि लुक्नुपर्छ भन्ने शिक्षा पाएका कतिपय मानिस २०७२ सालको भुइँचालोमा चउरबाट घरभित्र छिरे। यसै क्रममा उनीहरूको ज्यान गयो। यसप्रकारको गल्ती कसरी भयो? यसप्रकारको सूचना प्रवाह गरिरहँदा प्रभाव विश्लेषण किन भएन?' मंगलबार भूकम्प सुरक्षा दिवस व्यवस्थापन उपसमितिको बैठकमा काठमाडौं महानगरका प्रमुख एवम् उपसमितिका संयोजक विद्यासुन्दर शाक्यले विगत सम्झना गर्दै भन्नुभयो। उहाँले सुरक्षित भवन निर्माण गर्दा बढ्ने लागत बराबरको सहुलियत दिएर सुरक्षित भवन निर्माणमा नागरिकलाई प्रोत्साहन गर्ने नीतिमा आफू प्रतिबद्ध रहेको बताउनुभयो।

बैठकमा सहभागी विपद् व्यवस्थापनका साझेदार अधिकारीहरूले २०७२ सालको भूकम्पको प्रभाव नागरिकले बिर्सँदै जानुलाई चिन्ताको विषय मानेका छन्। यदि विगतको क्षति बिर्सने हो भने, सुरक्षित बास निर्माणमा नागरिक सहभागिता घट्छ। बैठकमा महानगरका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, शहरी विकास तथा भवन निर्माण विभाग, पुरातत्त्व विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, उपत्यकाभित्रका नगरपालिकाका प्रतिनिधिसहितको बैठकमा सहभागी अधिकारीहरूले अतीत आपत्को सम्झना ताजा गराएर सुरक्षित बस्ती निर्माणमा नागरिक सहभागिता प्रवर्द्धनलाई मूल कार्यक्रमले समेट्नुपर्ने धारणा राखेको थिए।

बैठकले २०औं भूकम्प सुरक्षा दिवसका अवसरमा माघ २ गते ११ बजे भूगोल पार्कमा स्मृतिसभा गर्ने निर्णय गरेको छ। सोही दिन सवा १२ बजे जुद्ध शालिकबाट शुरू हुने र्‍यालीले भित्री शहरी क्षेत्रको करीब ३ किलोमिटर परिक्रमा गरेर दिउँसो १ बजेर २० मिनेटमा वसन्तपुरको जुद्ध वारुणयन्त्र कार्यालय परिसरमा मूल समारोह हुनेछ।

र्‍याली जुद्ध शालिकबाट शुरू भएर, ओमबहाल, लगन, ब्रह्मटोल, हयुमत, जैसीदेवल, कोहिटी, भीमसेनस्थान, काष्ठमण्डप, यट्खा हुँदै नरदेवीतर्फ जानेछ। त्यसपछि नरदेवीबाट किलागल, भेडासिंह, इन्द्रचोक हुँदै वसन्तपुर पुग्नेछ। यस वर्ष भूकम्प सुरक्षा दिवसको नारा 'सबल समुदाय र स्थानीय सरकार, भूकम्पीय सुरक्षाको बलियो आधार' तय गरिएको छ। यो दिवस मनाउन गृह मन्त्रीको अध्यक्षतामा मूल समारोह समिति गठन गर्ने गरिएको छ।

## जाम्बियाका सेना प्रमुख स्वदेश फिर्ता

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालको औपचारिक भ्रमणको सिलसिलामा नेपाल आउनुभएका जाम्बिया सेनाका जनरल पाउल माभोया सात दिने भ्रमण सम्पन्न गरी बुधबार स्वदेश फिर्ता हुनुभएको छ।

जनरल पाउललाई सैनिक इन्टेलिजेन्स महानिर्देशक उपरथी जगदीशचन्द्र पोखरेलले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गर्नुभएको थियो। भम्रणको क्रममा उहाँले राष्ट्रपति, प्रधानमन्त्री, रक्षामन्त्री, प्रधानसेनापतिलगायत उच्चपदस्थ सैनिक व्यक्तिहरूसँग समेत भेटवार्ता गर्नुभएको थियो।

भ्रमणकै दौरान उहाँले सैनिक कमान्ड तथा स्टाफ कलेज, नेपाली सैनिक प्रतिष्ठान र वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको निरीक्षण भ्रमण गर्नुभएको थियो।

वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको निरीक्षण गर्ने क्रममा उहाँले विश्व शान्ति कार्यमा जानुपूर्व नेपाली सेनाले पूरा गर्ने तालिम, बन्दोबस्ती तयारीलगायत अन्य विविध विषयमा जानकारी लिनुभएको थियो।

भ्रमणकै दौरान उहाँले पोखरा तथा चितवन राष्ट्रिय निकुञ्जको समेत भ्रमण गर्नुभएको थियो। चितवन राष्ट्रिय निकुञ्जको भ्रमणको क्रममा नेपाली सेनाले चोरी शिकारी नियन्त्रण गर्न प्रयोग गरेका आधुनिक प्रविधिलगायत प्रकृति तथा वन्यजन्तु संरक्षणमा खेलेको भूमिकाका बारेमा समेत जानकारी लिनुभएको थियो।

यस किसिमको उच्च तहको सैनिक नेतृत्व वर्गको भ्रमणले नेपाली सेना र मित्रराष्ट्र जाम्बिया सेनाबीच रहँदै आएको आपसी सौहार्दपूर्ण सम्बन्धलाई सुमधुर एवम् प्रगाढ बनाउन थप मदत पुग्नुको साथै नेपाली सेनाको अधिकांश शान्ति सैनिक मिसनहरू अफ्रिकी महादेशमा नै रहेकाले अफ्रिकी महादेशकै राष्ट्र जाम्बियाको सेना प्रमुखको नेपाल भ्रमणबाट अफ्रिकी राष्ट्रहरूमा शान्ति स्थापना कार्यमा सहकार्य गर्न थप मदत पुग्ने विश्वास नेपाली सेनाले लिएको छ।

नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
भूमि सुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय हरिवन, सर्लाही

**सार्वजनिक सूचना**

जिल्ला सर्लाही गा.वि.स. हरिवन वडा नं. ५ बस्ने सानी भूजेल समेतले तपसिलमा लेखिएका जग्गा नामसारी गरी पाउँ भनी यस कार्यालयमा दिनुभएको द.नं.२३८० मिति २०७४/९/१७ को निवेदनबाट कारबाही चल्दा निजले दावी गरेको जग्गामा निवेदक बाहेक अन्य कसैको हकदैया लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आफ्नो भएको सबुद प्रमाण सहित दाबी विरोध गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, कानून बमोजिम हुनेछ।

तपसिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| सर्लाही | हरिवन | ६ ठ | ५५९ | ००३४०.०० | जग्गा दर्तावाला ससुरा हर्क बहादुर भूजेलको २०७४/४/२ मा परलोक भएको सासु मिठु माया भूजेलको २०३० सालमा परलोक भएको निजका छोरा मेरा पति दिपबहादुर भूजेल २०६२/४/१५ देखि सम्पर्क विहीन भै वेपत्ता भएकोले माथि उल्लेखित जग्गा नामसारी गरी पाउँ भनी निवेदकको मागदावी। |

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, समस्या समाधान, पठनपाठनमा सफलता।
**वृष** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति।
**मिथुन** : कार्य असफल, सन्तान कष्ट, आर्थिक क्षति, खर्च वृद्धि।
**कर्कट** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, तनाव।
**सिंह** : द्रव्य लाभ हुनेछ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुने।
**कन्या** : धननाश, मानसिक चिन्ता, दु:ख-कष्ट, व्यर्थको खर्च हुने।
**तुला** : धन प्राप्ति, उपहार, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**वृश्चिक** : अस्वस्थता, इष्टमित्रसँग विवाद, दुर्घटनाको सम्भावना।
**धनु** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**मकर** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, जोश-जाँगर बढ्ने।
**कुम्भ** : राज्यबाट त्रास, असफलता, मान-प्रतिष्ठामा धक्का।
**मीन** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुने।

# नेपाल

यसअघि भूकम्पपीडितलाई बाँड्न भनेर ल्याइएको म्याद गुज्रेका सामग्री तथा लत्ताकपडाहरु करिब २ करोडबराबरको राहत सामग्री जलाएर नष्ट गरिएको थियो। तत्कालीन समयमा प्रशासन र राजनीतिक दलबीच वितरण स्थान छनोट सम्बन्धमा उत्पन्न विवादले राहत सामग्री थन्क्याइएको थियो।

### भित्री मधेसका बाढीपीडितलाई चिसोको सकस

## आगो तापेर टहरामा रात कटाउन बाध्य

**राम धामी, डडेल्धुरा**

केही दिनयता बढेको अत्यधिक चिसोले डडेल्धुरा जिल्लाको भित्री मधेस क्षेत्र परशुराम नगरपालिका -६ का बाढीपिडीतलाई रात बिताउन मुस्किल पर्न थालेको छ।

२०६७ असोजमा बाढीले घरखेत बगाएपछि स्थानीय सामुदायीक वनमा जस्ता र त्रिपालका टहरा बनाएर हालसम्म बसोबास गर्दै आएका बाढीपीडितहरू चिसो हावा र शीतलहरका कारण दैनिक जीवन कष्टकर बनेको बताउँछन्। परशुराम नगरपालिका-६ का ६५ वर्षीय मानबहादुर सिंहले हालसम्म जसोतसो दिन बिते पनि टहरामा चिसो रात काट्न भने साह्रै गाह्रो भएको दुखेसो पोखे। 'टहराको जस्ताले शीत र हावा छेक्न छाड्यो। शीतले सिरक भिजेर निथ्रुक्क हुन्छ', उनले भन- 'जस्ताको चेपबाट छिर्ने चिसो हावाले रातभरि निन्द्रा लाग्दैन। बूढेसकालमा साह्रै दुःख पाइयो।'

७ वर्षअघि रंगुन र पुन्तरा नदीको बाढीले परशुराम नगरपालिका-६ का सिमलखेत, ठण्डाजाला, सरगौडा, बसगोइरा र पटरेनी गाँउका ५९ परिवार पूर्णरूपमा घरबारविहीन भएका थिए भने ३ सय बढी परिवार प्रभावित भएका थिए। घरबारविहीन भएका बाढीपीडितको पुनःस्थापनाका लागि हालसम्म प्रयास नहुँदा सामुदायीक वनमा टहरा बनाएर विस्थापित जीवन बिताउँदै आएका छन्।

चिसो बढेसँगै भित्री मधेसका अधिकांश बाढीपीडितको दैनिक जीवन कष्टकर बनेको छ। घरजग्गा पुनःस्थापनाका लागि सरकारले दिने भनिएको रकम हालसम्म नपाउँदा भित्री मधेस क्षेत्रका बाढीपीडित सकसमा परेको बाढीपीडित संघर्ष समितिका अध्यक्ष नरबहादुर बलले बताए। उनले हालसम्म ११ पटक प्रधानमन्त्रीसमक्ष डेलिगेसन गएर समस्या समाधानका लागि माग राख्दा पनि वर्षेनी रकम विनियोजन गरिने तर बाढीपीडितले नपाउने गरेको दुःखेसो पोखे।

'डोटीको दिपायलस्थित शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयमा वर्षेनी बाढीपीडितको पुनःस्थापनाका लागि बजेट विनियोजन हुने गरेको छ', संघर्ष समितिका अध्यक्ष बमले भन- 'तर बाढीपीडितले रकम बुझ्न नपाउँदै फ्रिज हुने गरेको छ।' बाढीपीडितको पुनःस्थापनाका लागि विनियोजित हुने रकम फ्रिज नगराई पीडितलाई उपलब्ध गराउन पटक-पटक आग्रह गरिए पनि कार्यविधिअनुसार जग्गा खरिद गर्न खोज्दा रकम फ्रिज हुने गरेको जिल्ला प्रशासन कार्यालय डडेल्धुराले जनाएको छ।

यस सम्बन्धमा शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय डोटीका इन्जिनिययर तुलसीराम खरबुजाले गत आर्थिक वर्षमा ४५ परिवारका लागि जग्गा खरिद गरिएको र बाँकी रकम फ्रिज भएको बताए। परशुराम नगरपालिकाको कटाल र परिगाउँमा जग्गा खरिद गरिएका घरपरिवारका लागि घर निर्माणमा सहयोग गरिने र जग्गा खरिद गर्न बाँकी परिवारका सन्दर्भमा थप बजेट माग गरिएको उनले जानकारी दिए।

चिसोले टहरामा रात बिताउन मुस्किल परेपछि सो क्षेत्रका बाढीपीडितले आगो तापेर रात काट्न थालेका छन्। उनीहरू दिनभरि जंगलमा गएर दाउरा ल्याउने रातमा त्यही दाउरा बालेर आगो ताप्ने गर्छन्। बाढीपीडित भएर रामपुरस्थित जंगलमा बसोबासगर्दै आएकी परशुराम नगरपालिका-६ की धनमती पन्तले चिसो बढेपछि टहरामा बसोबास गर्दै आएका बाढीपीडित बिरामी पर्न थालेको बताइन्।

चिसोले दम बढेकाले रातभरि निन्द्रा नलाग्ने समस्या बूढाबूढीमा देखिएको र बालबालिकाहरूमा रुघाखोकी र निमोनियाको प्रकोप बढेको उनले जानकारी दिइन्। 'जोगबुडा अस्पतालमा लगेर उपचार गरे पनि हजुर आमालाई ज्वरो ठीक भएन, राति निदाउन सक्नुहुन्न' -नाति नरेन्द्र थापाले भने। चिसोले टहरामा राखेका अधिकांश बाढीपीडित ज्वरो, रुघाखोकी तथा टाउको दुख्ने समस्यामा रहेको परशुराम नगरपालिका-६ की वडासदस्य सरस्वती भट्टले बताइन्। उनले पुनःस्थापनाको रकम सोझै स्थानीय तहमा पठाउन सकिए बाढीपीडित पुनःस्थापना गर्न सहज हुने बताइन्।

## ट्याक्टर दुर्घटनामा चालकको मृत्यु

ताप्लेजुङ, (नेस)

ताप्लेजुङ सदरमुकाम फुङलिङ बजारभित्रै ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने सहचालक घाइते भएका छन्। दुर्घटनामा चालक फुङलिङ नगरपालिका-३ सिम्लेका १८ वर्षीय सरोज सुनुवारको मृत्यु भएको छ भने सहचालक याङवरक गाउँपालिका-१ का मिलन सुनुवार सामान्य घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय ताप्लेजुङका इन्चार्ज टंक न्यौपानेले जानकारी दिनुभयो। घाइतेको तमोर अस्पतालमा उपचार भइरहेको छ।

सदरमुकामस्थित तोक्मेडाँडाबाट हेलिप्याडतर्फ आउँदै गरेको मे१त ३२४५ नम्बरको ट्याक्टर विपरीत दिशाबाट आइरहेको सशस्त्र प्रहरीको भ्यानलाई साइड दिएर अघि जाँदा भित्तामा ठोकिएर सडकमा नै पल्टिएको हो।

अत्यधिक गतिका कारण ट्याक्टर सशस्त्र प्रहरीको भ्यानको लुकिङ ग्लासमा ठोकिँदै अघि आएको र भित्तामा ठोकिएर सडकमा पल्टिएको प्रत्यक्षदर्शी गोपाल बरालले बताए। चालकको उपचारका क्रममा तमोर अस्पतालमा मृत्यु भएको बताइएको छ। दुर्घटना दिउँसो करिब २ बजे भएको प्रहरीले बताएको छ।

## भाइरलका कारण थप एकको मृत्यु

### मृत्यु हुनेको संख्या १२ पुग्यो

**दीपेन्द्र शर्मा, जाजरकोट**

जाजरकोटको जुनीचाँदेमा फैलिएको भाइरल ज्वरोबाट मंगलबार थप एक जनाको मृत्यु भएको छ। जुनीचाँदे गाउँपालिका-३ जाजरकोटका ५८ वर्षीय लालबहादुर भण्डारीको मंगलबार बिहान मृत्यु भएको छ। यो जीनचाँदेमा भाइरलले मृत्यु हुनेको संख्या १२ पुगेको छ। आइतबार उपचारका लागि गएका भण्डारीको मंगलबार बिहान मृत्यु भएको हो।

दुई दिनअगाडि उपचार गराएर फर्केका भण्डारी भाइरलका साथै पखाला ज्वरो आउने गरेको उपचारमा संलग्न डाक्टर पवन शाक्यले बताए। 'दुई दिन अगाडि उपचार गर्न आउनुभएको थियो, भाइरल ज्वरो र रुघाखोकी थियो, हामीले उपचार गरेर पठायौं, सञ्चो नभए आउन भनेका थियौं, यहाँ नआएर निजी मेडिकलमा जानु भएछ' -उनले भने। डाक्टरसहितको स्वास्थ्यकर्मीको टोली बसेको स्थान नजिकै भए पनि बिरामीका आफन्तले यहाँ नल्याएर थप उपचारको लागि निजी मेडिकलमा ल्याएको शाक्यले बताए। चिसो निकै बढेको तर खानपान र न्यानो कपडा नलगाउँदा भाइरलले सताएको उनले बताए।

रुघाखोकी लाग्नेबित्तिकै स्वास्थ्य संस्थामा आउन र झोलिलो खानेकुरा खान शाक्यले आग्रह गरका छन्। प्रभावित गाँउहरूमा डाक्टर शाक्यको नेतृत्वमा स्वास्थ्यकर्मीको टोली पुगेर शनिबारदेखि घरदैलो उपचार थालेको छ। बिरामीहरू स्वास्थ्य संस्था आउनुको साटो धामीझाँक्री गर्न तिर लाग्ने र समयमा उपचार नपाउँदा ज्यानै जाने खतरा हुन थालेपछि स्वास्थ्यकर्मी बिरामीको घरमै पुगेर उपचार थालेका हुन्। तीन दिनमा करिब साढे ७ सय भाइरलका बिरामीको उपचार गरिएको डा. शाक्यले बताए।

भाइरलका कारण मजकोट गाउँमा बालबालिका र वृद्धहरू बढी प्रभावित भएका छन। धेरैजसो प्रभावित क्षेत्र जिल्ला सदरमुकाम खलंगाबाट दुई दिनको पैदल दूरीमा पर्छ। हिजो मात्र मौगाना गाउँमा सुइ किन्ने पैसा नहुँदा एक महिनाका बालक भुपेन्द्र नेपालीको ज्यान गएको थियो। जाजरकोटमा फैलिएको भाइरल ज्वरोका कारण यसअघि ११ जनाको मृत्यु भइसकेको छ।

## दिपायल राजधानी माग्दै धर्ना

**नेपाल समाचारपत्र**

डोटी

प्रदेश नम्बर ७ को राजधानी दिपायल तोकिनुपर्ने माग गर्दै डोटीका आन्दोलनकारीले मंगलबारदेखि रिले धर्ना कार्यक्रम शुरू गरेका छन्। क्षेत्रीय प्रशासन कार्यालयको मुल गेटअगाडि डोटी उद्योग वाणिज्य संघका पदाधिकारीसहितका अन्य विभिन्न राजनैतिक दलका नेता तथा स्थानीय धर्नामा बसेका हुन्।

राजधानी दिपायल हुनुपर्ने मागसहित दैनिक १२ बजेदेखि २ बजेसम्म २ घण्टा धर्ना बस्ने निर्णयसहित आफूहरू मंगलबारदेखि धर्नामा बसेको एमाले नेता गणेशदत्त भट्टले बताउनुभयो। उहाँले भन्नुभयो- 'हामीले आन्दोलनको स्वरुप परिवर्तन गर्दै धर्ना कार्यक्रम शुरू गरेका छौं' -दिपायल राजधानी नतोकिँदासम्म हाम्रो धर्ना कार्यक्रम रोकिने छैन।'

दिपायल राजधानी माग गर्दै यहाँका स्थानीयले क्षेत्रीय कार्यालयमा लगाएको तालाबन्दी भने अहिलेसम्म खुलेको छैन। बन्द हड्तालका सबै कार्यक्रम फिर्ता लिइए पनि कार्यालयमा लगाइएको तालाबन्दी भने खोलिएको छैन।




## विद्यालयलाई जिल्ला शिक्षाको बेवास्ता

दैलेख, (नेस)

दैलेख सदरमुकामबाट विकट मानिने भैरवी गाउँपालिका वडा नं. ६ घुम्नेखाली (कुसापनी) मा रहेका भक्ति आधारभूत विद्यालय स्थापना भएको १७ वर्षसम्म पनि जिल्ला शिक्षा कार्यालय दैलेखले बेवास्ता गरेको पाइएको छ। २०५७ सालमा स्थापना भएको विद्यालयमा अहिलेसम्म जिल्ला शिक्षा कार्यालय दैलेखबाट कुनै पनि भौतिक पूर्वाधार निर्माणका योजना नपरेको पाइएको हो।

कक्षा १ देखि ५ (आधारभूत तह) सम्म पढाइ हुने विद्यालयमा जिल्ला शिक्षा कार्यालय दैलेखले बेवास्ता गरेको विद्यालय व्यवस्थान समितिका अध्यक्ष धीरेन्द्र सापकोटाले बताए। जिल्ला शिक्षा कार्यालय दैलेखले विद्यालय स्थापना भएपछि एक पटक शौचालय निर्माणको योजना दिए पनि त्यसबाहेक अन्य भवन निर्माणका योजनाहरू नपरेको सापकोटाले जानकारी दिएका छन्। उक्त शौचालय निर्माणका लागि शिक्षा कार्यालयले २ लाख ५० हजार रुपियाँ प्रदान गरेको थियो।

'विद्यालयमा ५ कक्षासम्म पढाइ हुने भए पनि ४ कोठे भवन मात्रै छ', सापकोटाले भने- '४ कोठे भवन पनि जीर्ण भएकाले पठन पाठनमा समस्या भएको छ।' उक्त भवन विश्व खाद्य कार्यक्रम र साविकको कुसापानी गाउँ विकास समितिले स्थानीय स्रोतबाट निमार्ण गरेको थियो। ४ वटा कोठा रहेको भवनको पनि दुई वटा कोठा भत्किन लागेको छ। भवन अभावका कारण विद्यालयमा कार्यालय सञ्चालन तथा खाजा पकाउनका लागि समस्या त छँदै छ सापकोटाले भने- 'त्यसमाथि विद्यार्थीलाई कहाँ राखेर पढाउने भन्ने ठेगान नै छैन।'

## पहाडी जिल्लामा औषधि अभाव

**नेपाल समाचारपत्र**

डडेल्धुरा

चिसो बढेसँगै प्रदेश नं. ७ का पहाडी जिल्लामा रुघाखोकी, ज्वरो निमोनिया, दमलगायतका बिरामी थपिएको थपियै छन् तर स्वास्थ्य संस्थामा पर्याप्त औषधि छैन। 'मौज्दात औषधिले धान्ने अवस्था छैन', प्रदेश नं. ७ को विकट पहाडी जिल्ला बाजुराका जनस्वास्थ्य अधिकृत रमेश कुँवरले भने- 'बिरामी बढ्दै गएकाले अत्यावश्यक औषधिको चरम संकट उत्पन्न हुँदै छ।'

बिरामीको चाप बढेर औषधि अपुग भएपछि स्वास्थ्यकर्मी सकेसम्म फारो गर्ने प्रयास गरिरहेका छन्। हरेक बिरामीलाई एक-दुई दिन मात्र पुग्ने औषधि दिएर भाग पुर्‍याइँदै छ। 'स्वास्थ्य संस्थामा पुगेका बिरामीलाई रित्तै फर्काउनुभन्दा एक दुई दिनका लागि भए पनि औषधि दिएर पठाइरहेका छौं', बाजुराको काँडा स्वास्थ्यचौकीका इन्चार्ज आरसी यादवले भने- 'एउटा बिरामीलाई दिनुपर्ने पूरा मात्राबाट कटाएर अर्कोलाई भाग पुर्‍याइरहेका छौं।' काँडाका अधिकांश गाउँमा रुघाखोकी र ज्वरोका बिरामी बढेको यादवले बताए।

अत्यधिक चिसोका कारण दिनहुँ बिरामीको संख्या ह्वात्तै बढेपछि औषधि व्यवस्थापनको सवाल जटिल बन्दै गएको छ। स्थानीय निर्वाचनपछि सबै अधिकार स्थानीय तहमा हस्तान्तरण भयो। स्वास्थ्य संस्थाको व्यवस्थापनसमेत सम्बन्धित स्थानीय तहमा हस्तान्तरण भइसकेको छ। यसअघि जिल्लामा आउने औषधि खरिदको बजेट पनि स्थानीय तहमै निकासा भएको छ। तर, सबैजसो तहले औषधि खरिद गरेका छैनन्।

औषधि व्यवस्थापन सधैंको समस्या भए पनि यसपल्ट निकै अप्ठ्यारो अवस्था आइलागेको बैतडीको विकट पुरचौडी नगरपालिकाका नगरप्रमुख रणबहादुर कुँवरले बताए। उनले औषधि खरिद प्रक्रिया झन्झटिलो भएकाले पनि आपूर्ति असहज भएको जानकारी दिए। 'पहिला औषधि नभएमा जिल्लामा कराउँथ्यौं, अब स्थानीय तहका प्रतिनिधि, जिल्ला सबैतिर गुहार्दै समय बित्छ, समस्या भने जहाँको त्यहीं रहन्छ' -बझाङको विकट बुङल नगरपालिकाकी उपप्रमुख मीना जाग्रीले भनिन्। स्पष्ट नीति तथा बजेट व्यवस्था नभएकाले नगरपालिकाअन्तर्गतको स्वास्थ्य सेवा प्रवाह जटिल बन्दै गएको उनको धारणा छ। डडेल्धुरा, बैतडी, दार्चुला, डोटी, अछाम, बझाङ र बाजुराका स्वास्थ्य संस्थामा दिनहुँ बिरामीको संख्या बढ्दै गएको र औषधि अभाव बढेको स्वास्थ्यकर्मीले बताएका छन्।

## हरिण मारेको आरोपमा पक्राउ

भद्रपुर, (नेस)

झापाको भद्रपुरमा घरपालुवा हरिण मारेको आरोपमा एक जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्ने भद्रपुर नगरपालिका-१० का दीपक राजवंशी रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

सोही स्थानकी विष्णुमाया कार्कीले १६ वर्षदेखि घरमा पालेको हरिणलाई राजवंशीले मारेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी जितेन्द्रकुमार बस्नेतले जनाए। घरमा कोही नभएको मौका छोपी राजवंशीले हरिण लगेका थिए। हरिण मारेको खबर पाएसँगै प्रहरीले उनलाई सोमबार पक्राउ गरी वन कार्यालय झापामा बुझाएको डीएसपी बस्नेतले बताए।

पक्राउ परेका राजवंशीलाई कार्यालयमा थुनेर राखिएको वन कार्यालय झापाका प्रमुख वन अधिकृत बोधराज सुवेदीले जानकारी दिए। मृतक हरिण पनि कार्यालयमा रहेको उनले बताए। राष्ट्रिय निकुञ्ज वन संरक्षण ऐनबमोजिम उनलाई कारबाही हुने सुवेदीले जनाए।

## पानी खोल्न र बन्द गर्न मोबाइल एप

**प्रताप बानियाँ, म्याग्दी**

म्याग्दीमा पहिलोपटक मोबाइल एपको प्रयोगमार्फत् खोलाको पानी गाउँमा पुर्‍याइएको छ। म्याग्दीको बेनी नगरपालिका-२ खबरामा निर्माण भएको पीपलडाँडा लिफ्ट सिँचाइ आयोजनाबाट म्याग्दीखोलाको पानी बस्तीमा लगिएको हो।

सदरमुकाम बेनीबजारनजिकै हाँडेभिरस्थित म्याग्दीखोलाको किनारमा १० मिटर गहिरो इनार खनेर त्यसभित्र राखिएको विद्युत्को सहायताले चल्ने समसिवल पम्पले २ सय ५० मिटर उचाई र ५ सय मिटर दूरीको लब्लीहिलमा पानी पुर्‍याइएको छ। आयोजना सञ्चालनका लागि मोबाइल एप प्रविधिको प्रयोग गरिएको छ भने प्रतिघण्टा दश हजार लिटर पानी तान्न सक्ने बीस हर्ज पावर क्षमताको पम्प जडान गरिएको जनाइएको छ।

इनारदेखि विद्युतीय उपकरणको सहायताले पानी तानेर २ सय ५० मिटरमाथि ६३ एमएमको पाइपबाट लब्लीहिलको डाँडामा सिँचाइको लागि पानी पुगेपछि कृषकहरू दंग परेका छन्। पानी खोल्न र बन्द गर्न खोलामा पुग्नुपर्ने बाध्यताको अन्त्य गर्नका लागि मोबाइल एपमार्फत् (अनअफ) गर्ने प्रविधि जडान गरिएको बताइएको छ।



हालै मात्र नेपालमा भित्रिएको लिफ्ट सिँचाइको प्रयोजनका लागि लिफ्टिङ आयोजनामा मोबाइलबाट पानी खोल्ने र बन्द गर्ने प्रविधि ४ नम्बर प्रदेशमै पहिलो रहेको प्राविधिक कृष्णबहादुर खत्रीले दाबी गर्नुभयो। एन्ड्रोइड मोबाइलमा एप इन्स्टल गरी सेटिङ मिलाएपछि अन बटन थिचेको करिब ७ देखि १५ सेकेन्डभित्र पानी आउने र अफ बटन थिचेको सोही समयभित्र पानी बन्द हुने उहाँले बताउनुभयो।

एकपटकमा पानी खोल्न र बन्द गर्नका लागि एप प्रयोग गरेवापत् ८ रुपियाँ खर्च हुने प्राविधिक खत्रीले बताउनुभयो। उहाँका अनुसार खोलाको किनारमा रहेको कन्ट्रोल रुममा मोटर, कन्ट्रोल बक्स, सर्किट र सिग्नल रिसिभर जडान गरिएको छ। मोबाइल नेटवर्किङ सिस्टममार्फत् बिजुली बत्ती उपलब्ध भएको समयमा पानी तान्न सकिन्छ। घरमै बसेर एपमार्फत् पानी खोल्न र बन्द गर्न सकिने हुँदा कृषकहरूलाई समयको बचत, खर्च कम र मानिसले कुरेर बस्नुपर्ने बाध्यताको अन्त्य भएको छ। बेनीको हुलाकचोकका खत्री इलेक्ट्रोनिक्स सेन्टरका सञ्चालकसमेत रहेका खत्रीले आयोजना सञ्चालनमा प्राविधिक सहयोग गरिरहेका छन्।

व्यवसायीक तरकारी खेतीका हिसाबले प्रशस्तै सम्भावना बोकेको खबरामा सिँचाइको समस्या समाधानका लागि कृषकहरूले म्याग्दी नदीको पानीलाई आधुनिक लिफ्ट प्रविधिमार्फत् गाउँमा पुर्‍याउन सफल भएका हुन्। फेंदीको पानी डाँडामा पुग्दा स्थानीयवासी आश्चर्यचकित भएका छन्। स्थानीय राधाकृष्ण कृषि सहकारी संस्थाले बेनीको हाँडेभिरस्थित म्याग्दी नदी किनारबाट विद्युतीय पम्पको प्रयोग गरी खबरामा सिँचाइका लागि पानी आपूर्ति गरिएको जनाएको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट १० लाख रुपियाँ अनुदान, कृषकहरूले ४ लाख ७ हजार ऋण र ४ लाख रुपियाँबरारबको श्रमदान जुटाएर खबराको पीपलडाँडामा सिँचाइ गर्न पानी तानिएको उपभोक्ता समितिका अध्यक्ष चन्द्रबहादुर कार्कीले बताउनुभयो।

## बाँकी राहत सामग्री वितरण गर्ने निर्णय

**शालिकराम चालिसे, नुवाकोट**

जिल्ला विपद् व्यवस्थापन समिति नुवाकोटको सोमबार बसेको बैठकले जिल्लामा बाँकी रहेका भूकम्पपीडित राहत सामग्री वितरण गर्ने निर्णय गरेको छ।

सोमबार बसेको व्यवस्थापन समितिले राहत सामग्रीहरू मेघाङ गाउँपालिका, तादि गाउँपालिका र विदुर नगरपालिकामार्फत् राहत सामग्री वितरण गर्ने निर्णय गरेको जिल्ला प्रशासन कार्यालय नुवाकोटका प्रशासकीय अधिकृत नन्दलाल शर्माले जानकारी दिनुभयो।

यसअघि भूकम्पपीडितलाई बाँड्न भनेर ल्याइएको म्याद गुज्रेका सामग्री तथा लत्ताकपडाहरू करिब २ करोडबराबरको राहत सामग्री जलाएर नष्ट गरिएको थियो। तत्कालीन समयमा प्रशासन र राजनीतिक दलबीच वितरण स्थान छनोट सम्बन्धमा उत्पन्न विवादले राहत सामग्री थन्क्याइएको थियो।

भूकम्पपीडितलाई वितरण गर्न जिल्लामा आएको राहत सामग्री विदुरस्थित इलम प्रशिक्षण केन्द्रमा भण्डारण गरिएको स्थानबाट सुरक्षित व्यवस्थापन गरी म्याद गुज्रेका सामान जलाइएको शर्माले जानकारी दिनुभयो।

पीडितलाई वितरण गर्न ल्याएको राहत सामग्री तत्कालीन समयमा वितरण स्थानको छनोटमा उत्पन्न विवादले थन्क्याएको ३२ महिनापछि गत आइतबारबाट सुरक्षित व्यवस्थापन तथा म्याद गुज्रेका तथा बिग्रेका सामग्री जलाएर नष्ट गरिएको थियो। भण्डारण गरिएको राहत वि.सं २०७२ को वैशाख र जेठ महिनामा प्राप्त भएको थियो।

२०७४, पुस
बुधवार
२६

नेपाल जैविक विविधता अनुसन्धान समाजले तल्लोस्वराड क्षेत्रको विशालपुर, उदयदेव, आमचौरा, पञ्चेश्वरलगायतका ठाउँमा फेरि दोस्रो पटक अनुसन्धान थालेको अनुसन्धान कर्ता धीरेन्द्रबहादुर चन्दले बताउनुभयो। उहाँले भन्नुभया- 'चितुवाको चलखेल, आक्रमणका कारण र न्यूनीकरणको उपायबारे अनुसन्धान थालेका छौं।'

# नेपाल

# आठ सय टन बीउ बिक्रीका लागि सम्झौता

धनवीर दाहाल, रुकुम



तरकारी तथा खाद्यन्न उत्पादनको हिसाबले अब्बल जिल्ला मानिएको रुकुममा उन्नत बीउको उत्पादन र बेचबिखनका लागि सम्झौता गरिएको छ। उन्नत बीउ उत्पादनको क्षेत्रमा सक्रिय विभिन्न कृषि समूह तथा सहकारी र बीउबिजन कम्पनीसँग आगामी दुई वर्षमा ८ सय १२ दशमलव ७ मेट्रिक टन उन्नत बीउ खरिद बिक्रीका लागि सम्झौता गरिएको छ।

किसानका लागि उन्नत बीउबिजन कार्यक्रम (केयूबीके)द्वारा अनुदान प्राप्त विभिन्न ४४ ओटा समूह तथा सहकारी र ३ ठूला बीउ कम्पनीबीच उक्त खरिद बिक्रि सम्झौता भएको हो। केयूबीके, कृषि उद्यम केन्द्र, जिल्ला लगानीद्वार कार्यालय रुकुमको सहजीकरणमा भएको उक्त खरिद बिक्री सम्झौता श्रीराम बीज वृद्धि मल्टिप्रपोज कम्पनी चितवन, पञ्चशक्ति बीउ कम्पनी प्रालि धनगढी र रुकुमेली एग्रो सिड सेन्टर दाङबीच भएको कृषि उद्यम केन्द्रले जनाएको छ।

जिल्लामा हालै सम्पन्न तरकारी तथा खाद्यन्न बीउको बहुसरोकारवाला मञ्च कार्यक्रमपश्चात् उक्त सम्झौता भएको किसानका लागि उन्नत बीउबिजन कार्यक्रम, कृषि उद्यम केन्द्रका जिल्ला कृषि व्यवसाय विकास सल्लाहकार राजु लामिछानेले बताए। केयूबीकेद्वारा अनुदान प्राप्त ६४ विभिन्न समूह तथा सहकारीमध्ये ४४ ओटा समूह, सहकारीसँग मात्रै उक्त सम्झौता गरिएको र अन्यसँग यस अघि नै सम्झौता गरिएको सल्लाहकार लामिछानेले जनाए।

'रुकुमका किसानहरूले हामीलाई बीउ दिने र हामीले लिने कुरामा मार्ग प्रशस्त भएको छ', पञ्चशक्ति बीउ कम्पनी धनगढीका निर्देशक भीम सुवेदीले भने- 'सम्झौता कार्यान्वयनमा दुवैले उत्तिकै भूमिका निभाउनुपर्दछ। आफूले उत्पादन गरेको बीउ कम्पनीसँग उचित मूल्यमा बेच्न सहमत भएको बताउँदै जनकल्याण कृषक समूह मुसिकोट नगरपालिका-४ की सचिव उर्मिला शर्माले लक्ष्यअनुसार बीउ उत्पादनमा सक्रिय रहने जनाइन्।

बरपीपल महिला कृषक समूह मुसिकोट नगरपालिका-११ की अध्यक्ष नैना पुनले आफूले उत्पादन गरेको बीउ कम्पनीले लिन आएमा आगामी उत्पादनका कार्यमा हौसला बढ्ने उल्लेख गरिन्। कृषक र बीउ कम्पनीबीच मकै, गहुँ, प्याज, मुला, केराउ, सिमी, धान, काउली, रायो र सलगमको उन्नत बीउ खरिद बिक्रीका लागि सम्झौता गरिएको उद्योग वाणिज्य संघ रुकुमका अध्यक्ष टेकबहादुर पुनले बताए। उनले उद्योग वाणिव्य संघमा रहेको कार्यक्रमको जिल्ला लगानीद्वार कार्यालयले किसानहरूको व्यवसायिक योजना निर्माण र उत्पादित बीउको बजारीकरणमा समन्वयकारी भूमिका निर्वाह गरेको उनले प्रष्ट्याए। औपचारिक बीउबिजन क्षेत्रको विस्तार एवम् साना पशुपालक कृषकहरूको व्यावसायीकरण गर्दै ग्रामीण विकासलाई दिगो बनाउन केयूबीकेले रुकुममा हालसम्म ६४ ओटा कृषि र ३२ ओटा पशुपालन समूहलाई अनुदानमार्फत् सहयोग गरेको छ।

# प्रचारको अभावमा ओझेलमा पर्दै त्रिकुटेश्वर मन्दिर

सरिता चलाउने, सल्यान

जिल्लाको कालिमाटी गाउँपालिका वडा नं १ देउरालीकोटमा रहेको त्रिकुटेश्वर मन्दिर प्रचारप्रसारको अभावमा ओझेलमा पर्दै गएको छ। स्थानीयवासी, स्थानीय निकाय तथा सम्बन्धित निकायले बेवास्ता गर्दा ऐतिहासिक त्रिकुटेश्वर मन्दिर आवश्यक प्रचारप्रसारको अभावमा ओझेलमा परेको हो।

सतिदेवीको बायाँ करङ पतन भएको विश्वास गरिने सो ठाउँमा विभिन्न सम्पदाको संरक्षण नहुँदा चोरी तथा तोडफोडसमेत हुँदै आइरहेको छ। संरक्षण अभावका कारण सतिदेवीका करङ तोडफोड हुँदै आइरहेको त्रिकुटेश्वर कमलाक्ष्य क्षेत्र विकास संरक्षण समितिका अध्यक्ष तुल्सीराम वलीले बताउनुभयो। उहाँले भन्नुभयो- 'स्थानीयवासी, प्रशासनलगायत सम्बन्धित निकायले चासो नदिँदा सतिदेवीको बायाँ करङ पतन भएको मन्दिर संकटमा पर्नुका साथै ओझेलमा परेको छ।

सतिदेवीको बायाँ करङ पतन भएको भनेर स्कन्द पुराण, स्वस्थानी ब्रतकथामा समेत उल्लेख गरिएको उहाँले बताउनुभयो। स्कन्द पुरण र स्वस्थानी ब्रतकथामा यस ठाउँको नाम उल्लेख गरिए पनि आवश्यक प्रचारप्रसारको अभावमा ओझेलमा पर्दै आइरहेको वलीको भनाइ रहेको छ।

मन्दिर वरपर तारजाली लगाएर संरक्षण गर्नुपर्ने भए पनि कहीं कतैबाट सहयोग हुन नसक्दा समस्या भएको स्थानीय शशीराम थापाले बताउनुभयो। शिवरात्रिको दिन ठूलो मेला लाग्ने यस स्थानमा भक्तजनलाई सहज ढंगले पूजापाठ गर्न समस्या हुने गरेको उहाँको भनाइ रहेको छ।

उक्त मन्दिरमा पूजापाठ गरे आयु वृद्धि हुनुका साथै सन्तान प्राप्ति हुने जनविश्वास रही आएको छ। शिवरात्रीको दिन लाग्ने मेलामा छिमेकी जिल्ला, दाङ, रोल्पा, रुकुम, बाँके, बर्दिया, सुर्खेतबाट ठूलो संख्यामा भक्तजन आउने गर्दछन्।

# ताप्लेजुङमा पर्न छाड्यो हिउँ

## हिमाली बस्ती आगलागीको उच्च जोखिममा

रविन भट्टराई, ताप्लेजुङ

'आजभन्दा १० वर्षअघि यो समयमा ताप्लेजुङको ओलाङ्चुङगोला हुँदै चीनको तिब्बत जाने सीमाना टिपतला नाका हिउँले ढाकेर पूरै बन्द हुन्थ्यो। सो नाका भएर मंसिर देखिनै आवत-जावत बन्द हुन्थ्यो। तर क्रमश: पछिल्ला वर्षमा हिउँ पर्न कम हुँदै जाँदा अहिले आएर सो नाका भएर तिब्बत मज्जाले जान सकिन्छ' -ओलाङ्चुङ गोलाका स्थानीय छेतेन शेर्पा आफ्नो अनुभव सुनाउँछन्।

सदरमुकाम फुङ्लिङमा नै १ डिग्री सेल्सियस तापक्रम मापन गरिरहँदा सोमबार ताप्लेजुङको माथिल्लो क्षेत्रका बस्ती ओलाङ्चुङगोला, घुन्सा, याङ्मालगायतका स्थानमा माइनसमा तापक्रम झरेपछि घरमा नै राखेको खानेपानी जम्यो, नजिकैका कुवा र धारामा पानी जमेर सिसाजस्तै भएको छ तर अझै हिउँ भने नपरेको स्थानीयले बताएका छन्।

'चिसो अत्यधिक बढिरहेको छ, अकाश खुल्ला हुँदा हावा चलिरहेको छ र नजिकै यसअघिका वर्षमा हिउँले ढपक्क ढाक्ने पहाड काला छन्, बाह्रै महिना हिउँले भरिने हिमालका हिउँ क्रमश: घट्दै गएको छ' -गोलाका छेतेन शेर्पा बताउँछन्।

'वरपरका डाँडा उराठ लाग्दा छन्। कतै हरियो छैन। खेतबारी र बाटोमा धुलो उडेको छ। वरपर नांगै डाँडा र फुंग उडेको मैदान मात्र छ। कृषक अझै हिउँ पर्छ र माटो चिस्यान हुन्छ कि भन्ने पर्खाइमा छन्', घुन्साका टाँसी शेर्पा भन्छन्- 'हिउँ नपर्दा हिमालमा खडेरी लाग्छ।'

यो समयमा हिउँबिनाको ओलाङ्चुङगोला र घुन्साको अर्थ हुँदैन। सो स्थानमा मात्रै होइन पूर्वकै प्रसिद्ध तीर्थस्थल पाथिभरामा पनि हिउँ नपर्दा हिउँ खेल्न जाने योजना बनाएका युवाको योजना परिवर्तन गर्नुपर्ने भएको छ।

तल्लो फेंदी हुँदै सुकेटारसम्म झर्ने हिउँ त के यो वर्षको पुसमा बाक्लो तुसारो पनि नपरेको माथिल्लो फेंदीका स्थानीय इन्द्रनारायण भट्टराईको भनाइ छ। हिउँ नपर्दा स्थानपिच्छे स्थानीयलाई फरक-फरक पीडा पनि छ। गोला, घुन्साका स्थानीयलाई बालीनाली बिग्रन्छ कि भन्ने चिन्ता छ भने पाथिभरा क्षेत्रका स्थानीयलाई हिउँ खेल्न आउने ग्राहक भड्कन्छन् कि भन्ने पिरलो छ।

हिउँदको समयमा हिउँ पर्दा कृषि र चरन क्षेत्रलाई फाइदा त पुग्छ नै, हिउँले हिउँदको समयमा हुने आगलागीको जोखिमलाई पनि घटाएको हुन्छ। हिमाली बस्तीमा प्राय: सबै घरको छानो काठले बनाएको हुन्छ। सुकेको काठलाई हिउँ पर्दा ढपक्कै ढाकेको हुन्छ।

भित्र बालेको आगोले काठ भेटिहाले पनि हिउँको कारण बल्न पाउँदैन। हिउँदको समय अझै सुख्खा हुने हुँदा र हिउँ पनि नपरे ती बस्तीमा आगलागीको उच्च जोखिम हुने स्थानीयको भनाइ छ।

'अहिले हिउँ पनि परेन, हिउँ नपर्दा हिमाली क्षेत्र सुख्खा भएका पानीका मुहान र धारा पनि सुक्न थालेका छन् भने चिसो बढेकाले अलि-अलि भएको पानी पनि जम्दा पानी अभाव हुन्छ। यसै समयमा आगलागी भए नियन्त्रणको उपाय हुँदैन' -ओलाङ्चुङगोलका स्थानीय छेतेन शेर्पा बताउँछन्।

शेर्पाका अनुसार चिसो अत्यधिक बढ्दा कोही चौरी गोठसहित बेंशीतर्फ झरिरहेका छन्, कोही आलुसँग अन्न साट्न आउँनेलाई साट्न र बिक्री गर्न ती स्थानमा नै बसेका छन् आगलागी भएमा निभाउने उपाय नहुँदा हेरेर बस्नुबाहेक केही हुँदैन।

हिउँ नपर्दा बालीनालीमा सोझै असर पर्छ। हिउँ नपरे चिस्यान नपुगेर बाली सप्रिदैन, बीउ जोगाउन पनि गाह्रो हुन्छ। जाडोबाट बच्न बाली लगाएर हिमाली क्षेत्रका स्थानीय अधिकांश सदरमुकाम, बेंशी क्षेत्र र तराईतिर झर्छन्।

सामान्य हिउँ पर्‍यो भने माटो चिसो भइरहने हुनाले बाली पनि राम्ररी सप्रन्छ। तर यसपटक बाली लगाए पनि चिस्यान नहुँदा खास गरी जौ, उवा र आलुमा असर गरेको छ। यसको कारण हिमाली क्षेत्रमा कृर्षी जन्न उत्पादनमा कमी आउने सम्भावना रहेको छेतेनको भनाइ छ। हिउँ नपर्नुको असर पशुपालनमा पनि देखिएको छ।

हिउँले माटोमा चिस्यान भएर चरन क्षेत्र हरियो हुन्थ्यो। यसपटक त्यस्तो छैन। भेडा, चौरी र गाईलगायतका वस्तुभाउ चर्ने ठाउँका अधिकांश पाखा उजाड छन्। कात्तिकबाट नै हिउँ परेको भए यतिबेला हरियो भइसक्थ्यो माटोमा चिसो नहुँदा घाँस पलाउनै नसकेको स्थानीय बताउँछन्।

# मनाङमा माइनस १६ डिग्रीसम्म मापन, जनजीवन प्रभावित

मनाङ, (नेस)

हिमालपारिको जिल्ला मनाङको तापक्रम माइनस १६ डिग्री पुगेकाले जनजीवन पूरै प्रभावित भएको छ। देशभर नै चिसो बढिरहेको बेला अत्यधिक न्यून तापक्रमकै कारण मनाङमा रातको बेला जमिनमा परेको शीतसमेत बरफमा परिणत भएको हो।

मनाङमा सर्वाधारण बाहिर देखिन छाडेका छन्। यतिबेला सरकारी कार्यालयहरूका कर्मचारी मात्र देखिने गरेका छन्। चिसोले घरबाहिर निस्कन नसक्दा जनजीवन प्रभावित भएको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तले बताए। उनका अनुसार जिल्ला सदरमुकाम चामेको न्यूनत्तम तापक्रम माइनस १६ डिग्रीसम्म मापन गरिएको छ। उनले भने- 'हाम्रो आफ्नैमा तापमापन यन्त्र छैन, गुगलबाट लिएको डाटा हो, सोमबार चामेको न्यूनत्तम तापक्रम १२ डिग्री थियो, आज मंगलबार घाम लागेकोले केही कम हुने अनुमान छ। माथिल्लो मनाङमा १६ डिग्रीसम्म माइनस देखियो, यहाँ मर्स्याङ्दी ठूलो नदी भएकाले त्योसम्म त बगेको छ, अरू स-साना खोला सबै ठप्प छन्।'

पिउने पानीका मुहान जमेका तथा खोलामा बग्ने गरेका पानी प्रवाह पनि जमेर रोकिएको छ। स्थानीयबासीसमेत प्राय: ढोका लगाएर घरभित्रै बस्ने गरेको छन्। अत्यधिक चिसो बढेपछि यहाँ रहेका बासिन्दा जाडो छल्न काठमाडौं, पोखरा, नारयणगढ र केही लमजुङमा झर्ने गर्दछन्। यस्तो समयमा गाउँघरमा घर कुर्ने चौरी हेर्ने र हिउँ फाल्ने बासिन्दा मात्र बस्ने गर्दछन्। जाडो छल्नका लागि कतिपय व्यक्ति यही मौकामा भारतको बोधगया जाने गर्दछन्।

मंसिरको अन्तिम साताबाट नै मनाङमा मानिसको आवतजावत कम हुने गर्दछ। चिसो मौसमकै कारणले गर्दा माथिल्लो मनाङका विद्यालय हरेक वर्ष जाडोको मौसममा तीन महिना बन्द हुने गरेको जिल्ला शिक्षा अधिकारी टुकराज अधिकारीले बताए।

# नरभक्षी चितुवाको अनुसन्धान शुरु

बैतडी, (नेस)

बैतडीको तल्लोस्वराड क्षेत्रमा नरभक्षी चितुवाको अनुसन्धान थालिएको छ। नेपाल जैविक विविधता अनुसन्धान समाजले अनुसन्धान थालेको हो। तल्लोस्वराडमा विसं २०६८ सालदेखि हालसम्म २३ जनाले चितुवाको आक्रमणबाट ज्यान गुमाएका छन् भने केही घाइते भएका छन्।

नेपाल जैविक विविधता अनुसन्धान समाजले तल्लोस्वराड क्षेत्रको विशालपुर, उदयदेव, आमचौरा, पञ्चेश्वरलगायतका ठाउँमा फेरि दोस्रो पटक अनुसन्धान थालेको अनुसन्धान कर्ता धीरेन्द्रबहादुर चन्दले बताउनुभयो। उहाँले भन्नुभया- 'चितुवाको चलखेल, आक्रमणका कारण र न्यूनीकरणको उपायबारे अनुसन्धान थालेका छौं।'

जनतासँगको प्रत्यक्ष घरदैलो अभियान गरी चितुवाको आक्रमणबारे थाहा पाउनु, त्यसको आहार-विहारलगायत वासस्थान र चेतनामूलक कार्यक्रम गरिने टोलीका अर्का सदस्य मनिदत्त भट्टराईले जानकारी दिनुभयो। जनतासँगको अन्तरक्रिया गरी चितुवाको बासस्थान पत्ता लगाई २ दर्जन स्वचालित क्यामेरा जडान गरिने उहाँले बताउनुभयो।

६ वर्षदेखि चितुवाले थालेको आतंक अझै नरोकिएकाले नागरिक त्रासमा बसिरहेका छन्। आफूहरू अहिले पनि चितुवाको त्रासमा बस्न बाध्य भएको स्थानीय करण विष्टले बताउनुभयो। 'बालबालिकालाई एक्लै विद्यालय पठाउन डर लाग्छ', उहाँले भन्नुभयो- 'कतिबेला चितुवाले आक्रमण गर्छ, थाहा हुँदैन, त्रास नै त्रासमा बाँच्नु परेको छ।'

केही घाइतेले अहिलेसम्म पनि राहत पाएका छैनन्। गत भदौमा मकैबारीमा घाँस काटिरहेका बेला घाइते भएकी मेलौली नगरपालिका-९ की ४० वर्षीया कुन्दादेवी भट्टले आफूले उपचार खर्चसमेत नपाएको गुनासो गर्नुभएको छ।

# विद्यालयको भवन नबन्दा पठनपाठनमा समस्या

पर्वत, (नेस)

पर्वतको कुश्मा नगरपालिका-१२ ठूलीपोखरीमा रहेको त्रिभुवन आधारभूत विद्यालयको भवन पुनर्निर्माण नहुँदा पठनपाठनमा समस्या भएको हो।

भूकम्पले क्षति पुगेको २ वर्ष बिते पनि विद्यालय मर्मत तथा पुनर्निर्माण नहुँदा विद्यालयले बहुकक्षा सञ्चालन गर्दै आएको छ। २०७२ सालमा आएको भूकम्पले विद्यालय भएको भवनमा क्षति पुगेको थियो।

एउटै कक्षाकोठामा बहुकक्षा सञ्चालन हुँदा हल्ला हुने, आवाज नसुनिने र गर्मीको समयमा पोल्ने भएकाले विद्यालयका पठनपाठन प्रभावित भएको विद्यालयको भनाइ छ। 'भूकम्पले पाँच वटा कक्षाकोठामा क्षति पुर्‍याएको छ', विद्यालयका प्रधानाध्यापक दिनेश सुवेदीले भने- 'भवन मर्मतका लागि आवश्यक बजेट नहुँदा वर्षेनी समस्या बढ्दै गएको छ।' जिल्ला शिक्षा कार्यालयबाट हाल दुई कोठे भवन निर्माणका लागि बजेट विनियोजन भए पनि कक्षाकोठाको अभाव खड्किरहने सुवेदीको भनाइ छ।

२०२२ सालमा स्थापना भएको विद्यालयलाई २०६८ सालमा निम्न माध्यमिक तहमा सञ्चालन गरिएको थियो। वर्षेनी विद्यार्थीको संख्या बढ्दै गए पनि भवन अभावका कारण विद्यार्थी फिर्ता गर्नुपरेको विद्यालयका अध्यक्ष देवीकुमारी सापकोटाले बताउनुभयो। विद्यालयमा शिक्षक दरवन्दीको समेत समस्या रहेको छ।

निम्न मावि तहमा शिक्षक दरवन्दी नहुँदा निजी स्रोतबाट कक्षा सञ्चालन गर्नुपरेको उहाँको भनाइ छ। विद्यालयको समस्याबारे जिल्ला शिक्षा कार्यालय पर्वतमा पटक-पटक जानकारी गराउँदा पनि बेवास्ता गरेको सापकोटाको गुनासो छ।

# निःशुल्क स्वास्थ्य शिविरबाट ५ सय लाभान्वित

लमजुङ, (नेस)

जिल्लाको विकट क्षेत्र विचौरमा आयोजना गरिएको निःशुल्क स्वास्थ्य शिविरमा ५ सय २५ जना लाभान्वित भएका छन्। सो शिविर दूधपोखरी गाउँपालिका, लमजुङ जिल्ला अस्पताल, लमजुङ सेवा समिति हङकङ र विचौर स्वास्थ्य चौकीको संयुक्त आयोजना तथा रेडियो मर्स्याङ्दीको सहयोगमा सञ्चालन भएको हो।

दूधपोखरी गाउँपलिकाको विचौर स्वास्थ्य चौकीमा सञ्चालन भएको एक दिने निःशुल्क स्वास्थ्य शिविरमा विभिन्न स्वास्थ्य समस्या भएका ५ सय २५ जनाले स्वास्थ्य परीक्षण गराएको दूधपोखरी गाउँपालिकाका अध्यक्ष खुसीमाया गुरुङले बताउनुभयो। उहाँका अनुसार शिविरमा दूधपोखरी गाउँपालिका विचौर, ठूलोकाभ्रे, सानोकाभ्रेलगायतका स्थानीयले सेवा लिएका छन्। शिविरमा अधिकांशको आँखा र दाँतसम्बन्धी समस्या देखिएको स्वास्थ्यकर्मीले बताएका छन्।

नेपाल अर्बुद रोग निवारण संस्थाको
अत्यन्त जरूरी सूचना

यही २०७४ पुस २९ गते शनिबार हुने य संस्थाको ३१ औं स्थापना दिवस एवं स्वागत सम्मान कार्यक्रममा यस संस्थाका आजीवन सदस्यज्यूहरुलाई ललितपुरको मानभवनस्थित क्रिष्टल पार्टी प्यालेसमा बिहान ९: ३० बजे अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

नेपाल अर्बुद रोग निवारण संस्था
ललितपुर शाखा

प्रेस विज्ञप्ती

नेपालवन पैदावार उद्योग व्यवसायी संघ, रुपन्देहीका सदस्यएवं देवदह नगरपालिका-५, खैरेनी निवासी उज्जवल स:मिलका संचालक काठ/फर्निचर व्यवसायी बसन्त पौडेल (बलु) को मिति २०७४ पौष २१ गते आफ्नो उद्योग भित्र गोलि प्रहार गरी निर्मम हत्या गरिएकोले नेपाल बन पैदावार उद्योग व्यवसायी महासंघ स्तब्ध भएको छ। नेपालमा कानुन सम्मत स्वतन्त्र व्यवसायीकरण गर्न पाउने अधिकार हुँदाहुँदै पनि शान्ती सुरक्षाको चुस्त व्यवस्था नहुँदा सबै खाले व्यवसायहरु धरासय हुँदै गएको सर्व विधितै छ। व्यवसायी संचालनको लागि शान्ति सुरक्षाको माग गर्दै रुपन्देहीमा भएको क्रुर र अमानवीय घट्ना प्रति महासंघको गम्भिर ध्यानाकर्षण भएको छ। स्वतन्त्र र सुरक्षित व्यवसायको माग गर्दै राज्यको तर्फबाट पूर्ण सुरक्षाको व्यवस्था होस् र हत्यारालाई यथासिघ्र गिरफ्तार गरी कडा भन्दा कडा कारबाही गरी उचित क्षतिपूर्तिको राज्यबाट तत्काल व्यवस्था गर्न महासंघ जोडदार माग गर्दछौं। यस दुखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि यस महासंघ ईश्वरसँग प्रार्थना गर्दछौं।

श्याम सुन्दर ढकाल
अध्यक्ष

नेपालवन पैदावार उद्योग व्यवसायी महासंघ
परिवार

भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः
१ जेठ, २०१२

स्व. रामजी शर्मा

स्वर्गारोहण मितिः
१४ पुस, २०७४

यस पञ्चकन्या ग्रुपको कारखाना कार्यालय कोटीहवा, भैरहवामा मेनेजर-क्वालिटी कन्ट्रोल (स्टील) पदमा कार्यरत श्री रामजी शर्माको यही मिति २०७४/०९/१४ गतेका दिन असामायिक निधन भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं। यस दुःखद घडीमा परमेश्वरले शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं। साथै दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

पञ्चकन्या ग्रुप
परिवार



# विश्व

**क्षमायाचना**

अमेरिकी सेनाले जापानी भूभागमा हुने गरेका आफ्ना उपकरणको दुर्घटनाप्रति क्षमायाचना गरेको छ।



**पुष्टि**

थाइल्यान्डको विदेश मन्त्रालयले मंगलबार पूर्व थाई प्रधानमन्त्री यिंगलक सिनावात्रा बेलायतमा रहेको पुष्टि गरेको छ।





विश्व २ मिनेट

**जापान**

## अमेरिकाले क्षमा माग्यो

टोक्यो, (एजेन्सी)

जापानले मंगलबार संयुक्त राज्य अमेरिकाले जापानी भूमिमा आफ्ना सैन्य उपकरणहरू संलग्न शृंखलाबद्ध दुर्घटनालाई लिएर क्षमायाचना गरेको जनाएको छ। जापानको दक्षिणी टापु ओकिनावाका गभर्नर ताकेसी ओनागाले यस्ता घटनामा दुईवटा अमेरिकी सैनिक हेलिकोप्टरको आपतकालीन अवतरणलाई पनि उल्लेख गरेको बताएका छन्। अमेरिकाले यस्ता घटनालाई लिएर अमेरिकी सेनाले लज्जित महसुस गरेको बताएको छ। ओकिनावामा ठूलो संख्यामा अमेरिकी फौज तैनाथ गरिएको छ। जापानी रक्षामन्त्री इत्सुनोरी ओनोदेराले आफूलाई अमेरिकी समकक्षीले यस विषयमा क्षमा माग्दै पत्र पठाएको पत्रकारहरूसमक्ष पुष्टि गरेका छन्।

**अमेरिका**

## गल्तीवश आगलागी

रेडिङ, (एजेन्सी)

अमेरिकाको उत्तरी क्यालिफोर्नियाको रेडिङ शहरमा एकजना पुरुषको गल्तीका कारण एउटा अपार्टमेन्टमा आगलागी भएको अमेरिकी सञ्चार माध्यमले जनाएको छ। सोही फ्ल्याटमा बसोबास गर्दै आएका एकजना प्रत्यक्षदर्शीले उनले एउटा ठूलो माकुरालाई जिउँदै जलाउन खोज्दा सो दुर्घटना घटेको जानकारी एउटा स्थानीय अखबारलाई दिएका छन्। तर सो आगलागीमा माकुरा मर्‍यो वा मरेन भन्ने पुष्टि हुन सकेको छैन। यस घटनामा कसैलाई चोटपटक नलागे पनि सो अपार्टमेन्टमा रहेका सम्पूर्ण व्यक्तिलाई तत्काल त्यहाँबाट अन्यत्र लगिएको प्रहरीले जनाएको छ। अग्निनियन्त्रकहरूले भने ब्लोटर्चबाट आगो लागेको अनुमान गरेको छ।

**सिरिया**

## इजरायली हवाई आक्रमण

दमास्कस, (एजेन्सी)

इजरायली सेनाले रातभरि सिरियाली इलाकामा हवाई आक्रमण तथा रकेट प्रहार गर्दा एउटा सैन्य अड्डानजिकै क्षति पुगेको सिरियाली सेनाले जारी गरेको एक विज्ञप्तिमा उल्लेख गरेको छ। सन् २०११ मा सिरियामा द्वन्द्व शुरू भएपछि इजरायली सेनाले सिरियाली सेना र हेज्बुल्लाहमाथि आक्रमण गर्दै आइरहेको छ। इजरायली सेनाले उत्तरपूर्वी दमास्कसको कुटायफेहमा गरेको हवाई आक्रमणको प्रतिकारमा सिरियाली सेनाले उसका विमानमध्ये एउटालाई प्रहार गरेको जनाएको छ। सिरियाली हवाई प्रतिरक्षाले एउटा रकेटलाई बीचैमा ध्वस्त पारेको तर अन्य कयौं रकेट एक सैन्य अड्डानजिक प्रहार भएको बताइएको छ।

**अमेरिका**

## स्पेस एक्स असफल

केप क्यान्वेरल, (एजेन्सी)

स्पेस एक्सको पछिल्लो रकेट प्रक्षेपण सफल भए पनि यसले आफ्नो उद्देश्य पूरा गर्न भने असफल रहेको देखियो। उक्त रकेटले बोकेको अमेरिकी सरकारको अन्त्यन्त गोप्य जासुसी भूउपग्रह जुमालाई कक्षमा छोड्न नसकेपछि गुमेको बताइएको छ। फाल्कन ९ रकेटले पहिलो चरण पूरा गर्दै दास्रो चरणमा उक्त भू-उपग्रहलाई अलग्याउन नसकेपछि गुम्न पुगेको हो। उक्त भू-उपग्रह अन्तरिक्षमा पुगेपछि रकेटबाट छुट्टिन नसक्दा पृथ्वीको वायुमण्डल हुँदै खसेको हुनसक्ने डब्ल्यूएसजेले जनाएको छ। पृथ्वीमा खस्ने क्रममा यो भू-उपग्रह जलेको हुनसक्ने जनाइएको छ।

# चिनियाँ बच्चाहरुले लगाउने अनौठो पाइन्ट 'कई डांग कु'



बेइजिङ, (एजेन्सी)

चीनमा बच्चाहरूलाई दिसा बस्न सजिलोका लागि पछाडि खुला भएको पाइन्ट लगाइदिनु परम्परा नै हो। बच्चाहरू गल्ली, पार्क वा सपिङ सेन्टरमा सार्वजनिक स्थलमै थचक्क बसेर शौच गर्नु चीनमा सामान्य मानिन्छ।

बच्चालाई हिँडडुल गर्दा असजिलो नहोस् भनेर चीनका धेरैले उनीहरूलाई यस प्रकारको पहिरन लगाइदिएका हुन्छन्। यसलाई 'कइ डांग कु' भन्ने गरिन्छ। यो एक प्रकारको विशेष पाइन्ट हो। जसको पछाडिको हिस्सामा ठूलो प्वाल हुने गर्छ। पहिलाको तुलनामा अब यसको कम प्रयोग हुने गर्छ तर यो चलन अन्त्य पनि भएको छैन। विदेशीहरू यस प्रकारको पाइन्टको अर्थ नबुझ्न सक्छ। बाहिरबाट आउने धेरैका लागि यो राम्रो बानी होइन भन्ने लाग्न सक्छ र यसले बच्चालाई समस्या हुन्छ भन्ने सोच्न सक्छन्।

ब्राजिलबाट हालै मात्र बेइजिङ बस्न आएका एक वकिलले भने- 'गत हप्ता म बेइजिङको एक महँगो सपिङ सेन्टर गएको थिएँ। मैले त्यहाँ एक बच्चा थचक्क बसेर दिसा बसिरहेको देखें। फेरि मैले उसकी आमाले दिसा सफा गरिरहेको पनि देखें। मलाई अच्चम्म लाग्यो। यो सबै अनौठो थियो।'

चिनियाँहरूमा यस्तो पाइन्ट लगाउनाले बच्चाले चाँडै वासरुमको प्रयोग गर्न सिक्छ भन्ने धारणा छ। डायपर लगाउने बच्चाहरूले वासरुम जाने बानी ढिलो गरी सिक्छन्।

चिनियाँ बच्चाको यो पहिरनले मान्छेहरूको यसरी ध्यान तानेको छ कि इन्टरनेटमा यस विषयमा कुरा गर्न एउटा फोरम नै बनाइएको छ। 'कई डांग कु'को लोकप्रियता चीनमा व्यापक देखिन्छ। चीनको प्राय: बजारका लुगा पसलहरूमा बिना प्वाल भएको पाइन्ट पाउन कठिन छ।

यो पाइन्टको बेफाइदा भनेको बच्चाले जहाँ पनि दिसा बस्न सक्छ। यसको नतिजा सार्वजनिक स्थानमा फोहर र दुर्गन्ध फैलिन्छ। यसले रोग निम्त्याउँछ। यो समस्या शहरको तुलनामा चीनका गाउँको स्थिति अन्त्यन्तै खराब छ। विश्वमा 'कई डांग कु'को प्रयोग पर्यावरणका लागि राम्रो हो वा होइन भन्ने विषयमा विवाद नै भइरहेको छ।

यसको प्रयोगबाट कयौं टन फोहरको खतरा कम भइरहेको अनुमान गरिएको छ। कयौं युरोपेली देशमा अहिले अभिभावकहरूलाई बच्चाका लागि कपडाको डायपर प्रयोग गर्न आह्वान गरिरहेका छन्।

यद्यपि चिनियाँ डाक्टरहरूले भने डिस्पोजेबल डायपरको प्रयोग गर्नु राम्रो हुने निष्कर्षमा पुगेका छन्। यसलाई छिटो छिटो फेर्न पर्ने हुन्छ, अन्यथा बिरामी हुने खतरा हुन्छ। यो बाहेक डायपरको प्रयोग अब प्रतिष्ठाको विषयसँग पनि हेर्न थालिएको छ।

# दंगावाज कुख्यात लागूऔषध तस्कर पक्राउ



रियो दि जेनेरो, (एजेन्सी)

ब्राजिलको प्रहरीले नयाँ वर्षको दिन एउटा करागारमा डरलाग्दो किसिमले दंगा मच्चाउन आदेश दिएको अभियोगमा एक जना कुख्यात लागूऔषध तस्करलाई आइतबार गिरफ्तार गरेको छ।

केन्द्रीय राज्य गोइयासस्थित एउटा कारगारमा शुरू भएको उक्त हिंसात्मक दंगामा ९ जना कैदीको ज्यान जानुका साथै अन्य १४ जना घाइते भएका थिए। यस घटनाका लागि जिम्मेवार ठहराइएका ३४ वर्षीय स्टेफन डि सुजा भिएरालाई रियो दि जेनेरो राज्यको एउटा आलिसान फ्ल्याटबाट गिरफ्तार गरिएको थियो। गत नोभेम्बरदेखि उनी कारगारबाट फरार कैदीको सूचीमा रहेका थिए। प्रहरीका अनुसार उनी ब्राजिलभरि लागूऔषधको कारोबार गर्ने रेड कमान्ड नामक आपराधिक समूहका नाइके हुन्। अवैध लागूऔषध ओसार पसार गरेको अभियोगमा २६ वर्ष लामो सजाय भोगिरहेका भिएरा उर्फ बीएच अपारेसिडा दि गोइयानिया कारागारबाट भाग्न सफल भएका थिए।

प्रहरीका अनुसार कारगार बाहिरबाटै आफ्नो समूहका कैदीहरूलाई नियन्त्रणमा राख्ने गरेका उनले कारगारमा सशस्त्र दंगाका लागि आदेश दिने गरेका थिए। ती कैदीहरूले थुप्रै पटक कारागारमा आफ्नो विरोधी समूहका सदस्यहरूमाथि सांघातिक आक्रमण गर्दै म्याट्रेसमा आगो लगाउँदै आएका थिए।

दंगाका क्रममा कारागारबाट भागेका सयभन्दा बढी कैदीमध्ये अझै दर्जनौं फरार रहेका छन्। भिएरालाई समुद्री तटको क्याबो फ्रियो रिसोर्टको एक फ्ल्याटबाट पक्राउ गरिएको हो। उनको साथबाट थुप्रो परिमाणमा नगद, महँगो गरगहना, मोबाइल फानेहरू र लागूऔषध कारोबारसम्बन्धी विवरण उल्लिखित नोटबुकहरू पनि बरामद भएको प्रहरीले जनाएको छ।


**Pokhara-Lekhnath Metropolitan city**
**Office of Municipal Executive**
Newroad, Kaski
Province No. 4, Nepal

**Invitation for Bids**

**IFB No: 05/PLMC/074-75**
**Date of publication: January-10, 2018 (2074/09/26)**

1. Pokhara-Lekhnath Metropolitan city, Office of Municipal Executive, Newroad Pokhara has grant from road board Nepal for following Projects. Bidding is open to all eligible Nepalese Bidders.
2. Pokhara-Lekhnath Metropolitan city, Office of Municipal Executive, Newroad Pokhara invites sealed bids or electronic bids from eligible bidders for the construction of ***following Project*** under National Competitive Bidding procedures. Only eligible bidders ***as per clause 40(2) of PPR 2064*** should participate in this bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Pokhara-Lekhnath Metropolitan city, Office of Municipal Executive, Newroad Pokhara ***[Telephone: 061-521105, Fax: 061-520600, email:pokharalekhnathmun@gmail.com]*** or may visit PPMO website www.bolpatra.gov.np.
4. A complete set of Bidding Documents may be purchased from the office Pokhara-Lekhnath Metropolitan city, Office of Municipal Executive, Newroad Pokhara by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***amount 3000 .00*** till **Feb-08, 2018 (2074/10/25) within office hour.**
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Rastriya Banijya Bank, Prithvi chowk, Pokhara**
   Name of Office: Pokhara-Lekhnath Metropolitan city, Office of Municipal Executive, Newroad Pokhara
   Office Account no **3020304018106**
5. If the bidder wish to submit bid security in the form of cash should be deposited in following Account.
   Name of the Bank: **Rastriya Banijya Bank, Prithvi chowk, Pokhara**
   Name of Office: Pokhara-Lekhnath Metropolitan city, Office of Municipal Executive, Newroad Pokhara
   Office Account no 30303007106
6. Sealed or electronic bids must be submitted to the office Pokhara-Lekhnath Metropolitan city, Office of Municipal Executive, Newroad Pokhara by hand/courier or through PPMO website www.bolpatra.gov.np. on or before **12:00 Noon on Feb-09, 2018 (2074/10/26)**. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hr. on Feb-09, 2018 (2074/10/26)** at the office of Pokhara-Lekhnath Metropolitan city, Office of Municipal, Newroad, Pokhara.
8. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting mentioned below, which shall be valid for 30 days beyond the validity period of the bid.(i.e 120 days)
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The PLMC office reserves right to accept or reject any or all bids or annul the bidding process and reject all bids without assigning any reason, whatsoever.

| S. No. | Contract ID No. | Name of Project | Cost Estimate (Excluding VAT ) NRs. | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | 15/PLMC/NCB/W/074-75 | Maintenance of City Road (Package -1) | 48,80,299.76 | 1,48,000.00 |
| 2 | 16/PLMC/NCB/W/074-75 | Maintenance of City Road (Package -2) | 44,67,610.71 | 1,35,000.00 |
| 3 | 17/PLMC/NCB/W/074-75 | Maintenance of City Road (Package -3) | 80,49,300.74 | 2,40,000.00 |
| 4 | 18/PLMC/NCB/W/074-75 | Maintenance of City Road (Package -4) | 40,99,330.27 | 1,23,000.00 |

**Chief Administrative Officer**



मण्डनदेपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रे
३ नं. प्रदेश, नेपाल ।

**कर्मचारीहरु भर्ना सम्बन्धी मण्डनदेउपुर नगरपालिकाको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७४/०९/२६**

यस मण्डनदेउपर नगर कार्यपालिकाको प्रथम नगर सभाबाट परित वार्षिक नीति बजेट तथा कार्यक्रम अनुसार र मिति २०७४/०९/११ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार यस नगरपालिकामा निम्न पदहरुमा कारार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले यस नगरपालिकाको कार्यालयबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७४/१०/०९ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | विज्ञापन किसिम | पद संख्या |
|---|---|---|---|---|
| १ | ०४/२०७४-०७५ | सहायकस्तर प्रथम तह (का.स.) | खुला | १ |
| २ | ०५/२०७४-०७५ | कार्यालय सुरक्षा गार्ड | खुला | २ |
| ३ | ०६/२०७४-०७५ | अ.न.मी. | खुला | १ |

**परीक्षाको किसिम :-** अन्तर्वार्ता ।
**दरखास्त दस्तुर :-** सहायकस्तर प्रथम तह का.स. - रु २००
अ.न.मी. रु. ५००।
कार्यालय सुरक्षा गार्ड - रु २००

**दरखास्त दिने अन्तिम मिति :-** २०७४/१०/०९ गते सम्म ।
**उम्मेदवारको उमेरको हद :-** २०७४/१०/०९ सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** TOR मा उल्लेख भए अनुसार
**तलब :-** सहायकस्तर प्रथम तह (का.स.)को हकमा मासिक रु १७,२३०।
कार्यालय सुरक्षा गार्डको हकमा मासिक रु १५,०००।
अनमीको हकमा प्रचलित तलब स्केल अनुसार

**शैक्षिक योग्यता :**
**सहायकस्तर प्रथम तह (का.स.) :-** एस.एल.सी वा सो सरह उत्तिर्ण गरेको ।
**कार्यालय सुरक्षा गार्ड :-** एस.एल.सी वा सो सरह उत्तिर्ण गरेको । सम्बन्धित क्षेत्रमा तालिम तथा अनुभव प्राप्त व्यक्तिलाई ग्राहयता दिईनेछ ।
**अ.न.मी . :-** अ.न.मी./स्टाफ नर्स पास, नर्सिङ परिषदमा दर्ता भएको, स्वास्थ्य सेवा ऐन २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको, -SBA तालिम लिईएकोलाई प्राथमिकता)



**मोटरसाईकल हराएको सूचना**

मिति २०७४ साल पौष १७ गते सोमबार साँझ करिव ५:३० बजेको समयमा जिल्ला उदयपुर त्रियुगा नपा १२ स्थित डिएमगेट नजिकबाट स८प३७५५ नम्बरको कालो रङको २२०ccको इन्जिन नम्बर DKYCHL-९४११३ चेचिस नम्बर MD2A13 Ey1Hcl -15816 पल्सर मोटर साइकल हराएको हुनाले फेला पार्नुहुने महानुभावले जिल्ला प्रहरी कार्यालय उदयपुरमा बुझाइदिनुहुन वा खबर गरिदिनुहुन अनुरोध गरिन्छ।

> विद्याश्रममा अध्ययनका लागि आउने बालकहरूको पारिवारिक अवस्थासमेत निक्कै कमजोर रहेको र केही त आमाबुवा नै नभएका टुहुरा रहेकाले उनीहरूले घरबाट खर्च ल्याउन सक्ने अवस्था नरहेको उहाँको भनाइ रहेको छ।

# बुहारीमाथि यौन हिंसा गरेको आरोप

**नेपाल समाचारपत्र**

वीरगन्ज

महिला आयोगकी पूर्वअध्यक्ष शेष चाँद ताराका पति एवम् वीरगन्जका १ जना अधिवक्ता मन्सुरबाबु सिद्दकी कि बुहारीले आफूलाई पटक-पटक बलात्कारको प्रयास गरेको आरोप लगाउँदै प्रहरी कार्यालयमा उजुरी दिएकी छिन्।

सिद्दकीले धर्म परिवर्तन गराई हिन्दूबाट मुस्लिम बनाउदै धर्म छोरा बनाएका वीरगन्ज १३ राधेमाई बस्ने २८ वर्षे युवककी श्रीमती रहेकी १८ वर्षे किशोरीले जबरजस्ती करणी गर्न प्रयास गरेको अभियोगमा मुद्दा चलाउन माग गर्दै जिल्ला प्रहरी कार्यालय पर्सालाई जाहेरी दिएकी हुन् ।

वीरगन्ज महानगरपालिका-१३ राधेमाईमा डेरामा बस्दै आएका अधिवक्ता मन्सुरेले पर्सा जिल्लाको धोबिनी घर भएका विकास पटेललाई धर्म परिवर्तन गराई विकाउ मियाँ नामाकरण गरी छोरा मानेका छन्। विकाउको यसअघि बिहे असफल हुदै श्रीमतीसँग सम्बन्ध बिच्छेद भइसकेको छ। उनले दोस्रो श्रीमतीको रूपमा कलैया कि १८ वर्षे किशोरीलाई मुस्लिम परम्पराअनुसार विवाह गरेको र उनले नै प्रहरीलाई उजुरी दिएकी हुन्।

'ससुरा माहापापी छ, श्रीमान्लाई घरबाहिरबाहिर राख्ने र मलाई अँगालो हाल्ने, ओछ्यानमा पछार्ने र जबरजस्ती गर्न खोज्दा मैले नमानेपछि सासूले मलाई कुटेकी थिइन्,' जाहेरीकर्ता किशोरीले भनिन्, 'मेरो सासूको दोस्रो श्रीमान् हुन मन्सुर र मन्सुरको दोस्रो श्रीमती हुन् मेरो सासू। उनले भनिन्- मसँग नाजायज सम्बन्ध गराउन सासूले नै दबाब दिएपछि घरबाट भागेर मेरो बाबुको मामाघर गहवामा लुकेको थिएँ।' किशोरीद्वारा आरोप लगाएका सिद्दिकीले भने आफ्नो बाबुको इशारामा पैसा हत्याउने उद्देश्यले गलत आरोप लगाएको बताए।

यसअघि गत पुस १८ मा ती किशोरी श्रीमान्को घरभित्रै असुरक्षित भएको सूचना पाएपछि वडा प्रहरी कार्यालय श्रीपुरले घरबाट पूरै परिवारलाई भिकाइ लामो सोधपुछपछि फिर्ता पठाएको थियो। त्यही राति किशोरी भागेको परिवारले जनाएको छ। किशोरीले लगाएको आरोपलाई केन्द्रमा राखेर अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक रेग्मीले बताए।

## प्रहरीविरुद्ध अनेरास्ववियुको उजुरी

काठमाडौं, (नेस)

नेकपा (एमाले) निकट अनेरास्ववियुले प्रहरीलाई कारबाहीको माग गर्दै राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरेको छ। शान्तिपूर्ण आन्दोलनमा लाठी र अश्रुग्यास प्रहार गर्ने प्रहरीलाई कारबाहीको माग गर्दै मंगलबार आयोगमा उजुरी दर्ता गराएको अनेरास्ववियुका नेता गोपाल रेग्मीले जानकारी दिनुभयो।

यही पुस १८ गते इन्धनको मूल्य बृद्धिविरुद्ध शान्तिपूर्ण आन्दोलन गरिरहेका बेला अमानवीय ढंगले प्रहरीले कुटपिट गरेको भन्दै अनेरास्ववियुले कारबाहीको माग गरेको छ। उक्त आन्दोलनका क्रममा अनेरास्ववियुका उपाध्यक्ष महेश बर्तौला, महासचिव ऐन महर र शेखर बोहरालगायत घाइते हुनुभएको थियो।

# जीवन रक्षामा लाग्न प्रशासनको आग्रह

**नेपाल समाचारपत्र**

राजविराज



जिल्ला दैवी प्रकोप उद्दार समिति सप्तरीले शीतलहरका कारण जोखिममा रहेकाहरूको जीवन रक्षा र उद्दारका गम्भीर भएर लाग्न सरोकारवालालाई निर्देशन दिएको छ।

समितिका संयोजकसमेत रहेका सीडीओ भागीरथ पाण्डेयको अध्यक्षतामा बसेको सरोकारवालासहितको बैठकले चिसोका कारण जनधनको क्षति भएको र जनजीवन कष्टकर भएको भन्दै यस्तो निर्देशन जारी गरेको हो।

वैठकमा शितलहरका कारण थप मानवीय क्षति हुन नदिनका लागि प्रमुख जिल्ला अधिकारी पाण्डेयले आ-आफ्नो क्षेत्रमा गम्भीरतापूर्वक लाग्न आग्रह गरेका थिए। शितलहर पीडितका लागि विभिन्न क्षेत्रबाट हालसम्म भएका प्रयासका विषयमा सीडीओले चासो राखेका थिए।

उनले शीतलहर पीडित दलित र विपन्न समुदायका नागरिकहरूका लागि तत्काल न्यानो कपडा, कम्बल, दाउरा बाँड्न स्थानीय तहका प्रमुख तथा पदाधिकारीहरूलाई आग्रहसमेत गरेका छन्। यसै गरी, आवश्यक उपचारसहितका स्वास्थ्यकर्मीहरूको टोली सम्बन्धित क्षेत्रमा पठाउन पनि निर्देशन दिए।

बैठकमा नेपाल प्रहरीका, सशस्त्र प्रहरी, नेपाली सेनालगायत सुरक्षा निकायका प्रमुखहरू, १८वटै स्थानीय तहका कार्यकारी अधिकृत, स्थानीय तहका प्रमुखहरू, जिल्ला जनस्वास्थ्य कार्यालय, रेडक्रस सोसाईटीका प्रमुख तथा प्रतिनिधिहरूको सहभागीता थियो।

# अस्पताल भवनको शिलान्यास

म्याग्दी, (नेस)

म्याग्दीको सदरमुकाम बेनीबजारस्थित बेनी अस्पताल परिसरमा डाक्टर क्वाटर भवन निर्माणका लागि मंगलबार शिलान्यास भएको छ। आधुनिक सुविधासम्पन्नसहित भूकम्प प्रतिरोधात्मक बन्ने भवनको एक औपचारिक कार्यक्रममार्फत निर्माणको शुरुआत गरिएको हो।

डा. क्वाटर भवन र नर्सिङ क्वाटर भवनको अस्पताल विकास समितिका अध्यक्ष माधवप्रसाद रेग्मी र जिल्ला स्वास्थ्य प्रमुख डा. रोशन न्यौपानेले संयुक्त रूपमा शिलान्यास गरेका थिए। धार्मिक परम्परा र विधिअनुसार पूजाआजा गरी निर्माणाधीन भवनको जगमा शिलान्यास गरिएको थियो।

शहरी आवास तथा भवन डिभिजन कार्यालय बागलुङमार्फत निर्माण हुने डा. क्वाटर भवनको कुल लागत १ करोड २८ लाख ७७ हजार ८८९ रूपियाँ रहेको बेनी अस्पतालले जनाएको छ। यसैगरी नर्सिङ क्वाटरको ८४ लाख ४० हजार ८८९ रूपियाँ रहेको छ। दुवै भवनको महादेव नाना जेभी म्याग्दी गलेश्वरका प्रोप्राइटर कृष्णकुमार शेरचनले निर्माणको जिम्मेवारी लिएका छन्।

आगामी १८ महिनाभित्र निर्माणसम्पन्न गरिसक्ने लक्ष्य राखिएको दुवै भवनको दुईदुई तला र चारचारवटा कोठा रहने निर्माण व्यवसायी शेरचनले बताए। उनका अनुसार दुवै भवन आधुनिक सुविधासम्पन्न तथा भूकम्प प्रतिरोधात्मक बन्ने भएका छन्। भवनभित्र किचनसहित एट्याच बाथरुम, लिभिङ रुमलगायतका कोठाहरू निर्माण गरिने बताइएको छ।

निर्माणाधीन दुवै भवनमा आवासका लागि डाक्टर तथा नर्सिङका चारचार परिवारलाई लक्षित गरिएको छ। ५० शैयामा स्तरोन्नति भएको बेनी अस्पतालको गएको मंसिर अन्तिम साता अस्पताल परिसरमा जिल्लामै पहिलोपटक सबैभन्दा ठूलो सरकारी संरचनाको आधुनिक सुविधासम्पन्न भवनको निर्माणकार्य शुरू गरिएको थियो।

# योगेशको निर्वाचन खर्च १७ लाख

ताप्लेजुङ, (नेस)

नेकपा (एमाले)का केन्द्रीय सचिव एवम् ताप्लेजुङबाट निर्वाचित प्रतिनिधिसभा-सदस्य योगेश भट्टराईले निर्वाचनका क्रममा १७ लाख १७ हजार ५ सय रूपियाँ खर्च भएको बताउनुभएको छ।

निर्वाचन प्रतिनिधि चित्रगुप्त साँवामार्फत जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङमा मंगलबार बुझाएको खर्च विवरणमा उक्त कुरा उल्लेख गरिएको हो।

सार्वजनिक विवरणमा जनाइएअनुसार सबैभन्दा बढी ६ लाख रूपियाँ गोष्ठी र कार्यकर्ता परिचालनमा खर्च भएको छ। यसै गरी कार्यालय सञ्चालनमा ३ लाख ५० हजार, सवारी साधनमा ३ लाख, प्रतिनिधि परिचालनमा १ लाख ४० हजार, प्रचारप्रसारमा ४० हजार र मतदाता नामावली खरिदमा सबैभन्दा कम २ हजार ५ सय रूपियाँ खर्च भएको छ।

भट्टराईले यही पुस २० गते उक्त खर्च विवरण बुझाएको जिल्ला निर्वाचन ताप्लेजुङले जनाएको छ।

उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार केशवप्रसाद दाहालको खर्चभन्दा सचिव योगेशको खर्च करिब २ लाखले बढी देखिएको छ। दाहालले निर्वाचन कार्यालयमा बुझाएको विवरणमा १५ लाख ९३ हजार रूपियाँ खर्च भएको उल्लेख छ।

दाहालले पनि गोष्ठी र कार्यकर्ता परिचालनमा ६ लाख ५० हजार, कार्यालय सञ्चालनमा ३ लाख ५० हजार र सवारीसाधनमा २ लाख ५० हजार, प्रतिनिधि परिचालनमा १ लाख १५ हजार रूपियाँ खर्च गर्नुभएको छ। उहाँले यही पुस २३ गते खर्च विवरण बुझाउनुभएको थियो।

आयोगले प्रतिनिधिसभाका प्रत्यक्षतर्फका उम्मेदवारले अधिकतम् २५ लाख तथा समानुपातिक उम्मेदवारले अधिकतम् २ लाख, प्रदेशसभाका प्रत्यक्षतर्फका उम्मेदवारले अधिकतम् १५ लाख तथा समानुपातिक उम्मेदवारले अधिकतम् १ लाख ५० हजार रूपियाँसम्म खर्च गर्न पाउने सीमा निर्धारण गरेको थियो।

# मधेसवादी दल नै वीरगन्जलाई राजधानी बनाउनुपर्ने पक्षमा

**कृष्णउदास खनाल, वीरगन्ज**

केही मधेसवादी दलका शीर्ष नेताहरूले २ नम्बर प्रदेशको राजधानी जनकपुर हुने कुरा बताइरहँदा प्रदेश २ को राजधानी वीरगन्जलाई बनाउनुपर्ने माग गर्दै संघीय समाजवादी फोरमका नेताहरू पनि आन्दोलनमा सहभागी भएका छन्।

उक्त पार्टीले आधिकारिक निर्णय नगरे पनि फोरमका केही नेता रिले अनसनमा सहभागी भएका हुन्। पाँचौ दिनको अनसनमा फोरम नेपालका नेता शशीकपुर मियाँको नेतृत्वमा नेताहरू रुदल ठाकुर, वीरेन्द्र यादव, फिरोज मंसुर, सुधिरनाथ पाण्डे, रामआज्ञा कुशवाहा, प्रमोद यादव, विकास चौधरीलगायत सहभागी भएका छन्। समानुपातिकबाट प्रदेशसभा सदस्यमा चयन भएकी फोरम नेतृ भीमा यादवले पनि अनसनमा सहभागीता जनाएकी थिइन्।

नेता शशीकपुर मियाँले आफूहरू फोरम नेपालको नेता भएको र आफूहरूको सहभागीताले पार्टीको पनि सहभागीता जनाउने विश्वास लिएको बताए। वीरगन्जलाई प्रदेश राजधानी बनाउन माग गर्दै बनेको संघर्ष समितिका सदस्य लुकेश सिंहले मधेसी दलका नेताहरूको सहभागीताले आफूहरूमा उत्साह थपिएको बताए। तर, फोरम पर्साका उपाध्यक्ष सुन्दर कुर्मीले भने राजधानीको वीरगन्जमा जारी रिले अनसनमा पार्टीका केही नेताहरू व्यक्तिगत रूपमा सहभागी भएको बताए। 'राजधानी वीरगन्जमा हुनुपर्छ भन्ने पार्टीको पनि धारणा हो' कुर्मीले भने 'तर, त्यसका लागि सप्तरीदेखि कपिलवस्तुसम्म एउटा प्रदेश हुनुपर्छ भन्ने पार्टीको मान्यता छ।'

उनले पार्टीको निर्णय विपरीत रिले अनसनमा सहभागी हुनेहरूको बारेमा पार्टी सोच्न बाध्य हुने चेतावनी दिएका छन्। वीरगन्जलाई २ नम्बर प्रदेशको राजधानी हुनुपर्ने माग गर्दै सत्तारुढ दल नेपाली कांग्रेस र एमालेका नेताहरूले भने रिले अनसन जारी राखेका छन्। यद्यपि सरकारले हाल कुनै पनि प्रदेशको राजधानी नतोक्ने जनाऊ दिइसके पनि वीरगन्जमा भने राजधानी माग्दै आन्दोलन जारी राखिएको छ।

# बानियाँद्वारा पिताको स्मृतिमा चेपाङलाई कम्बल

हेटौंडा, (नेस)

नेपाली कांग्रेस मकवानपुरका सभापति, मकवानपुर क्षेत्र नम्बर-२ को प्रदेश (२) प्रदेशसभा सदस्य निर्वाचित इन्द्रबहादुर बानियाँले आफ्ना पिता क्षेमबहादुर बानियाँको स्मृतिमा मनहरी गाउँपालिका-४, नयाँबस्तीमा कम्बल वितरण गर्नुभएको छ।

बाढीबाट विस्थापित भएर नयाँबस्तीको जंगलमा आश्रय लिएर बसिरहेका बनकरिया, प्रजा, तामाङलगायत ३ सय १५ परिवारलाई उहाँले कम्बल वितरण गर्नुभएको हो। जाडोमा कठ्यांग्रिएर रात बिताउन बाध्य मनहरी गाउँपालिका-४ स्थित अजिंगरे, चिसापानी, च्वारपाखा, लामपाखा, बनकरिया र डोलबारी टोलका ३ सय १५ परिवारलाई कम्बल वितरण गरिएको हो।

कम्बल वितरण कार्यक्रममा पूर्वगृहराज्यमन्त्री बानियाँले आफूले पहिले बाढीबाट विस्थापित हुनेबित्तिकै त्रिपाल, म्याटलगायत खाद्यबस्तु वितरण गरेको र यो जाडोमा थोरै भए पनि मद्दत पुगोस् भनेर कम्बल वितरण गरेको बताउनुभयो।

बानियाँले त्यहाँका विस्थापित परिवारलाई जतिसक्दो चाँडो गाउँपालिकासँग समन्वय गरेर स्थायी बसोबासको व्यवस्था मिलाउने प्रतिवद्धता व्यक्त गर्नुभयो। बानियाँले केही दिनभित्र विकट राक्सिराङ र मनहरी गाउँपालिकाका दिल्लीपुर, वसन्तपुरका विपन्न चेपाङ तथा बनकरियालाई थप ३ सय कम्बल वितरण गरिने बताउनुभयो।

## एकताको...

माओवादी केन्द्रका नेता बादलले पनि एकताबारे दुवै पार्टीमा विवाद नरहेको दाबी गर्दै भन्नुभयो- 'यसमा आशंका पाल्न जरुरी छैन, एकता हुन्छ। आज पनि यो प्रक्रियालाई अगाडि बढाउने सहमति भएको छ।'

बैठकमा एमालेका तर्फबाट अध्यक्ष केपी शर्मा ओली, वरिष्ठ नेता झलनाथ खनाल, नेता माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम, महासचिव ईश्वर पोखरेल, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेता नारायणकाजी श्रेष्ठ, नेता रामबहादुर थापाको सहभागिता रहेको थियो।

# चिसोका कारण बालबटुक प्रभावित

## न्यानो कपडा नहुँदा समस्या

**हेमन्त पौडेल, कैलाली**

कैलालीको घोडाघोडी नगरपालिका १ घोडाघोडीमा रहेको सनातन धर्म सँस्कृति वेद विद्याश्रममा अध्ययनरत बालबटुकहरू चिसोका कारण समस्यामा परेका छन्।

करिब १ हप्तादेखि अत्याधिक चिसो बढेकाले बालबटुकले लगाउने न्यानो कपडा र ओढ्ने छोच्छयाउने विस्तारा नभएकाले संकटमा परेका छन्। एक सातादेखि बढेको चिसोले उनीहरू निकै समस्यामा परेका हुन्। सुदूर तथा मध्यपश्चिमका विभिन्न स्थानहरूबाट आएर कर्मकान्ड अध्ययनका लागि भर्ना भएका बालबटुकहरुलाई न्यानो कपडा तथा बस्ने ठाउँ नहुँदा समस्या परेको छ। आर्थिक अवस्था कमजोर रहेका बालकहरूलाई वेद विद्याश्रमले निःशुल्क रूपमा अध्यापन गराउँदै आएको छ।

सुदूर तथा मध्येपश्चिमका विभिन्न स्थाहरूबाट आएका २९ जना बटुकहरू वेद विद्याश्रममा अध्ययनरत रहेको सनातन धर्म सँस्कृति वेद विद्याश्रम घोडाघोडीका प्रधानाध्यापक शंकर सञ्ज्यालले बताउनुभयो। उहाँले भन्नुभयो- 'हामीले विगत १५ वर्षदेखि गुरुकूल प्रणालीबाट बालबटुकहरूलाई सनातन धर्मसम्बन्धी अध्यापन गराउँदै आएका छौं।

तर वेद विद्याश्रमको आयस्रोतको कुनै माध्यम नभएकाले निक्कै समस्या झेल्नुपरेको छ।' अन्य समयको भन्दा पनि चिसोको सिजनमा बढी समस्या हुने गरेको उहाँले बताउनुभयो।

वेद विद्याआश्रमा निःशुल्क रूपमा वेद, ज्योतिषशास्त्र, कर्मकाण्ड तथा हिन्दू धर्मशास्त्रसम्बन्धी अध्यापन गराउने गरिएको उहाँले बताउनुभयो। तर वेद विद्याआश्रमको घोडाघोडी मन्दिर क्षेत्रका हुने पूजापाठ तथा विवाह ब्रतबन्ध, दान दक्षिणाभन्दा बाहेक अरू कुनै आम्दानीको स्रोत नरहेको सनातन धर्मसँस्कृती वेद विद्याश्रम घोडाघोडीका संस्थापक ज्ञानचन्द्र उपाध्यायले बताउनुभयो।

विद्याश्रममा अध्ययनका लागि आउने बालकहरूको पारिवारिक अवस्थासमेत निक्कै कमजोर रहेको र केही त आमाबुवा नै नभएका टुहुरा रहेकाले उनीहरूले घरबाट खर्च ल्याउन सक्ने अवस्था नरहेको उहाँको भनाइ रहेको छ।

बटुकहरूले घरबाट ल्याउन सक्ने अवस्था नहुँदा र वेद विद्याश्रमको आम्दानीले खान बस्न तथा सबै बटुकहरूका लागि लगाउने बिछ्याउने लुगाकपडाको व्यवस्था गर्ने समस्या हुने गरेको उहाँको भनाइ रहेको छ। वेद विद्याश्रममा ९ वर्षदेखि १५ वर्षसम्मका बालबटुकहरू अध्ययनरत रहेका छन्।

बालकहरूलाई बिछ्याउने तथा लगाउने लुगाका लागि विभिन्न दाताहरूको भर पर्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो। यो वर्ष सनराइज बैंक सुखड शाखाले ओढ्नका लागि ९ वटा न्यानो कम्मल दिएको भएता पनि त्यतिले मात्र अपुग भएको प्रधानाध्यपक शंकर सञ्ज्यालले बताउनुभयो।

पूजापाठ तथा दानदक्षिणाबाट उठेको रकमले बटुकहरूलाई साँझबिहानको खाना बस्न, कापी, कलम, औषधि उपचार, लुगाकपडाको व्यवस्था गर्न निक्कै मुश्किल पर्ने गरेको उहाँको भनाइ रहेको छ। बस्नलाई समेत उस्तै समस्या रहेको उहाँको भनाइ छ। बस्नेका लागि २०५२ सालमा निर्माण गरिएको २ कोठे कच्ची भवन रहेको भए तापनि त्यो पनि जीर्ण बनिसकेको उहाँले बताउनुभयो।

उक्त जीर्ण भवन कतिबेला भत्कने हो भन्न नसकिने अवस्थामा रहेको उहाँले बताउनुभयो। चिसोको समयमा पनि वेद विद्याश्रममा अध्यानरत बालबटुकहरूले घोडाघोडी धार्मिक क्षेत्रमा रहेका मन्दिरको बरन्डामा सुत्नुपर्ने बाध्यात्मक अवस्था रहेको सञ्ज्यालले बताउनुभयो। मन्दिरको बरन्डामा सुत्दा वर्षाद्को समयमा सर्पले डस्ने तथा लामखुट्टेले टोक्ने डर हुने र जाडो मैसममा चिसोले सताउने गरेको उहाँले बताउनुभयो।

बालबटुक बस्ने घर निर्माणका लागि विभिन्न निकायहरूसँग पहल गर्दासमेत कसैले सुनुवाइ नै नगरेको उहाँको गुनासो रहेको छ। गत वर्षात्को समयमा भत्केको वेद विद्याश्रममा रहेको भान्साघर विभिन्न दाताको सहयोगमा अहिले निर्माण कार्य भइरहेको भए तापनि बस्ने भवन निर्माणका लागि भने सहयोग जुटाउन नसकिएको उहाँले बताउनुभयो। हिन्दू धर्मसँस्कृति बचाउन तथा जर्गेना गर्न आफूहरूले जोखिम उठाएर यो क्षेत्रमा गुरुकूल शिक्षाको माध्यमबाट हिन्दू संस्कारअनुसार धर्मशास्त्रको अध्यापन गराउँदै आएको उहाँको भनाइ रहेको छ।

## सडकमा...

यस्तै पहिलो चरणको सफल परीक्षणपछि नेपाल विद्युत् प्राधिकरणले दोस्रो चरणमा स्मार्ट मिटर पनि जडान गर्ने भएको छ।

विद्युत् प्रसारणका नाङ्गो तारलाई इन्सुलेटेड केबलबाट प्रतिस्थापन गर्नुका साथै सब-स्टेसन टान्सफर्मरको समेत क्षमता अभिवृद्धि गरिनेछ। यो चरणमा ९० हजार ग्राहकको मिटर स्मार्ट मिटरबाट प्रतिस्थापन गरिने प्राधिकरणको योजना रहेको छ।

स्मार्ट मिटर प्रयोगमा आएपछि बिजुली चुहावट नियन्त्रण तथा एउटै कक्षबाट सम्पूर्ण स्मार्ट मिटर जडित ग्राहकको अनुगमन तथा नियन्त्रण गर्न सकिनेछ। भूमिगत प्रसारण सेवाले लाइनको सम्पूर्ण अवस्थिति पत्तासमेत लगाउनेछ। त्यति मात्रै नभई समयमा शुल्क नबुझाउनेलगायत 'डिफल्ट' ग्राहकको सेवा नियन्त्रण कक्षबाट नै बन्द गर्न सकिनेछ। स्मार्ट मिटरले ग्राहकको घरमा खपत हुने विद्युत्को परिमाणसँगै महसुल तिरे-नतिरेको सूचनासमेत प्राधिकरणलाई उपलब्ध गराउनेछ, जसका आधारमा प्राधिकरणले उनीहरूलाई उचित कारबाही पनि गर्नेछ।

विद्युत्को पोलमा प्रसारणका लाइन मात्रै नभई अन्य तारहरू पनि जोडिएका हुन्छन्। त्यसैले भूमिगत हुने प्रसारण लाइनमा जीपीएस प्रविधि जडान गर्नुका साथै अप्टिकल फाइबरमार्फत प्रसारण लाइनमा रेडियो फ्रिक्वेन्सीसमेत जडान गरिनेछ।

अहिले मेलम्ची खानेपानी योजनाले पानीको पाइप गाड्नका लागि खनिएको रत्नपार्क-महाराजगन्ज सडक क्षेत्रमा पिच भइसकेको अवस्था छ। प्राधिकरणको पहिलो चरणमा हुने भूमिगत कार्य त्यसै सडक खण्डमा शुरु हुने भनिएको छ।

त्यसैले तार भूमिगत गर्ने क्रममा सडक फेरि खन्नुपर्छ होला नि ? भन्ने प्रश्नमा अधिकारी भन्नुहुन्छ, 'यो योजनाअन्तर्गत सडकको दुवैतिर पेटीमा तारलाई भूमिगत गरिनेछ। सडक पेटीमा मात्र भूमिगत गर्ने भएकाले मूल सडक खनिँदैन।'

यो योजना सम्पन्न भइसकेपछि उपत्यका पूर्ण रूपमा पोल र ताररहित हुनुका साथै हावाहुरी तथा विभिन्न दैवी प्रकोपको बेला विद्युत् आपूर्ति बन्द गर्नुपर्ने अवस्थाको अन्त्य हुने हुनाले थोरै अप्ठ्यारा उपत्यकका बासिन्दाले सहजै स्वीकार्ने विश्वास प्राधिकरणले राखेको छ।'

## स्थानीय...

भाग ३ मा कामपाको पदपूर्तिसम्बन्धी सूचनाहरू, अधिकृत स्तरका कर्मचारीहरूको नियुक्ति, सरुवा बढुवा र त्यस्तै प्रकृतिका नियुक्तिसम्बन्धी विवरण समावेश गरिने भएको छ।

बैठकले कार्यविधि स्वीकृत गरेकाले पहिलो स्थानीय राजपत्र प्रकाशन गर्नेछौं -कामपाका प्रमुख प्रशासकीय अधिकृत धनीराम शर्माले जानकारी दिनुभयो। स्थानीय राजपत्र प्रशासन गर्नुपूर्व कामपाका प्रमुखबाट कानुन प्रमाणीकरण भएको हुनुपर्ने, प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित भएको हुनुपर्ने, प्रमुख प्रशासकीय अधिकृतबाट प्रकाशित हुने व्यहोरा कागजात प्रकाशन गर्ने भनी निर्णयका साथमा त्यसको लिखित प्रकाशन गर्नु भनी लेखिपठाउनुपर्नेछ। स्थानीय राजपत्रमा विवादरहित विषय समावेश भएको हुनुपर्नेछ।

'पहिलो स्थानीय राजपत्रमा कामपाका जनप्रतिनिधि निर्वाचित भएदेखि गरेका सम्पूर्ण निर्णय समावेश गराउनेछौं। बल्ल कार्यविधि पास भएको छ, केही दिनभित्रै हालसम्म भएका सबै महत्त्वपूर्ण निर्णयहरू समेटेर स्थानीय राजपत्र प्रकाशित गर्नेछौं' -प्रुमख प्रसासकीय अधिकृत शर्माले भन्नुभयो। कामपाले प्रकाशित गरेको स्थानीय राजपत्र कामपाअन्तर्गतका सबै विषयगत शाखामा पठाइनेछ भने प्रत्येक २ प्रति अभिलेख प्रयोजनका लागि कानुन हेर्ने विषयगत शाखाका पेश गर्ने उल्लेख गरिएको छ।

स्थानीय राजपत्रमा नेपाल सरकारको निशान छाप अंकित भएको स्वरूप, देवनागरिक र रञ्जना लिपी भएको महानगरको नाम अंकित भएको श्यामश्वेत अक्षरमा हुने उल्लेख गरिएको छ। अब महानगर कार्यपालिकाको हरेक बैठकको निर्णय स्थानीय राजप्रत्रमा प्रकाशित भएपछि बल्ल मान्यता पाउने कामपाले जनाएको छ।

सोमबारको बैठकले कामपाको प्रवक्ता तोक्ने निर्णय गरेको छ। नगर कार्यपालिकाको सदस्यमध्ये १ जनालाई प्रवक्ता तोक्ने व्यवस्था छ। बैठकले महानगरका केही कार्यविधिसमेत स्वीकृत गरेको जनाएको छ।



# अर्थ

2018, JAN
Wednesday
10

डिजेलको मूल्यमा ५ रुपियाँ प्रतिलिटर बढेको, कोइलाको मूल्य ७६ अमेरिकी डलर प्रतिटन रहेकोमा हाल वृद्धि भई ११८ अमेरिकी डलरसम्म पुगेको, भारतमा क्लिंरमा भएको मूल्य वृद्धि र सीमा क्षेत्र रक्सौलमा क्लिंकर अनलोडमा भइरहेको विवादका कारण पर्याप्त मात्रामा कच्चा पदार्थको अभावमा पूर्ण क्षमतामा उद्योग सञ्चालन हुन नसक्दा उत्पादन लागत बढ्न गई मूल्य वृद्धि हुन गएको हो।

# नक्कली शेयर कारोबार गर्ने ब्रोकरलाई कारबाही

नेपाल समाचारपत्र
काठमाडौं

नेपाल धितोपत्र बोर्डले नक्कली शेयर कारोबार गर्ने तीन धितोपत्र व्यवसायी र दलाल कम्पनीलाई सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा धितोपत्र सम्बन्धी ऐन अनुसार कारवाही गरेको छ। बोर्डले बजार अनुगमन तथा सुपरीवेक्षणको क्रममा अग्रवाल सेक्युरिटिज प्रालि, श्रीहरी सेक्युरिटिज प्रालि र सिप्रवी सेक्युरिटिज प्रालिलाई कारबाही गरेको हो।

यसअघि चिलिमे जलविद्युत् कम्पनी लिमिटेड, नेसनल हाइड्रोपावर कम्पनी लिमिटेड र सानिमा माई हाइड्रोपावर कम्पनी लिमिटेडको नक्कली शेयर कारोबार भएको सम्बन्धमा बोर्डबाट भएको अनुसन्धान प्रतिवेदन अनुसार काठमाडौं जिल्ला अदालतमा गत असार २३ गते मुद्दा दायर गरिएको थियो। सोही मुद्दाका विषयमा गत शुक्रबार बोर्डको निर्णयले धितोपत्र व्यवसायी दलाल कम्पनी, दलाल कम्पनीका सम्बन्धित कार्यकारी प्रमुखलाई सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा धितोपत्र सम्बन्धी ऐन अनुसार कारबाही गरिएको जनाएको छ।

चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेडको नक्कली शेयर खरिद बिक्री भएको विषयमा आवश्यक प्रक्रिया पूरा नगरी कार्य सम्पादन गरेको पाइएको बोर्डले जनाएको छ। कुनै व्यक्ति वा संस्थासंग व्यावसायिक सम्बन्ध कायम गर्दा त्यस्तो ग्राहकको स्पष्ट पहिचान खुल्ने कागजात तथा विवरण लिई सोको अभिलेख राख्नुपर्नेमा नराखेको, ग्राहकको पहिचान यकिन नगरेको, ग्राहकको पहिचान अभिलेख दुरुस्त नराखेको भेटिएको हो।

दलाल कम्पनीले सरल वा बृहत् ग्राहक पहिचान, प्रविधिको दुरूपयोगमा नियन्त्रणलगायतका अन्य विषयमा आन्तरिक नीति तथा कार्यविधि बनाई लागू गर्नुपर्नेमा सो नगरेकोले नपाइएको हो। यसरी सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ को विरुद्धमा कार्य गरेको भन्दै अग्रवाल सेक्युरिटिज प्रालिलाई १० लाख रुपियाँ जरिवाना गरिएको छ।

त्यस्तै नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको नक्कली शेयर कारोबार भएको सम्बन्धमा बोर्डको अनुसन्धानपछि बमोजिम धितोपत्र दलाल व्यवसायी श्रीहरि सेक्युरिटिज प्रालिलाई १० लाख जरिवाना गरिएको छ। ती दुवै कम्पनीलाई धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता नियमावली, २०६४ को नियम २९ अनुसार कार्यसम्पादन नगरेको भन्दै जनही ५० हजार रुपियाँ अतिरिक्त जरिवाना गरिएको छ।

श्रीहरि सेक्युरिटिज तथा अग्रवाल सेक्युरिटिजका सम्बन्धित कार्यकारी प्रमुखलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम प्रत्येकलाई ५० हजार जरिवाना गरिएको छ।

सिप्रवी सेक्युरिटिज प्रालिलाई पनि ग्राहकको लागि कारोबार गर्नु अघि व्यक्ति वा संस्थागत ग्राहकको पूर्ण विवरणसहितको अभिलेख नराखेकाले ५० हजार रुपियाँ जरिवाना गरिएको बोर्डले जनाएको छ। पछिल्लो समय बोर्डले धितोपत्र सम्बन्धी ऐन बमोजिमको कारवाहीलाई पनि सशक्त बनाउँदै लगिएको छ। यस्ता कारबाहीबाट सम्पत्ति शुद्धीकरण तथा धितोपत्र सम्बन्धी कसुरहरूको न्यूनीकरणमा सहयोग पुग्ने देखिन्छ।

**चिलिमे जलविद्युत् कम्पनी, नेसनल हाइड्रोपावर कम्पनी र सानिमा माई हाइड्रोपावर कम्पनीको नक्कली शेयर कारोबार भएको सम्बन्धमा अग्रवाल सेक्युरिटिज प्रालि, श्रीहरी सेक्युरिटिज प्रालि र सिप्रवी सेक्युरिटिज प्रालिलाई नेपाल धितोपत्र बोर्डले कारबाही गरेको हो।**

# प्याराग्लाइडिङको परीक्षण सफल



खोटाङ, (नेस)

पर्यटन प्रवर्द्धन गर्दै गाउँमा स्वरोजगारको वातावरण निर्माण गर्नका लागि खोटाङको दिप्रुङ गाउँपालिकाले मंगलबार बतासेको भीरचुङ्मा डाँडाबाट प्याराग्लाइडिङको सफल परीक्षण गरिएको छ।

गाउँपालिकाको भीरचुङ्माडाँडाबाट उडेको प्याराग्लाइडर बतासेकै सुनकोसी किनारमा रहेको सानो भाडारेघाटमा झार्ने गरी प्याराग्लाइडिङको सफल परीक्षण गरिएको गाउँपालिकाका अध्यक्ष भुपेन्द्र राईले बताउनुभयो।

प्याराग्लाइडिङ र न्याफ्टिङका माध्यमबाट गाउँपालिकामा भित्रिने पर्यटकलाई दिप्रुङ गाउँपालिका-६ छितापोखरी र दिप्रुङ गाउँपालिका-७ टेम्माको बीचमा रहेको धिप्लुङ झरनासम्म पुऱ्याउने र ओझेलमा परेको झरनाको पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ।

बतासेको भीरचुङ्माडाँडाबाट एकैसाथ चार वटा प्याराग्लाइडरले प्याराग्लाइडिङ उडान भरेका थिए। बतासेको भीरचुङ्माडाँडामा प्याराग्लाइडिङको सम्भावना बलियो प्रमाणित भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका एटीसी अफिसर मुकेश डंगोलले जनाउनुभयो।

# उद्योग वाणिज्य संघको कार्यसमिति विस्तार

हेटौंडा, (नेस)

मकवानपुर उद्योग वाणिज्य संघको मंगलबार बसेको नवनिर्वाचित कार्यसमिति बैठकले समितिमा पदाधिकारीसहित विधानअनुसार मनोनित सदस्यको चयन गरेको छ।

संघ अध्यक्ष कृष्ण कटुवालको सभाध्यक्षतामा भएको बैठकबाट वरिष्ठ उपाध्यक्षमा हेटौंडा सन्देश दैनिकका प्रबन्ध निर्देशक माधव न्यौपाने, महासचिव प्रमोदसिंह रानाभाट, कोषाध्यक्षमा अनिल अग्रवाल, वाणिज्य सचिव एवम् प्रवक्तामा काव्यमणि अधिकारी, उद्योग सचिव सन्तोष अर्याल, सहकोषाध्यक्ष राधिका पाण्डे, महिला उद्यमी विकास समिति सभापतिमा निलम वैद्य, मनोनित सदस्यमा बालकुमार मल्ल (वाणिज्य), श्रीकृष्ण कर्माचार्य (उद्योग) र निलम पाण्डे (एसोसिएट) चयन हुनुभएको छ।

संघको विशेष आमन्त्रित सदस्यमा दीपक शर्माढकाल, दीपक खत्री र भुपेन्द्र अधिकारीलाई मनोनयन गरिएको छ। संघ सल्लाहकारमा नगर प्रमुख हरिबहादुर महतलगायत मनोनयन गरिएको छ।

# दर्जन कारणले सिमेन्टको मूल्य बढेको दाबी

काठमाडौं, (नेस)

*नेपाली बजारमा सिमेन्टको मूल्यवृद्धि हुनुको कारणबारे नेपाल सिमेन्ट उत्पादक संघले करिब एक दर्जन कारण स्पष्ट पारेको छ। एक महिना अघिबाट भारतीय नाका हुँदै आउने सिमेन्टको कच्चा पदार्थ क्लिंकरलगायतको कच्चा पदार्थ आयातमा अवरोध भएको र अन्य समसामयिक कारणले गर्दा समेत उत्पादन लागत वृद्धि हुन गएको संघको दाबी छ।*

*संघका अनुसार भारतको मध्य प्रदेशबाट ट्रकमा क्लिंकर, फ्लाई आस र जिप्सम् ढुवानी गर्दा भाडा वृद्धि हुन गएको र ट्रकको अभावले अझ वृद्धि हुँदै गरेको छ। डिजेलको मूल्यमा ५ रुपियाँ प्रतिलिटर बढेको, कोइलाको मूल्य ७६ अमेरिकी डलर प्रतिटन रहेकोमा हाल वृद्धि भई ११८ अमेरिकी डलरसम्म पुगेको, भारतमा क्लिंरमा भएको मूल्य वृद्धि र सीमा क्षेत्र रक्सौलमा क्लिंकर अनलोडमा भइरहेको विवादका कारण पर्याप्त मात्रामा कच्चा पदार्थको अभावमा पूर्ण क्षमतामा उद्योग सञ्चालन हुन नसक्दा उत्पादन लागत बढ्न गई मूल्य वृद्धि हुन गएको संघको दाबी छ।*

*त्यस्तै भारतीय रेल्वेबाट आयात हुने क्लिंकरको आयात रोकिएको तथा भारतबाट कच्चा पदार्थ बोकेर आउने ट्रक भारततर्फ २४ किलोमिटर लामो लाममा बस्नुपर्ने र औद्योगिक कोरिडोर आइपुग्न ३ देखि ५ दिन लाग्ने गरेको र ट्रकले डिटेन्स शुल्कमात्रै २ हजारदेखि ५ हजार भारु तिर्नुपरेका कारण सिमेन्टको मूल्य बढेको जनाएको छ।*

*अधिकाशं सिमेन्ट उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ क्लिंकर भारतमै २ हजार ३ सयबाट भारु ३ हजार २ सय भएको, जिप्सनमा समेत प्रतिटन १ हजार ५ सय वृद्धि भएको, कृष्णनगर भन्सारबाट ढुवानी भई आउने कच्चा पदार्थ २ महिना अघि प्रतिटन ४ सय रहेकोमा हाल प्रतिटन ६ सय भएको संघको दाबी छ। भारतका ठूला सिमेन्ट उद्योगमा पेट्रो कोक प्रयोग भएकोमा हाल प्रदूषणका कारण पेट्रो कोक प्रयोगमा रोक लगाइएको र त्यसको साटो सिमनरल कोइला प्रयोग भएकोले कच्चा पदार्थको मूल्य वृद्धि भएको र स्थानीय ढुवानी भाडा, ट्रकको भाडामा ५ सयदेखि ७ सय प्रतिटन वृद्धि भएकाले सिमेन्टमा मूल्य वृद्धि भएको हो।*

*मुल्य वृद्धि गर्ने विधि र प्रक्रियाको सम्वन्धमा खुल्ला बजार अर्थतन्त्र नीति अनुरूप रहेको र कच्चा पदार्थको मुल्यमा हुने वृद्धिका साथै समय समयमा हुने विभिन्न किसिमका बाधा व्यवधानका कारण अप्रत्याशित रूपमा लागत मुल्यमा वृद्धि भई मुल्यवृद्धि हुन जाने र मुल्य वृद्धिका सम्वन्धमा उत्पादन लागत मूल्यबाहेक अन्य किसिमको कुनै प्रक्रिया नरहेको संघको भनाइ छ।*

## SHARE MARKET

9 JANAURY TUESDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 7302.00 | 427.00 | 422.00 | 425.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 1408.00 | 432.00 | 413.00 | 425.00 | -3.00 |
| 3 | Arun Finance Limited | 2900.00 | 172.00 | 168.00 | 172.00 | 0.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1199.00 | 345.00 | 335.00 | 340.00 | -1.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 5804.00 | 204.00 | 201.00 | 203.00 | -1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 6091.00 | 1452.00 | 1420.00 | 1420.00 | -30.00 |
| 7 | Asian Life Insurance Co. Ltd Pro. Share | 14000.00 | 720.00 | 719.00 | 720.00 | 0.00 |
| 8 | Bank of Kathmandu Ltd. | 15188.00 | 410.00 | 405.00 | 409.00 | 4.00 |
| 9 | Barun Hydropower Co. Ltd. | 30.00 | 195.00 | 195.00 | 195.00 | 1.00 |
| 10 | Best Finance Company Ltd. | 50.00 | 139.00 | 133.00 | 139.00 | 8.00 |
| 11 | Bhargav Bikash Bank Ltd. | 916.00 | 169.00 | 168.00 | 168.00 | 2.00 |
| 12 | Bishal Bazar Company Limited | 240.00 | 1745.00 | 1730.00 | 1745.00 | 15.00 |
| 13 | Bottlers Nepal (Terai) Limited | 60.00 | 7225.00 | 7200.00 | 7225.00 | -25.00 |
| 14 | Butwal Power Company Limited | 24774.00 | 690.00 | 667.00 | 670.00 | 2.00 |
| 15 | Central Finance Co. Ltd. | 711.00 | 142.00 | 140.00 | 142.00 | 0.00 |
| 16 | Century Commercial Bank Ltd. | 9485.00 | 203.00 | 199.00 | 201.00 | 1.00 |
| 17 | Chhimek Laghubitta Bikas Bank Limited | 1269.00 | 1060.00 | 1035.00 | 1060.00 | 30.00 |
| 18 | Chhyangdi Hydropower Ltd. | 141.00 | 183.00 | 181.00 | 181.00 | -2.00 |
| 19 | Chilime Hydropower Company Limited | 10397.00 | 905.00 | 888.00 | 898.00 | 4.00 |
| 20 | Citizen Bank International Limited | 40858.00 | 291.00 | 280.00 | 290.00 | 0.00 |
| 21 | Citizen Investment Trust | 600.00 | 3610.00 | 3580.00 | 3580.00 | -10.00 |
| 22 | Civil Bank Ltd | 25220.00 | 187.00 | 183.00 | 185.00 | 2.00 |
| 23 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 889.00 | 918.00 | 900.00 | 901.00 | 1.00 |
| 24 | Deprosc Development Bank Limited | 2281.00 | 900.00 | 880.00 | 898.00 | 16.00 |
| 25 | Deva Bikas Bank Limited | 3895.00 | 180.00 | 175.00 | 180.00 | 0.00 |
| 26 | Dibyashwori Hydropower Ltd. | 191.00 | 160.00 | 154.00 | 160.00 | 9.00 |
| 27 | Everest Bank Limited | 24260.00 | 934.00 | 899.00 | 934.00 | 42.00 |
| 28 | Everest Bank Limited Con. Pref. | 229.00 | 740.00 | 712.00 | 725.00 | -29.00 |
| 29 | Everest Insurance Co. Ltd. | 1464.00 | 2385.00 | 2190.00 | 2190.00 | -243.00 |
| 30 | Excel Development Bank Ltd. | 50.00 | 385.00 | 385.00 | 385.00 | 7.00 |
| 31 | First Micro Finance Dev. Bank Ltd. | 9500.00 | 880.00 | 860.00 | 864.00 | -4.00 |
| 32 | First Mic. Fin. Dev. Bank Ltd. Pro. Sha. | 34500.00 | 373.00 | 360.00 | 360.00 | -20.00 |
| 33 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 750.00 | 3375.00 | 3320.00 | 3333.00 | 3.00 |
| 34 | Gandaki Bikas Bank Limited | 1094.00 | 240.00 | 234.00 | 238.00 | 4.00 |
| 35 | Garima Bikas Bank Limited | 2656.00 | 200.00 | 195.00 | 200.00 | 5.00 |
| 36 | Global IME Bank Limited | 8550.00 | 320.00 | 315.00 | 319.00 | 3.00 |
| 37 | Goodwill Finance Co. Ltd. | 4390.00 | 151.00 | 147.00 | 151.00 | 6.00 |
| 38 | Green Development Bank Ltd. | 40.00 | 193.00 | 184.00 | 193.00 | 6.00 |
| 39 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 571.00 | 166.00 | 165.00 | 165.00 | 2.00 |
| 40 | Gurans Life Insurance Company Ltd. | 2061.00 | 971.00 | 960.00 | 960.00 | 1.00 |
| 41 | Gurkhas Finance Ltd. | 578.00 | 150.00 | 143.00 | 144.00 | -5.00 |
| 42 | Hamro Bikas Bank Ltd. | 993.00 | 182.00 | 179.00 | 181.00 | 5.00 |
| 43 | Himalayan Bank Limited | 1401.00 | 662.00 | 655.00 | 660.00 | 9.00 |
| 44 | Himalayan Distillery Limited | 960.00 | 1297.00 | 1265.00 | 1266.00 | -6.00 |
| 45 | Himalayan General Insurance Co. Ltd | 5489.00 | 520.00 | 509.00 | 511.00 | -2.00 |
| 46 | Himalayan Power Partner Ltd. | 1991.00 | 385.00 | 377.00 | 380.00 | -2.00 |
| 47 | ICFC Finance Limited | 136.00 | 211.00 | 211.00 | 211.00 | -1.00 |
| 48 | IME General Insurance Ltd. | 1025.00 | 1075.00 | 1060.00 | 1075.00 | 29.00 |
| 49 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 5071.00 | 173.00 | 168.00 | 168.00 | -4.00 |
| 50 | Janaki Finance Ltd. | 3301.00 | 181.00 | 178.00 | 181.00 | 3.00 |
| 51 | Janata Bank Nepal Ltd. | 35739.00 | 195.00 | 185.00 | 192.00 | 5.00 |
| 52 | Jebils Finance Ltd. | 560.00 | 136.00 | 134.00 | 136.00 | -2.00 |
| 53 | Jyoti Bikas Bank Limited | 2872.00 | 164.00 | 160.00 | 161.00 | 1.00 |
| 54 | Kailash Bikas Bank Ltd. | 5763.00 | 233.00 | 227.00 | 232.00 | 2.00 |
| 55 | Kalika Microcredit Dev. Bank Ltd. | 477.00 | 1809.00 | 1775.00 | 1775.00 | -1.00 |
| 56 | Kamana Sewa Bikas Bank Limited | 8927.00 | 182.00 | 177.00 | 178.00 | -1.00 |
| 57 | Kankai Bikas Bank Ltd. | 1244.00 | 165.00 | 160.00 | 160.00 | -2.00 |
| 58 | Karnali Development Bank Limited | 650.00 | 138.00 | 137.00 | 138.00 | 0.00 |
| 59 | Khanikhola Hydropower Co. Ltd. | 296.00 | 153.00 | 148.00 | 152.00 | 1.00 |
| 60 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 138.00 | 1899.00 | 1871.00 | 1899.00 | 10.00 |
| 61 | Kuber Merchant Finance Limited | 10.00 | 196.00 | 196.00 | 196.00 | 3.00 |
| 62 | Kumari Bank Limited | 25124.00 | 299.00 | 285.00 | 293.00 | 4.00 |
| 63 | Lalitpur Finance Ltd. | 100.00 | 184.00 | 184.00 | 184.00 | -3.00 |
| 64 | Laxmi Bank Limited | 6105.00 | 267.00 | 257.00 | 262.00 | 9.00 |
| 65 | Laxmi Equity Fund | 3200.00 | 10.00 | 10.00 | 10.00 | 0.19 |
| 66 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1349.00 | 1315.00 | 1280.00 | 1300.00 | 20.00 |
| 67 | Life Insurance Co. Nepal | 1763.00 | 2050.00 | 2020.00 | 2032.00 | 3.00 |
| 68 | Lumbini Bikas Bank Ltd. | 2487.00 | 172.00 | 165.00 | 167.00 | -2.00 |
| 69 | Lumbini General Insurance Co. Ltd. | 4092.00 | 615.00 | 605.00 | 605.00 | -3.00 |
| 70 | Machhapuchhre Bank Limited | 15153.00 | 276.00 | 272.00 | 273.00 | 0.00 |
| 71 | Mahalaxmi Bikas Bank Ltd. | 3998.00 | 194.00 | 190.00 | 193.00 | 2.00 |
| 72 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 585.00 | 850.00 | 833.00 | 833.00 | -17.00 |
| 73 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 250.00 | 3004.00 | 2971.00 | 2990.00 | -15.00 |
| 74 | Mero Microfinance Bittiya Sanstha Ltd. | 22.00 | 1380.00 | 1377.00 | 1380.00 | 15.00 |
| 75 | Mirmire Microfinance Dev. Bank Ltd. | 65.00 | 3000.00 | 2995.00 | 3000.00 | 35.00 |
| 76 | Mission Development Bank Ltd. | 40.00 | 244.00 | 236.00 | 244.00 | 12.00 |
| 77 | Miteri Development Bank Limited | 514.00 | 345.00 | 337.00 | 339.00 | -1.00 |
| 78 | Mithila LaghuBitta Bikas Bank Ltd. | 59.00 | 1130.00 | 1111.00 | 1111.00 | -36.00 |
| 79 | Muktinath Bikas Bank Ltd. | 7675.00 | 435.00 | 423.00 | 431.00 | 8.00 |
| 80 | Multipurpose Finance Company Limited | 2470.00 | 375.00 | 353.00 | 367.00 | -6.00 |
| 81 | Nabil Balance Fund 1 | 16996.00 | 17.00 | 16.52 | 17.00 | 0.80 |
| 82 | Nabil Bank Limited | 9727.00 | 1100.00 | 1089.00 | 1090.00 | 1.00 |
| 83 | NABIL Bank Limited Promotor Share | 5435.00 | 868.00 | 857.00 | 867.00 | 5.00 |
| 84 | Nabil Equity Fund | 4797.00 | 10.00 | 9.95 | 10.00 | 0.00 |
| 85 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 118.00 | 2600.00 | 2560.00 | 2560.00 | 10.00 |
| 86 | National Hydro Power Company Limited | 8240.00 | 121.00 | 118.00 | 120.00 | 1.00 |
| 87 | National Life Insurance Co. Ltd. | 3661.00 | 1625.00 | 1612.00 | 1615.00 | 25.00 |
| 88 | National Microfinance Bittiya Sanstha Ltd. | 354.00 | 2360.00 | 2305.00 | 2360.00 | 90.00 |
| 89 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 280.00 | 2445.00 | 2410.00 | 2410.00 | 29.00 |
| 90 | Neco Insurance Co. Ltd. | 5288.00 | 875.00 | 860.00 | 862.00 | 4.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 12767.00 | 278.00 | 275.00 | 278.00 | 3.00 |
| 92 | Nepal Bank Limited | 21188.00 | 359.00 | 352.00 | 356.00 | 2.00 |
| 93 | Nepal Credit And Com. Bank Limited | 17306.00 | 335.00 | 329.00 | 334.00 | 3.00 |
| 94 | Nepal Doorsanchar Comapany Limited | 15419.00 | 816.00 | 775.00 | 800.00 | 10.00 |
| 95 | Nepal Grameen Bikas Bank Ltd. | 3936.00 | 701.00 | 680.00 | 688.00 | 6.00 |
| 96 | Nepal Hydro Developers Ltd. | 110.00 | 229.00 | 227.00 | 229.00 | 0.00 |
| 97 | Nepal Insurance Co. Ltd. | 502.00 | 1435.00 | 1407.00 | 1410.00 | 0.00 |
| 98 | Nepal Investment Bank Limited | 16393.00 | 669.00 | 659.00 | 667.00 | 4.00 |
| 99 | Nepal Investment Bank Ltd. Pro. Share | 8367.00 | 589.00 | 577.00 | 587.00 | 12.00 |
| 100 | Nepal Life Insurance Co. Ltd. | 33629.00 | 1935.00 | 1870.00 | 1879.00 | 4.00 |
| 101 | Nepal SBI Bank Limited | 8914.00 | 605.00 | 600.00 | 600.00 | -2.00 |
| 102 | Nerude Laghubita Bikas Bank Limited | 8632.00 | 835.00 | 820.00 | 820.00 | -10.00 |
| 103 | Ngadi Group Power Ltd. | 160.00 | 241.00 | 233.00 | 241.00 | 4.00 |
| 104 | NIBL Samriddhi Fund 1 | 3000.00 | 11.95 | 11.95 | 11.95 | 0.23 |
| 105 | NIC Asia Bank Ltd. | 10010.00 | 350.00 | 348.00 | 350.00 | 2.00 |
| 106 | Nirdhan Utthan Bank Limited | 2300.00 | 1285.00 | 1261.00 | 1283.00 | 9.00 |
| 107 | NLG Insurance Company Ltd. | 340.00 | 1410.00 | 1400.00 | 1400.00 | 0.00 |
| 108 | NMB Microfinance Bittiya Sanstha Ltd. | 47.00 | 1967.00 | 1928.00 | 1928.00 | -1.00 |
| 109 | NMB Bank Limited | 7457.00 | 464.00 | 457.00 | 464.00 | 6.00 |
| 110 | NMB Hybrid Fund L-1 | 2496.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 111 | NMB Sulav Investment Fund-1 | 5000.00 | 13.00 | 13.00 | 13.00 | 0.00 |
| 112 | Om Development Bank Ltd. | 647.00 | 241.00 | 239.00 | 239.00 | -1.00 |
| 113 | Oriental Hotels Limited | 2778.00 | 689.00 | 677.00 | 679.00 | 2.00 |
| 114 | Pokhara Finance Ltd. | 660.00 | 178.00 | 175.00 | 177.00 | -4.00 |
| 115 | Prabhu Bank Limited | 12851.00 | 258.00 | 253.00 | 258.00 | 4.00 |
| 116 | Prabhu Insurance Ltd. | 6513.00 | 832.00 | 818.00 | 820.00 | 4.00 |
| 117 | Premier Insurance Co. Ltd. | 3795.00 | 1480.00 | 1400.00 | 1400.00 | -84.00 |
| 118 | Prime Commercial Bank Ltd. | 9362.00 | 310.00 | 305.00 | 310.00 | 5.00 |
| 119 | Prime Life Insurance Company Limited | 3904.00 | 1798.00 | 1766.00 | 1798.00 | 37.00 |
| 120 | ProgressiveFinance Limited | 1570.00 | 216.00 | 212.00 | 216.00 | 0.00 |
| 121 | Prudential Insurance Co. Ltd. | 635.00 | 840.00 | 825.00 | 840.00 | 15.00 |
| 122 | Purnima Bikas Bank Ltd. | 646.00 | 225.00 | 225.00 | 225.00 | 0.00 |
| 123 | Rastriya Beema Company Limited | 266.00 | 14150.00 | 13850.00 | 14150.00 | 300.00 |
| 124 | Rastriya Beema Company Ltd Pro. Share | 1226.00 | 13362.00 | 13000.00 | 13300.00 | 349.00 |
| 125 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 42.00 | 1550.00 | 1530.00 | 1530.00 | -19.00 |
| 126 | Reliance Finance Ltd. | 2360.00 | 146.00 | 144.00 | 144.00 | -2.00 |
| 127 | Ridi Hydropower Dev. Company Ltd. | 49.00 | 151.00 | 149.00 | 151.00 | 1.00 |
| 128 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 83.00 | 1198.00 | 1175.00 | 1185.00 | 5.00 |
| 129 | Rural Microfinance Dev. Centre Ltd. | 268.00 | 661.00 | 660.00 | 660.00 | 0.00 |
| 130 | Sagarmatha Insurance Co. Ltd. | 1597.00 | 1425.00 | 1402.00 | 1408.00 | 9.00 |
| 131 | Sana Kisan Bikas Bank Ltd | 3162.00 | 1220.00 | 1200.00 | 1220.00 | 20.00 |
| 132 | Sanima Bank Limited | 12904.00 | 348.00 | 343.00 | 344.00 | 1.00 |
| 133 | Sanima Mai Hydropower Ltd. | 117176.00 | 479.00 | 469.00 | 473.00 | 1.00 |
| 134 | Saptakoshi Development Bank Ltd. | 362.00 | 143.00 | 141.00 | 141.00 | 0.00 |
| 135 | Shangrila Development Bank Ltd. | 3007.00 | 203.00 | 200.00 | 200.00 | 1.00 |
| 136 | Shikhar Insurance Co. Ltd. | 2785.00 | 1228.00 | 1191.00 | 1216.00 | 16.00 |
| 137 | Shine Resunga Development Bank Ltd. | 756.00 | 307.00 | 301.00 | 307.00 | 5.00 |
| 138 | Shree Investment Finance Co. Ltd. | 3730.00 | 410.00 | 385.00 | 392.00 | 14.00 |
| 139 | Shrijana Finance (Bittaya Sanstha) | 70.00 | 327.00 | 326.00 | 326.00 | -6.00 |
| 140 | Siddhartha Bank Limited | 12882.00 | 382.00 | 375.00 | 382.00 | 7.00 |
| 141 | Siddhartha Bank Limited Pro. Share | 11950.00 | 195.00 | 195.00 | 195.00 | 0.00 |
| 142 | Siddhartha Insurance Ltd. | 1574.00 | 1060.00 | 1030.00 | 1060.00 | 0.00 |

Total Amount Rs. 510,123,434 Total Quantity 924,554 Total No of Transactions 4,602


ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८३ | ८० | ८३ | ८३ |
| सिमरा, बिरगंज, कलैया | ८१।४० | ७८।४० | ८१।४० | ८१।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८२।४० | ७९।४० | ८२।४० | ८२।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।९५ | ८०।९५ | ८३।९५ | ८३।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |
| पोखरा, स्याङ्जा | ८२।६० | ७९।६० | ८२।६० | ८२।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

SAURABH GROUP
NS: 191
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

MRP सम्बन्धित सूचना
यस कम्पनी माई स्पेश प्रा.लि.ले आयात गरिने सामानहरुका खुद्रा विक्री मुल्य निम्न उल्लेखित हुने व्यहोरा जानकारी गराइन्छ ।

| Particulars | MRPwith Vat |
|---|---|
| EH11D | 10,000.00 |
| EH13-3Z | 11,000.00 |
| JQG9009S | 15,000.00 |
| EH11D(75CM) | 10,000.00 |
| EH11D(60CM) | 10,000.00 |
| H13(24)-3Z | 11,000.00 |
| EMS9018 | 12,000.00 |
| EMS9020 | 12,000.00 |
| EMS9017 | 12,000.00 |
| 20Y-AG86309 | 7,500.00 |
| 20Y-DG86316 | 5,600.00 |

My Space pvt.ltd
MadhyapurThimi, Bhaktapur- PAN 602434830
Ph.No.# 01-6200799


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ पुस २६, जनवरी १०, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०१।६४ | १०२।२४ |
| युरो १ को रू. | १२१।२४ | १२१।९५ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १३७।५८ | १३८।४० |
| स्विस फ्रन्क १ को रू. | १०३।३८ | १०३।९९ |
| अस्ट्रलियन डलर १ को रू. | ७९।५४ | ८०।०१ |
| क्यानाडियन डलर १ को रू. | ८१।७७ | ८२।२५ |
| सिङ्गापुर डलर १ को रू. | ७६।०९ | ७६।५४ |
| जापानी यन १० को रू. | ९।०२ | ९।०७ |
| चिनियाँ युआन १ को रू. | १५।५७ | १५।६६ |
| साउदी अरब रियाल १ को रू. | २७।१० | २७।२६ |
| कतारी रियाल १ को रू. | २७।९१ | २८।०८ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।१५ | ३।१७ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।६७ | २७।८४ |
| मलसियन रिङ्गिट १ को रू. | २५।३५ | २५।५० |
| दक्षिण कारियन वन १०० को रू. | ९।५१ | ९।५६ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३४ |
| डेनिस क्रानर १ का रू. | १६।२८ |
| हङकङ डलर १ का रू. | १२।९९ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

{ बाढीपछिको पुनर्स्थापना आवश्यकता आकंलन प्रतिवेदनअनुसार १८ जिल्लामा पहिचान भएका ४१ हजार ६ सय २६ घरधुरीलाई क्षति भएका घर निर्माण वापत भविष्यमा उपलब्ध गराइने अनुदानमा घटाई हिसाब मिलान गर्ने गरी रकम वितरण गर्न लागिएको हो।

अर्थ

PRESS RELEASE

## एनआईसी एसिया बैंक आँबुखैरेनी र हरमटारीमा नयाँ शाखा

काठमाडौं, (नेस)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एनआईसी एसिया बैंकको दुई नयाँ शाखा, आँबुखैरेनी तनहुँ र गोरखाको हरमटारीमा स्थापना गरेको छ। नयाँ शाखा कार्यालयको उद्घाटनसँगै बैंकको १५६ शाखा कार्यालय, १४१ एटीएम एवम् चारवटा एक्स्टेन्सन काउन्टर पुगेको छ। बैंकले छिट्टै अन्य विभिन्न स्थानमा पनि नयाँ शाखा सञ्चालन गर्ने योजना अगाडि सारेको छ।

## सुजुकीको नयाँ वर्ष अफर

काठमाडौं, (नेस)

सुजुकीको चार पाङ्ग्रे सवारी साधनको नेपालको लागि आधिकारिक बिक्रेता तथा सिजी होल्डिङको अटोमोटिभ डिभिजन सिजी मोटोकर्पले नयाँ वर्ष २०१८ योजनाअन्तर्गत 'दिस ऐर गिफ्ट योर सेल्फ अ सुजुकी' अफर ल्याएको छ।

कम्पनीद्वारा नेपाली बजारमा उपलब्ध गरिएका कार रेञ्जहरूमा अल्टो ८००, केटेन, वागनआर, सेलेरियो, स्विफ्ट, इग्निस, डिजायर, बलेनो, ब्रेजा, एसक्रस, सियाज, ओम्नीकार्गो, ओम्नीभ्यान र ईकोलगायत रहेका छन्।

यो सुविधा २०१६, २०१७ तथा २०१८ का मोडलमा छुट्टाछुट्टै प्रदान गरिएको छ । 'दिस् ऐर गिफ्ट योर सेल्फ अ सुजुकी' अफर अन्तर्गत उपभोक्ताले ४ दशमलव ५ लाख रुपियाँसम्म नगद छुट, १ लाख रुपियाँसम्म सटही वोनस, १ लाख रुपियाँसम्म अतिरिक्त स्क्रयाच कुपन, रोड ट्याक्स र रजिष्ट्रेशन नि:शुल्क उपलब्ध गराउने रहेको कम्पनीले जनाएको छ।

## बैंक अफ काठमाण्डूको निजगढमा नयाँ शाखा

काठमाडौं, (नेस)



बैंक अफ काठमाण्डूले निजगढमा नयाँ शाखा स्थापना गरेको छ। सो शाखा बैंकका सञ्चालक सौरभ केसी, निजगढका मेयर सुरेश खनाल तथा निजगढ उद्योग वाणिज्य संघका अध्यक्ष रविकुमार बर्तौलाबाट संयुक्त उद्घाटन गरिएको हो। यस शाखा

आर्थिक वर्ष २०७४/७५ को प्रथम त्रैमासिकको अन्त्यसम्म बैंकले कुल निक्षेप ६९ दशमलव १५ अर्ब रुपियाँ परिचालन गरी कुल कर्जा ६२ दशमलव ३३ अर्ब रुपियाँ प्रवाह गरेको छ। हाल बैंकले ७५ शाखा, ६७ एटीएम ८ वटा एक्टेन्सन् काउन्टर तथा १७ शाखारहित बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

## ज्योति लाइफ इन्स्योरेन्स दुई शाखा थप

काठमाडौं, (नेस)

JyotiLife
सधैं तपाईंको साथ

ज्योति लाइफ इन्स्योरेन्स कम्पनीले जीवन बीमा योजना तथा सेवामा सर्वसाधारणको पहुँच सहज बनाउन शाखा सञ्जाल विस्तारलाई प्राथमिकतामा राखी विगत सात दिनभित्र मीनभवन, गुलरिया, कोहलपुर, घोराही, जीतपुर, भैरहवा, बर्दघाट गरी ७ वटा नयाँ शाखा, उपशाखा स्थापना गरी सेवा शुरू गरेको र ती शाखा सञ्चालनपश्चात कम्पनीको शाखा सञ्जाल ३३ पुगेको छ।

शाखा सञ्जालबाहेक इच्छुक व्यक्तिले बैंकासुरेन्स सम्झौताअनुरूप एनएमबी बैंकका ९० भन्दा बढी शाखा सञ्जालबाट समेत यस कम्पनीले जारी गरेका बीमा योजना खरिद गर्न सक्नेछन्।

# चमेलियाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारणलाइनमा पठाइँदै

नेपाल समाचारपत्र

काठमाडौं

चमेलिया जलविद्युत् आयोजनाले शुक्रबारबाट आयोजनाको पहिलो युनिटमार्फत विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारणलाइनमा पठाउने तयारी गरेको छ।

१ सय ३२ केभी प्रसारणलाइनमा अत्तरिया सबस्टेसनबाट पठाइएको विद्युत्लाई 'युनिट १' बाट उत्पादित विद्युत्सँग जोड्न लागिएको चमेलिया जलविद्युत् आयोजना प्रमुख अजयकुमार दाहालले बताउनुभयो। दाहालका अनुसार परीक्षणका लागि शुक्रबारबाट पहिलो युनिटमार्फत् राष्ट्रिय प्रसारणलाइनमा विद्युत् पठाइनेछ। '१२ जनवरीबाट हामीले युनिट-१ मार्फतको विद्युत प्रसारणलाइनमा बहने विद्युतसँग 'सिन्क्रोनाइज' गर्ने तयारी गरेका छौं।' दाहालले नेपाल समाचारपत्रसँग भन्नुभयो।

३० मेगावाट उत्पादन क्षमता रहेको आयोजनामा 'युनिट-२' को भने हाल वेट टेस्टको काम भइरहेको छ। युनिट-२ को वेट टेस्ट र प्रसारणलाइनको 'लोड रिडक्सन टेस्ट' को काम सकिएपछि आयोजनाले व्यापारिक उत्पादन शुरू गर्ने लक्ष्य लिएको छ।

यसअघि पुस महिनाभित्रै विद्युत् उत्पादन शुरू गरी राष्ट्रिय प्रसारणलाइनमा जोड्ने लक्ष्य रहे पनि बाँधमा समस्या देखिएपछि उत्पादन मिति एक महिना पर धकेलिएको हो।

चमेलिया जलविद्युत् आयोजना चालू आर्थिक वर्षमा सरकारी क्षेत्रबाट निर्माण सम्पन्न हुन लागेको सबैभन्दा ठूलो आयोजना हो। आर्थिक विकास साझेदारी कोष (इडीसीएफ) मार्फत् नेपाल सरकार र दक्षिण कोरिया सरकारको संयुक्त लगानी रहेको आयोजना २०६३ साल पुसमा निर्माण कार्य थालिएको थियो।

आयोजनासँथै निर्माण भएको बलांच-अत्तरिया १ सय ३२ केभी प्रसारणलाइन भने निर्माण सम्पन्न भइसकेको छ भने विद्युत् प्रवाहका लागि परीक्षण भइसकेको छ।

# नेप्सेमा दोहोरो अंकको वृद्धि

काठमाडौं, (नेस)

मंगलबार पुँजी बजारमा दोहोरो अंकको वृद्धि देखिएको छ। पछिल्लो पाँच दिनयता निरन्तर उकालो यात्रामा रहेको नेप्से परिसूचक १२ दशमलव २७ अंकले उकालो लागेर १ हजार ४ सय ५६ दशमलव ७ अंकमा पुगेको छ।

मंगलबारको कारोबारमा उत्पादलनमुलक समूहबाहेक अन्य सबै समूहको उपसुचक सकारात्मक देखिएको छ। उत्पादनमूलक समुहको उपसूचक ३ दशमलव ११ अंकले ओरालो लागेको छ। होटल समूहको उपसूचक ६० दशमलव २ अंकले बढेको छ।

त्यसैगरी बीमा समूह ३४ दशमलव २८, लघुवित्त समूह १७ दशमलव ९५, विकास बैंक समूह १४ दशमलव ३७ र बैंकिङ समूह १२ दशमलव ९ अंकले बढेको छ। त्यस्तै जलविद्युत् ५ लशमलव ८७, व्यापार समूह १ दशमलव २६, अन्य समूह ४ दशमलव ९६ र वित्त समूह शून्य दशमलव ६४ अंकले बढेको छ।

१ सय ५८ वटा कम्पनीको नौ लाख १५ हजार ४ सय २६ कित्ता शेयर किनबेचमार्फत् ५० करोड १७ लाख ७० हजार ५ सय ९ रुपियाँको कारोबार भएको छ। नेपाल लाइफ इन्स्योरेन्सले सबैभन्दा धेरै ६ करोड ३६ लाख ५२ हजार ३ सय ५२ रुपियाँ बराबरको कारोबार भएको छ।

त्यस्तै सानिमा माई हाइड्रो कम्पनीको ५ करोड ५२ लाख ७३ हजार ४ सय रुपियाँ र एभरेस्ट बैंकको २ करोड २१ लाख २७ हजार रुपियाँ बराबरको शेयर किनबेच भएको छ।

सबैभन्दा धेरै बेस्ट फाइनान्सका लगानीकर्ताले ६ दशमलव ११ प्रतिशत नाफा कमाएका छन्। बढी नाफा कमाउनेमा दिव्यश्वरी हाइड्रो र मिसन डेभलपमेन्ट बैंकका शेयरधनीले क्रमश: ५ दशमलव ९६ र ५ दशमलव १७ प्रतिशत नाफा कमाएका छन्। धेरै गुमाउनेमा भने एभरेष्ट इन्स्योरेन्सका शेयरधनीले ९ दशमलव ९८ प्रतिशत गुमाएका छन्।

त्यसैगरी प्रिमियर इन्स्योरेन्सका लगानीकर्ताले ५ दशमलव ६६ प्रतिशत र फ्रस्ट माइक्रो फाइनान्सका लगानीकर्ताले ५ दशमलव २६ प्रतिशतले गुमाएका छन्।

नेप्सेमा मंगलबार पाँच वटा कम्पनीका ३ करोड ३७ लाख ३३ हजार ८ सय १० कित्ता शेयर सूचीकृत भएका छन्।

# हवाई उडान सुरक्षाको साझा धारणा बनाइने

काठमाडौ, (नेस)

दक्षिण एसियाली मुलुकबीच हवाई उडान सुरक्षाको क्षेत्र हेर्ने संस्था को-अपरेटिभ डेभलपमेन्ट अफ अपरेसनल सेफ्टी एन्ड कन्टियुनिङ एरोटिनेस प्रोग्राम-साउथ एसिया (कोस्क्याप-एसए) को २६औं स्टेरिङ कमिटीको बैठक मंगलबारदेखि काठमाडौमा शुरू भएको छ।

उडानको क्षेत्रमा काम गर्ने निकायहरूको बारेमा छलफल गर्ने उद्देश्य बैठक आयोजना गरिएको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । तीन दिनसम्म चल्ने बैठकको मंगलबार संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीतेन्द्रनारायण देवले उद्घाटन गर्नुभयो। उद्घाटनमा बोल्दै मन्त्री देवले हवाई सेवाको सुरक्षाको क्षेत्रमा दक्षिण एसियाली मुलुकहरूबीच भएको यस्तो खालको बैठकले आपसी देशमा हवाई उडान सुरक्षाका लागि साझा धारण बनाउनेमा फलदायी हुने बताउनुभयो।

नागरिक उड्डन प्राधिकरणका महानिर्देशक सञ्जीव गौतमले दक्षिण एसियाको उड्डन क्षेत्रमा भएको नयाँ खोज र नयाँ खाले रणनीतिक योजना बनाउनको लागि बैठक उपलब्धि हुने बताउनुभयो। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ) को एसिया प्रशान्त क्षेत्रका क्षेत्रीय निर्देशक अरूण मिश्रले दक्षिण एसियाली मुलुकको एक आपसको सहकार्य र रणनीतिक योजनाले पछिल्ला दिनमा हवाई यात्रा सुरक्षित बन्दै गएको र यो बैठकले अझ सुरक्षित हवाई यात्राको योजना बनाउन सहयोग पुग्ने बताउनुभयो।

सन् १९९७ मा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको पहलमा यो संस्था स्थापना भएको हो। हाल बंगलादेशले संस्थाको अध्यक्षयता ग्रहण गरिरहेको छ। कोस्क्याप-एसएका अध्यक्ष हुसेन जलिलले उडान र सुरक्षाको हिसाबले एसियाको उडान क्षेत्र स्तरीय रहेको बताउनुभयो। बैठकले कोस्क्याप-एसएको दक्षिण एशियाली मुलुकको नागरिक उड्डयन सुरक्षा र सेवाको बारेमा वार्षिक कार्ययोजना तय गर्नेछ।

# कालोबजारी गर्ने चार जना भारतीय पक्राउ

काठमाडौं, (नेस)

म्याद सकिएका खाने तेलका प्याकेट जर्किनमा खन्याएर आफैंले पेलेको तेल भन्दै बेच्ने चार जना भारतीय नागरिक मंगलबार चावहिलबाट पक्राउ परेका छन्।

मंगलबार आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले अनुगमनका क्रममा भारतीय नागरिक राजेश चौरासियाको कवाडी पसलबाट म्याद नाघेको र खान अयोग्य तेल बिक्री वितरण गरेको पाइएको हो। अनुगमनपछि विभागले राजेश चौरासियासहित तेल बिक्रीकर्ता सरिता चौरासिया, खरिदकर्ता बालेश्वर साह र राम सहोरतलाई पक्राउ गरी महानगरीय प्रहरी वित्त गौशालालाई बुझाएको छ।

म्याद गुज्रिएका खानेतेल प्याकेट भाँडोमा खन्याएर बेच्ने गरेको प्राप्त उजुरीका आधारमा विभागले अनुगमन गरेको थियो। अनुगमनका क्रममा ८० लिटर तेल भाँडोमा खनाइएको भेटिएको विभागका पंवक्ता लक्ष्मण श्रेष्ठले बताउनुभयो। व्याच नम्बर, उत्पादन मिति, उपभोग्य मिति लगायत लेवलमा खुलाउनु पर्ने विवरणहरू मेटिएका पुरानो बिगुल, उत्तम, गंगा लगायत विभिन्न ब्राण्डका खाने तेलहरू प्याकेटबाट जर्किनमा खन्याई विक्रि वितरण गरेको पाइएको प्रवक्ता श्रेष्ठले बताउनुभयो।

पक्राउ परेका चारैजनालाई कालो बजार तथा अन्य केहि सामाजिक अपराध तथा सजाय ऐन, २०३२ बमोजिम थप सजाय ऐन, २०३२ बमोजिम थप कारबाहीका लागि महानगरीय प्रहरी वृत्त गौशाला पठाइएको छ।

# न्यानो लुगा खरिदका एक अर्ब अख्तियारी

नेपाल समाचारपत्र

काठमाडौं

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तराईका बाढीपीडितलाई घर मर्मतका साथै तत्काल चिसोबाट जोगाउन न्यानो लुगा खरिदका लागि वितरण गर्न गृह मन्त्रालयलाई १ अर्ब ४ करोड ५ लाख ५० हजार रुपियाँको अख्तियारी दिएको छ।

बाढीका कारण पूर्ण रूपमा घर क्षति भएका ४१ हजार ६ सय २६ घरधुरीलाई प्रतिपरिवार घर मर्मत गर्न १५ हजार र न्यानो कपडा खरिदका लागि १० हजार रुपियाँ वितरण गर्ने गरी प्राधिकरणले उक्त रकम गृह मन्त्रालयलाई आइतबार अख्तियारी दिएको प्राधिकरणका निमित्त सचिव यमलाल भुसालले जानकारी दिनुभयो।

प्राधिकरणअन्तर्गतको बाढी पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना प्रमुख डा. सुमन कर्णले तराईमा अत्याधिक चिसोका कारण जनजीवन प्रभावित भएकाले तत्काल राहत स्वरूप घर मर्मत गर्न र न्यायो लुगा खरिदका लागि प्रभावित जिल्लाका जिल्ला विपद् व्यवस्थापन समितिमार्फत् रकम वितरणको प्रक्रिया शुरू गरिने बताउनुभयो।




## नेपाल हाईड्रो एण्ड ईलेक्ट्रिक लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

nhe

यस **नेपाल हाईड्रो एण्ड ईलेक्ट्रिक लिमिटेडको तेह्रौं वार्षिक साधारणसभा** पुर्व जानकारी गराइए बमोजिम २०७४ साल माघ १९ गते (तद्नुसार फेब्रुअरी २, २०१८) का दिन बिहान ११:०० बजे बुटवल स्थित कम्पनीको रजिष्टर्ड कार्यालयमा बस्ने भएकोले उक्त दिन हुने वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा रितपूर्वक प्रतिनिधि मुकरर गरि पठाइदिनु हुन सबै शेयरधनी महानुभावहरूमा अनुरोध गरिएको छ । संस्थागत शेयरधनीले शेयरधनीको हैसियतले सभामा भाग लिन रितपूर्वक प्रतिनिधि मुकरर गरि पठाइदिनु हुन अनुरोध गरिएको छ ।

**मिति :** २०७४/१०/१९
**समय :** बिहान ११:०० बजे ।
**स्थान :** बुटवल स्थित कम्पनीको रजिष्टर्ड कार्यालय, रूपन्देही ।

**तेह्रौ वार्षिक साधारण सभामा छलफलको लागि पेश गरिने प्रस्तावित बिषयहरु:**

१) सभाको वैधानिकता बारे छलफल र कार्यसूचीको अनुमोदन गर्ने ।
२) तेह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
३) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७४ साल आषाढ मसान्तको वासलात तथा मिति २०७३/४/१ देखि २०७४/३/३१ सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाहको बिवरण पारित गर्ने ।
४) आ.व. २०७४/७५ मा संस्थाको हरहिसाबको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

**विशेष प्रस्ताव:**

५) सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीको चुक्ता पूँजीको ५ प्रतिशत वोनस शेयर र ५ प्रतिशत नगद लाभांश (कर प्रयोजनका लागि लाग्ने बराबरको रकम समेत) पारित गर्ने ।
६) बोनस शेयर मार्फत पूँजी बृद्धि गर्न कम्पनीको प्रबन्ध-पत्रमा आवश्यक संशोधनको विशेष प्रस्ताव पारित गर्ने बारे ।
७) शेयरधनि बुटवल पावर कम्पनीले कम्पनी ऐन, २०६३ को दफा ७७ (२) बमोजिम पेश गरेको शेयर संख्याको अनुपातमा सञ्चालक समिति पुनर्गठनको प्रस्ताव बारे ।
८) बैंक कर्जा सिमा (Loan Limit) सम्बन्धमा ।
९) विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को- अपरेटिभ लिमिटेड केन्द्रीय कार्यालय तथा सदस्य सेवा केन्द्रका देहायका ऋणी सदस्यलाई

## कर्जाको साँवा/व्याज बुझाउन आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित मिति २०७४/०९/२६ गते बुधबार

यस संस्थाबाट कर्जा लिनु हुने तपशिल बमोजिमका ऋणी सदस्यहरुले संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दै दस्तुर रकम धनी सस्थासंग गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त कबुलियतको उल्लंघन गरेको तथा संस्थाले पटक -पटक लिखित मौखीक एवं स्थलगत भेटघाट आदि बाट तरताकेता गर्दा समेत साँवा, ब्याजको रकम भुक्तानी वा नियमित गर्न नआएकोले यो **३५ दिने अत्यन्त जरूरी सार्बजनिक सूचना** प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिल **३५ दिन** भित्र यस संस्थामा उपस्थित भई आफुले लगेको कर्जा को साँवा, ब्याज, हर्जना तथा अन्य दै-दस्तुर समेत सम्पुर्ण रकम चुक्ता भुक्तान गरी कर्जा फर फारक गर्नु गराउनु होला । तोकिएको समय सम्म पनि उल्लेखित अनुसार हुने गरी बुझाउन नआएमा कर्जाको सुरक्षणको लागि लेखिदिएको चल अचल सम्पत्ति सहकारी ऐन -२०४८, सहकारी नियमावली-२०४९, यस सस्थाको कर्जा लगानी तथा असुली सम्बन्धी नियमावली-२०६३ अनुसार तथा ऋणी सदस्य, सोसँग सम्बन्धित अन्य पक्ष र धनी संस्था बिच भए गरेको सर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा कर्जाको साक्षी एवम धनजमानी बस्ने व्यक्ति तथा सम्बन्धित अन्य पक्षहरुलाई प्रचलित कानुन बमोजिम आबश्यक अन्य कुनै कार्यबाही र ब्यबस्था गरी संस्थाले आफ्नो लेना रकम अशुल उपर गरी लिने ब्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सुचित गरिन्छ ।

| क्र.स. | ऋणी सदस्यको बिबरण | धितोको विवरण |
|---|---|---|
| १. |  श्री टेक बहादुर कार्कीको नाति श्री भैर बहादुर कार्कीको छोरा जिल्ला सिन्धुली महादेवडांडा गा.वि.स. वडा नं. ६ बस्ने **श्री शान्तीमान कार्की ।** | ऋणी श्री शान्तीमान कार्कीको नाममा मालपोत कार्यालय चावहिल काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला चुनिखेल गा.वि.स. वडा नं. १ ख को कित्ता नं. २९२ को क्षेत्रफल ०-३-३-२ र कित्ता नं. २९५ को क्षेत्रफल ०-०-२-२ को जग्गा लगायत जग्गामा रहेको सम्पूर्ण लिग लिगापात समेत । |
| २. |  श्री विष्णु बहादुर मल्लको नाति श्री नर बहादुर मल्लको छोरा जिल्ला म्यग्दी पिप्ले गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल जिल्ला काठमाण्डौं खड्गभद्रकाली गा.वि.स. वडा नं. ३ बस्ने **श्री दलिप कुमार मल्ल ।** | ऋणी श्री दलिप कुमार मल्लको नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला सरस्वती गा.वि.स. वडा नं. ६ ख को कित्ता नं. २१० को क्षेत्रफल ३-१३-१-० को जग्गा लगायत जग्गामा रहेको सम्पूर्ण लिग लिगापात समेत । |

**कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**
**KALYAN UPAKAR SAVING & CREDIT CO-OPERATIVE LTD.**
**केन्द्रीय कार्यालय:** जावलाखेल-१३, ललितपुर, फोन : ५५५५६४६, ५५५५९१५, फ्याक्स नं.५५५४०००
**सेवा केन्द्रहरु :** » गोंगबु-२९ काठमाडौं » नयाँ बानेश्वर-३४ काठमाडौं » कमलविनायक -४ भक्तपुर
साविक कल्याण से.ए.क्रे.को-अप.लि., ललितपुर र उपकार से.ए.क्रे. को-अप. लि., काठमाडौं एकिकरण भएको संस्था

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
www.newsofnepal.com

# ललिता र नंग्जा फाइनलमा

कविरस शर्मा, विर्तामोड

राखेप च्याम्पियनसिप २७औं पुरुष र आठौं महिला राष्ट्रिय बक्सिङ प्रतियोगिताअन्तर्गत चौथो दिन नेपाल आर्मीकी ललिता महर्जन र एपीएफकी नंग्जा बुढामगर उपाधिनजिक पुगेका छन्।

महिला लाइट फ्लाइवेटको ४८ केजी तौल समूहमा ललिताले नेपाल प्रहरीकी दिवाना शेर्मालाई अंकको आधारमा पराजित गरिन्। नंग्जाले सोही तौल समूहमा भक्तपुरकी शर्मिला लामालाई अंकको आधारमा हराएर ललितासँग भेट पक्का गरेकी हुन्।

यसैगरी ५१ केजी तौल समूहमा सहोदर दाङबासी दिदी-बहिनीको भेट हुँदा बहिनी बिमला थापामगरले आर्मीकी गीताकुमारी थापामगरका लागि खेल परित्याग गरेकी थिइन्। सोही तौल समूहमा एपीएफकी माला राईले नक्सालकी रोशनी राईलाई ५-० अंकको आधारमा पराजित गरेकी थिइन्।

महिला वेन्टमवेटको ५४ केजी तौल समूहमा आर्मीकी विमला श्रेष्ठ फाइनलमा प्रवेश गरेकी छिन्। विमलाले एपीएफकी माया चौधरीलाई ५-० अंककै आधारमा पाखा लगाएकी थिइन्। सोही तौल समूहको अर्को खेलमा भक्तपुरकी निता गोसाईले मकवानपुरकी सन्जुमाया थिंगलाई पराजित गरिन्। त्यस्तै ५७ केजी तौल समूहमा एपीएफकी सञ्जु लामा फाइनल पुग्दा ६० केजी तौल समूहमा एपीएफकी संगीता सुनारले काठमाडौंकी मन्दिरा पुतुवारसँग भेट पक्का गरिन्। ६४ केजी तौल समूहमा आर्मीकी पुनम राउत र एपीएफकी बिनिता थापामगर, ६९ केजी तौल समूहमा एपीएफकी मनिता राई र नेपाल प्रहरीकी अनुराधा लामा र ७५ केजी तौल समूहमा एपीएफकी सरस्वती राणा र आर्मीकी सबिना श्रेष्ठ फाइनलमा प्रवेश गरेका छन्।

झापाको बिर्तामोड बजारमा जारी प्रतियोगिताको पुरुष सेमिफाइनलको ४९ केजी तौल समूहमा सुनसरीका सुलभ राज तुलाधरले आर्मीका तेजबहादुर देउवाले फाइनलमा स्थान बनाए। ५२ केजी तौल समूहमा आर्मीका प्रेम चौधरी र एपीएफका विक्रम परियार र ५६ केजी तौल समूहमा एपीएफका पुरन राई र विमल रोका स्वर्णका लागि भिड्ने भएका छन्।

यसै गरी ६० केजी तौल समूहमा झापाका प्रकाश लिम्बू ईजाम र आर्मीका एकबहादुर घले, ६४ केजी तौल समूहमा आर्मीका दीपक श्रेष्ठ र प्रहरीका भूपेन थापामगर, ६९ केजी तौल समूहमा आर्मीका विष्णु घले र एपीएफका विकास लामा, ७५ केजी तौल समूहमा आर्मीका दिपेश लामा र एपीएफका कौशलजंग थापा, ८१ केजी तौल समूहमा झापाका मनोहर बस्नेत (म्याक्स) र टिकापुरका सौजन थापा, ९१ केजी तौल समूहमा आर्मीका श्याम खड्का र एपीएफका गोकुल गुरुङ र ९१ केजीभन्दा माथिको तौल समूहमा आर्मीका आशिष दुवाडी र केन्द्रीय बक्सिंग प्रशिक्षणका मेघ डेनियल लामाले स्वर्णका लागि भिँड्नेछन्।

# एपीएफ उपाधि जित्ने तरखरमा



नेपाल समाचारपत्र

काठमाडौं

नेपाल एपीएफ क्लब लगातार २ जित हात पार्दै १६औं राष्ट्रिय महिला लिगको उपाधि जित्ने तरखरमा पुगेको छ।

मंगलबार एन्फा कम्प्लेक्समा सुपरलिगको खेलमा एपीएफले त्रिभुवन आर्मी क्लबलाई २-१ ले हराएर उपाधि जित्ने तरखर गरेको हो। यो एपीएफको दोस्रो जित थियो भने आर्मीको पहिलो हार थियो। खेलमा अग्रता आर्मीले लिएको थियो। कप्तान कृष्णा खत्रीले १७औं मिनेटमा गोल गरेर आर्मीलाई १-० को अग्रता दिलाएकी हुन्।

गोलकिपर एन्जीला तुम्बाम्पो सुब्बाको गल्तीको फाइदा कृष्णाले लिएकी थिइन्। आर्मीले एक गोलको अग्रतासागै लिग चरणमा एपीएफसँग हारेको बदला लिने संकेत गरेको थियो। तर दोस्रो हाफमा अनिता केसी र अनिता बस्नेतले एक-एक गोल फर्काएपछि एपीएफले आर्मीलाई पुन निरास पार्‍यो। केसीले ५०औं मिनेटमा बराबरी गोल गर्दा बस्नेतले ८३औं मिनेटमा ३ डिफेन्डरलाई छक्याएर सुन्दर गोल गरेकी थिइन्।

यसअघिको खेलमा नेपाल पुलिस क्लबले सुदूरपश्चिमलाई १-० गोलअन्तरले हरायो। १ मात्र गोल रूपा मगरले ३१औं मिनेटमा गरेकी थिइन्। पुलिसको यो २ खेलमा पहिलो जितसमेत थियो। बिहीबार लिगको अन्तिम दिन एपीएफले पुलिससँग र अंकविहीन टोली सुदूरको आर्मीसँग प्रतिस्पर्धा हुनेछ। पुलिस र आर्मीको २/२ अंक रहेको छ।

## धरहरा

### खुशी होइन, खबरदारी जरुरी



सप्तरीका बाढीपीडित तथा भोजपुर र तेह्रथुमका अग्निपीडितले सहुलियतमा कर्जा पाउने भएका छन्। भोजपुर बजार र तेह्रथुमको संक्रान्तिमा भएको आगलागीबाट क्षति भएका ३४ परिवारले शहरी क्षेत्रमा अधिकतम् २५ लाख र अन्य स्थानमा अधिकतम १५ लाख रुपियाँका दरले ऋण पाउने भएका हुन्।

सप्तरीमा बाढी तथा डुवानबाट घर र व्यवसायमा क्षति पुगेकाहरूले अधिकतम १५ लाख रुपियाँ कर्जा पाउनेछन्। यसका लागि राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई पुन: कर्जा उपलब्ध गराउने बताएको छ। राष्ट्र बैंकले मंगलबार परिपत्र जारी गर्दै यस्तो बताएको हो। सहुलियत कर्जाका लागि पीडितहरूले जिल्ला दैवीप्रकोप उद्धार समितिको सिफारिस जुटाउनुपर्नेछ।

घर पुनर्निर्माणका लागि उपलब्ध हुने यस्तो कर्जा सरकारी कारोबार गर्ने बैंकहरूले जारी गर्न पाउनेछन्। अधिकतम २ प्रतिशत व्याजसहितको कर्जा भुक्तानीको अवधि ५ देखि १० वर्ष तोकिएको छ। यस्तो खबरले पीडित परिवारलाई ढिलै भए पनि खुसीको खबर मिलेको छ। धरहरा पनि पीडित परिवारलाई बधाई तथा शुभकामना दिँदै खुसी बाढ्न चाहन्छ।

तर पीडित परिवारका लागि अघि सारिएको यस्तो योजना पहिलो र नयाँ भने होइन। पुनर्निर्माण प्राधिकरणले भूकम्पपीडितहरूका लागि २ प्रतिशत व्याजदरमा ऋण उपलब्ध गराउन अघि सारेको योजनामा राष्ट्र बैंक सकारात्मक भए पनि बैंकहरूले ठाडो कान नलगाउँदा गर्भमै तुहिएको छ। त्यसैले योजना ल्याउँदैमा खुशी नबनौं, योजना कार्यान्वयनमा निरन्तर खबरदारी गरौं।

# नेपाल पराजित

काठमाडौं, (नेस)

पाकिस्तानमा भइरहेको पाँचौं नेत्रहीन एकदिवसीय विश्वकप क्रिकेटमा नेपाल आयोजक राष्ट्रसँग ९ विकेटले पराजित भएको छ। मंगलबार भएको खेलमा नेपालले २ सय ५९ रनको लक्ष्य दिएकोमा पाकिस्तानले १ विकेटको क्षतिमा १९ ओभरमै जित दर्ता गरेको थियो।

# भुटानलाई हराउँदै रूपन्देही क्वाटरफाइनलमा

हेमन्त पौडेल, कैलाली

अग्नि रूपन्देही ११ धनगढीमा जारी दोस्रो आमन्त्रित अन्तर्राष्ट्रिय नेपाल आईस सुदूरपश्चिम खप्तड गोल्डकपको क्वाटरफाइनलमा प्रवेश गरेको छ।

भुटानको ड्रुकस्टार क्लबलाई ३-२ ले हराउँदै रूपन्देही अन्तिम आठमा पुगेको हो। टोलीको जितमा अमर डंगोलले २२ औं र ३८औं मिनेटमा गोल गरेका थिए। म्यान अफ द म्याच घोषित हुँदै अमरले १० हजार नगद पनि हात पारे। त्यस्तै मनिष थापाले ६९औं मिनेटमा टोलीका लागि तेस्रो गोल गरे।

ड्रुक स्टारको तर्फबाट ५८औं मिनेटमा क्वीन्गा चव्गे र अतिरिक्त समयको दोस्रो मिनेटमा एसी दोर्जीले गोल फर्काएका थिए। यद्यपि भुटानले ८९औं मिनेटमा पाएको पेनाल्टी खेर फालेको थियो। गौतम श्रेष्ठले डी बक्समा फाउल गरेपछि ड्रुकस्टारले पेनाल्टी पाएको थियो तर पेनाल्टीमा केजङ वाङजीको प्रहारलाई रूपन्देहीका गोल किपर सुजित गुरुङले बचाएका थिए।

रूपन्देहीका प्रशिक्षक दयाराम सापकोटाले टीमले सोचेअनुसारको खेल्न नसकेको भन्दै अर्को खेलमा अझ सुधार गरेर खेल्ने बताए। 'हामीले सोचेअनुसारको खेल्न सकेनौं तर पनि जितमा खुसी छौं' -उनले भने।

# खेलपत्रकारिता तालिम शुरू

हेटौंडा, (नेस)

हेटौंडामा मंगलबारबाट २ दिने खेल पत्रकारिता तालिम शुरू भएको छ। सुमन भोम्जन स्मृति खेलकुद प्रतिष्ठान, नेपाल पत्रकार महासंघ मकवानपुर तथा नेपाल खेलकुद पत्रकार मञ्च मकवानपुरको संयुक्त आयोजनामा तालिम भएको हो। हेटौंडाका करिब २ दर्जन पत्रकारको सहभागिता रहेको तालिम उद्घाटन कार्यक्रममा खेलकुद पत्रकार मञ्च केन्द्रीय महासचिव प्रकाश तिमल्सिनाले मोफसलमा रहेर खेल पत्रकारिताको अवस्था नियाल्न र यसलाई अझ बढी तिखार्न तालिम जरुरी रहने बताए।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ